मिति २०८०/१२/१५ नगरकार्यपालिकाबाट स्विकृत

# हाम्रो गौरव, हाम्रो भरतपुर
## स्थानीय पाठ्यक्रम

आधारभूत तह (कक्षा १-८)

२०८०

**स्थानीय पाठ्यक्रम, २०८०**

भरतपुर महानगरपालिका, चितवन

## सल्लाहकार

नगर प्रमुख श्री रेनु दाहाल
नगर उपप्रमुख श्री चित्रसेन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत श्री नरेन्द्रकुमार राना

## पाठ्यक्रम परिमार्जन तथा शिक्षक निर्देशिका लेखन समिति

संयोजक श्री महेन्द्रप्रसाद पौड्याल – नगर शिक्षा अधिकारी
सदस्य – श्री बाबुराम दवाडी – नगर शिक्षा समिति सदस्य
सदस्य – श्री रमाकान्त शर्मा – शिक्षाविद्
सदस्य – श्री रमाकान्त सापकोटा – शिक्षाविद्
सदस्य – श्री बटुकलाल तमाङ – प्रधानाध्यापक, अन्नपूर्णा माध्यमिक विद्यालय पार्वतीपुर, भरतपुर-२१
सदस्य – श्री टीकाराम चापागाई – प्रिन्सिपल, गुरुकुल माध्यमिक विद्यालय, भरतपुर -९
सदस्य – श्री सुशिलबाबु खनाल – शिक्षाविद्
सदस्य – श्री रमा घिमिरे – निवृत्त शिक्षक, नारायणी नमुना माध्यमिक विद्यालय, भरतपुर -१०
सदस्य सचिव – श्री दिपक सिग्देल – अधिकृतस्तर आठौँ, भरतपुर महानगरपालिका, चितवन
आमन्त्रित सदस्य – श्री विनिता श्रेष्ठ – (सामाजिक शिक्षक, माध्यमिक तह) प्रभात माध्यमिक विद्यालय, भरतपुर- २८

## प्राविधिक सहयोग

समावेसी शिक्षा परियोजना

## विशेष सहयोग

गणेश प्रसाद भट्टराई, निर्देशक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर


## प्रकाशक

भरतपुर महानगरपालिका, चितवन


© भरतपुर महानगरपालिका


## आवरण तस्वीर

भरतपुर महानगरपालिका


प्रथम संस्करणः २०७६
द्वितीय परिमार्जित संस्करणः २०८०

मुद्रकः
**सिद्धबाबा प्रेस प्रा.लि.**
भरतपुर, चितवन

# भूमिका

पाठ्यक्रम शिक्षण सिकाइको मार्गदर्शन हो । पाठ्यक्रमकै माध्यमबाट सिकाइको क्षेत्र, क्रम, समय, तह र प्रक्रियालाई व्यवस्थित गर्न सकिन्छ । पाठ्यक्रमले बालबालिकाको मनोविज्ञान र स्थानीय परिवेश एवम् आवश्यकतालाई समेत सम्बोधन गर्न सकेमा मात्र सिकाइले सार्थकता र दिगोपन प्राप्त गर्न सक्दछ । बालबालिकाको सिकाइ विश्वव्यापीकरण र स्थानीयकरण दुबै पक्षबाट प्रभावित हुन्छ । विश्वव्यापीकरणको क्षेत्रलाई केन्द्रीय पाठ्यक्रमले समेटेको हुन्छ भने स्थानीय पाठ्यक्रमले स्थानीयकरणको क्षेत्रलाई समेटेको हुन्छ । भाषिक, सांस्कृतिक, भौगोलिक विविधता युक्त समाजमा केन्द्रीय पाठ्यक्रमले देशका सबै क्षेत्र, वर्ग, संस्कृति र परिवेशहरूलाई पूर्ण रूपमा समेट्न सम्भव नहुने भएकाले नै राष्ट्रिय पाठ्यक्रममा स्थानीय विषयको प्रावधान राखिएको देखिन्छ । स्थानीयस्तरमा भएका विभिन्न सम्पदा, संस्कृति, परम्परागत सिप र सभ्यतालाई समेटेर बालबालिकाको सिकाइलाई पूर्णता दिन स्थानीय पाठ्यक्रमको व्यवस्था गरिएको हुन्छ ।

नेपालमा विद्यालय तहको पाठ्यक्रममा आधारभूत तहमा कक्षा १ देखि ८ सम्म १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रमको व्यवस्था गरिएको छ । यसरी आधारभूत तहको पाठ्यक्रममा स्थानीय पाठ्यक्रमको छुट्टै व्यवस्था गरिएको हुनाले स्थानीय पाठ्यक्रम बिनाको शिक्षण सिकाइ अधुरो नै रहने हुन्छ । स्थानीय पाठ्यक्रममा एकरुपता ल्याउन पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रम प्रारुप, २०७१ तयार पारी कार्यान्वयन मार्ग दर्शन, २०७६ समेत जारी भइसकेको छ । सोही प्रावधानअनुसार भरतपुर महानगरपालिकाले ऐतिहासिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक, राजनैतिक एवम् पर्यटकीय महत्त्व बोकेको मध्ये नेपालको सुन्दर सहर भरतपुर महानगरपालिकाको बारेमा विद्यालय तहका विद्यार्थीलाई जानकारी गराउने र यस महानगरको समग्र विकासमा विद्यालय तहबाटै सकारात्मक सोच र धारणा विकास गराउनु आजको आवश्यकता हो । यसैलाई पूरा गर्नका लागि राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तु समेटी हाम्रो गौरव, हाम्रो भरतपुर विषयको स्थानीय पाठ्यक्रम तयार पारी कार्यान्वयनमा ल्याइएकोमा सोको कार्यान्वयनका क्रममा सरोकारवालाबाट प्राप्त पृष्ठपोषण तथा सुझावका आधारमा यो परिमार्जित संस्करण नगर कार्यपालिकाबाट मिति २०८०।१२। १५ स्वीकृत भएको छ ।

भरतपुर महानगरपालिकाभित्रका सबै पक्षलाई समेट्ने प्रयास स्वरुप यस पाठ्यक्रममा देहायका क्षेत्रहरू राखिएको र यसको क्षेत्र र क्रम तथा विस्तृतीकरण समेत समेटिएको छः

क्षेत्र १ : भरतपुर महानगर र यसको आसपासका क्षेत्रको परिचय
क्षेत्र २ : स्थानीय भाषा, संस्कृति, कला, साहित्य र खेलकुद
क्षेत्र ३ : स्थानीय पर्यटन
क्षेत्र ४ : स्थानीय कृषि व्यवसाय
क्षेत्र ५ : स्थानीय व्यवसाय, पेसा र प्रविधि
क्षेत्र ६ : स्थानीय प्राकृतिक सम्पदाको दिगो उपयोग तथा संरक्षण
क्षेत्र ७ : स्थानीय तहमा विपत् व्यवस्थापन तथा सुरक्षा सतर्कता
क्षेत्र ८ : सहरी विकास, प्रदूषण तथा फोहोर व्यवस्थापन
क्षेत्र ९ : व्यवहारकुशल सिपहरू (Soft Skills)

यो परिमार्जित पाठ्यक्रम नगर प्रमुख श्री रेनु दाहाल, उपप्रमुख श्री चित्रसेन अधिकारी, प्रमुख प्रशासकीय अधिकृत श्री नरेन्द्रकुमार राना, कार्यपालिकाका सदस्यहरू, पाठ्यक्रम निर्माण कार्यदलका अध्यक्ष तथा नगर शिक्षा अधिकारी महेन्द्रप्रसाद पौड्याल र समग्र कार्यदल, शैक्षिक प्रशासन महाशाखाका प्रमुख एवम् समस्त कर्मचारी, विभिन्न विषयका विज्ञ एवम् शिक्षक तथा सरोकारवालासँगको व्यापक बहस, छलफल, अन्तरक्रिया र सहमतिबाट तयार गरिएको हो । यस पाठ्यक्रमलाई मूर्त रुप दिई प्राविधिक तथा प्रकाशन कार्यमा पुर्याउनलाई उल्लेखनीय योगदान र सहकार्यका लागि समावेशी शिक्षा परियोजनालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । यसको लेखन, सम्पादन, भाषा शुद्धीकरण लगायतका कार्यमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक श्री गणेश प्रसाद भट्टराई र पाठ्यक्रम निर्माण कार्यदलका सदस्यहरू लगाययतको महत्त्वपूर्ण भूमिका र योगदान रहेको छ । समाजसेवी, साहित्यकार, प्राध्यापक, शिक्षक, लेखक, संघसंस्थाका प्रतिनिधिज्यूहरूबाट प्राप्त सल्लाह र सुझावलाई स-सम्मान समेट्ने प्रयास गरिएको छ । यस परिमार्जित संस्कारणलाई पूर्णता दिन प्रत्यक्ष-अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सबैमा हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछौं ।

भरतपुर महानगरपालिका

# विषयसूची


| विषयवस्तु | पेज नं. |
|---|---|
| स्थानीय पाठ्यक्रमको ढाँचा | १ |
| **भाग - एक : स्थानीय पाठ्यक्रमको अवधारणा** | **२-६** |
| १. स्थानीय पाठ्यक्रम परिचय | २ |
| २. स्थानीय पाठ्यक्रमको महत्त्व र विशेषता | २ |
| ३. स्थानीय पाठ्यक्रमको सम्बन्धमा भएको व्यवस्था | ३ |
| ४. स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया | ६ |
| ५. शिक्षण सिकाइ प्रक्रिया | ६ |
| ६. मूल्याङ्कन प्रणाली | ६ |
| **भाग - दुई : हाम्रो गौरव, हाम्रो भरतपुर** | **७-७४** |
| १. परिचय | ७ |
| २. तहगत सक्षमता | ८ |
| ३. कक्षागत सिकाइ उपलब्धि | ८ |
| ४. विषयवस्तुको क्षेत्र र क्रम | १४ |
| ५. विषयवस्तुको विस्तृतीकरण | १८ |
| ६. पाठ्यघण्टी र अङ्क विभाजन तालिका | ७५ |
| **शिक्षण सहजीकरण मार्गदर्शन** | ७६ |
| **सिकाइ सहजीकरणका विधिहरु** | ७७ |
| **मूल्याङ्कन प्रक्रिया र यसको रूपरेखा** | ८० |

# स्थानीय पाठ्यक्रमको ढाँचा

**स्थानीय पाठ्यक्रमको शीर्षक :** हाम्रो गौरव, हाम्रो भरतपुर

**तह :** आधारभूत तह

**पूर्णाङ्क :** १००

**साप्ताहिक पाठ्यघण्टा :** कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टा
र कक्षा ४-८ मा ४ पाठ्यघण्टा

**जम्मा पाठ्यघण्टा :** कक्षा १-३ मा वार्षिक कार्य घण्टा १६०
र कक्षा ४-८ मा वार्षिक कार्य घण्टा १२८

**विद्यार्थी मूल्याङ्कन प्रक्रिया :**

- कक्षा १-३ मा : निरन्तर मूल्याङ्कन प्रणाली - १०० अंक
- कक्षा ४-८ मा : आन्तरिक मूल्याङ्कन - ५० अंक
  : बाह्य मूल्याङ्कन - ५० अंक

# भाग : एक
# स्थानीय पाठ्यक्रमको अवधारणा

### १. स्थानीय पाठ्यक्रम परिचय

राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तुहरूलाई समेटेर विद्यार्थीको सिकाइलाई पूर्णता दिन स्थानीय स्तरमा नै तयार पारी शिक्षण गरिने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ। स्थानीय पाठ्यक्रममा स्थानीय सभ्यता, संस्कृति, सम्पदा, व्यवसाय, परम्परागत सिप र प्रविधि आदिलाई समेटिएको हुन्छ। प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ अनुसार "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो।" त्यसै गरी प्राथमिक तहको पाठ्यक्रम निर्माण निर्देशिकाअनुसार स्थानीय आवश्यकता, विषय क्षेत्र, विषय वस्तु, शैक्षणिक व्यवस्था र सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको सैद्धधान्तिक अवधारणाका रूपमा स्वीकारेको देखिन्छ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनसम्बन्धी स्रोत सामग्री, २०६८ अनुसार "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ, जसले स्थानीयतालाई जोड दिन्छ।" उल्लिखित परिभाषालाई हेर्दा स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिएको पाठ्यक्रम हो। यसले त्यस समाजका आवश्यकतालाई सम्बोधन गर्छ। सिकारुलाई सिक्नमा उत्प्रेरित गर्छ। सिकाइलाई स्थायी र व्यावहारिक बनाउँछ। शिक्षक र विद्यार्थी बिच सामीप्य ल्याउँछ। समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ। परम्परा, मूल्य र मान्यतालाई जगेर्ना गर्छ। नयाँ सिप, प्रविधिलाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्न सहयोग गर्छ। समुन्नत, समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुऱ्याउँछ।

पाठ्यक्रममा सिकारुका लागि स्थानीय आवश्यकता र सन्दर्भमा आधारित विषयवस्तु समावेश गरिनुपर्दछ भन्ने भनाइका आधारमा स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणालाई विश्लेषण गर्न सकिन्छ।

स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place-based education theory) ले वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थीसामु फरक ढङ्गले राख्न स्थानीय पाठ्यक्रम निर्माण हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ। त्यस्तै सामाजिक पुनर्संरचनावादी सिद्धान्त (Social Reconstructivism Theory) ले पाठ्यक्रम निर्माणमा सामाजिक आवश्यकता, सामाजिक मुद्दा, सामयिक विचार र भविष्यपरक आशा उल्लेख गर्नुपर्ने कुरामा जोड दिन्छ (Murray Print, 1998)।

### २. स्थानीय पाठ्यक्रमको महत्त्व र विशेषता

स्थानीय पाठ्यक्रम प्रारूप, २०७१ ले स्थानीय पाठ्यक्रमको विशेषता एवम् महत्त्वलाई निम्नलिखित बुँदामा समेटेको देखिन्छ :

- स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकताको परिपूर्ति गर्छ।
- यो स्थानीय मागमा आधारित हुन्छ।
- यसले स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्छ।
- यसले स्थानीय स्तरमा नै सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चितता गर्छ।
- अपनत्वको भावनाको विकास गराउँछ।
- यसले स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ।

- रोजगार तथा स्वरोजगारको सिर्जना गर्छ ।
- यसले सैद्धान्तिकभन्दा व्यावहारिक पक्षमा जोड दिन्छ ।
- विद्यार्थी केन्द्रित र प्रयोगात्मक विधिमा जोड दिन्छ ।

**३. स्थानीय पाठ्यक्रमको सम्बन्धमा भएको व्यवस्था**

स्थानीय पाठ्यक्रमलाई अवधारणागत रूपमा प्रस्ट्याउने क्रममा नेपालका विभिन्न दस्ताबेजमा रहेका प्रावधानलाई हेर्नुपर्छ । हाल कार्यान्वयनमा रहेका नीतिहरूमा स्थानीय पाठ्यक्रमका बारेमा निम्नानुसार उल्लेख भएको छ :

**३.१ नेपालको संविधान**

वि.सं. २०७२ सालमा जारी नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ। यसको उपधारा (२)मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ। अतः यसलाई व्यवहारतः कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रममार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ। यसका लागि स्थानीय पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयन नै एक सशक्त माध्यम रहेको छ।

**३.२ पन्ध्रौं योजना** (२०७६/०७७–२०७९/०८०)

पन्ध्रौं योजनाको उद्देश्य प्राप्तिका लागि परिलक्षित मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सिपमा आधारित पाठ्यक्रममार्फत् सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने रणनीतिलाई विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकताअनुसार माध्यम भाषाको रूपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई सङ्घीय तहबाट तोकिएको मापदण्डबमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने छ भन्ने कार्यनीतिमार्फत प्राप्त गर्ने व्यवस्था गरिएको छ।

**३.३ स्थानीय सरकार सञ्चालन ऐन,** २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ। यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ।

**३.४ राष्ट्रिय पाठ्यक्रम प्रारूप,** २०६३

नेपाल सरकारले विद्यालय शिक्षाको मूल दस्तावेजका रूपमा २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरिएको थियो । पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेकाले नेपालमा निम्नानुसारका अभ्यास हुन थालेको पाइन्छ भनी यस प्रारूपले उल्लेख गरेको छ :

(क) स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने

(ख) केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषय, विषयवस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने

(ग) स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने

**३.५ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६**

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १–३ मा साप्ताहिक पाठ्यभार ५ अर्थात् वार्षिक १६० घण्टी र कक्षा ४–८ मा यसका लागि ४ पाठ्यभार अर्थात् वार्षिक १२८ घण्टी छुट्याइएको छ। उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ।

**३.६ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९**

२०४६ सालको आन्दोलनपछि २०४७ साल फागुन १४ गते गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ सालमा सरकारसमक्ष प्रतिवेदन पेस गरेको थियो। यस प्रतिवेदनले परिवर्तित सन्दर्भलाई अङ्गीकार गरी भावी पाठ्यक्रमका बारेमा देहायबमोजिमको समस्या उल्लेख गर्दै विभिन्न विषयमा सिफारिस गरेको छ :

(क) ग्रामीण परिवेशसँग सान्दर्भिक कार्यकलाप पाठ्यक्रममा नराख्नका कारण धेरैजसो केटाकेटी विद्यालयका शैक्षिक क्रियाकलापमा कुनै चाख दिँदैनन् र विद्यालय छोडिदिन्छन्।

(ख) जातीय जीवनका विविध पक्षलाई पाठ्यक्रममा समुचित रूपले समायोजन गरी ज्ञान र समझदारीको विकास गर्नुपर्दछ।

(ग) प्राथमिक तहको पाठ्यक्रमलाई देशको आवश्यकता सुहाउँदो सान्दर्भिक र व्यावहारिक बनाउनुपर्ने आवश्यकता छ। यसलाई क्षेत्रीय वा स्थानीय आवश्यकतालाई सुहाउँदा व्यवस्था गर्नु उपयुक्त हुन्छ।

(घ) कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै पाठ्यक्रम तयार गरी लागु गर्न चाहेमा त्यस्तो पाठ्यक्रम शिक्षाका उद्देश्य र लक्ष्यसँग तालमेल खानुपर्छ र नेपाल सरकार, शिक्षा मन्त्रालयबाट स्वीकृत गरिएको हुनुपर्छ।

**३.७ विद्यालय क्षेत्र विकास योजना**

सन् २०१६ देखि सन् २०२२ सम्मलका लागि ल्याइएको विद्यालय क्षेत्र विकास योजनाले सिप सिकाउने सन्दर्भमा परम्परागत तथा स्थानीय ज्ञानको प्रयोग कसरी भइरहेको छ, सोको खोजी गर्ने र मातृभाषा, राष्ट्रिय भाषा तथा अन्तर्राष्ट्रिय भाषा गरी शिक्षण सिकाइका माध्यमका रूपमा त्रैभाषिक नीति अवलम्बन गर्ने व्यवस्था गरेबाट स्थानीय मातृभाषाको जगेर्ना र प्रयोगलाई संवर्धन गरेको छ।

### ३.८ प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ र २०६५

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ तथा २०६५ ले प्राथमिक तह (१-५) मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरेको छ। यसमा निम्नानुसार हुनुपर्ने व्यवस्था गरिएको छ :

(क) विद्यालयमा पठन पाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने

(ख) मातृभाषाको पठनपाठन गराउन नसकिने विद्यालयमा स्थानीय तहका लागि उपयोगी पेसा व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि स्थानीय विषय छनोट गरी पठन पाठन गराउन सकिने

(ग) मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने छ। जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तर र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्रस्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने

(घ) पाठ्यक्रममा स्थानीय अंश : सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्य सामग्री विद्यालय आफैँले निर्माण गर्न सक्ने छन्। यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि ३२ घन्टी, सिर्जनात्मक कलाका लागि १९ घन्टी र शारीरिक शिक्षाका लागि १२ घन्टी निर्धारण गरिएको

(ङ) स्थानीय विषयको पाठ्यक्रमअन्तर्गत संस्कृतका विषयवस्तु पनि पठनपाठन गर्न सकिने

### ३.९ आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम, २०७६

आधारभूत तहमा पाठयक्रम निर्माण तथा कार्यान्वयन गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

(क) स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन्। स्थानीय विषयअन्तर्गत मातृभाषा वा मातृभाषा र स्थानीय विषय समावेश गर्नुपर्ने छ। सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ। स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ। संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदरसा, किरात मुन्धुमजस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गरिने छ।

(ख) संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १-३) लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ। यस शिक्षामा मातृभाषाका सटट्ामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, किरात लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ।

(ग) कक्षा १–३ को कूल पाठ्यघण्टा २६ मध्ये ५ पाठ्यघण्टाको मातृभाषा/स्थानीय विषय समावेश गर्नुपर्ने व्यवस्था छ। यसप्रकार स्थानीय पाठ्यक्रमका लागि वार्षिक १६० कार्यघण्टा छुट्याइएको छ भने यस्तो पाठ्यक्रम निर्माण तथा कार्यान्वयन विद्यालयहरूको समेत सहभागितामा स्थानीय तहले नै गर्नुपर्नेछ।

### ३.१० आधारभूत शिक्षा (कक्षा ४–५) पाठ्यक्रम, २०७८ र (कक्षा ६–८) पाठ्यक्रम, २०७७

१. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन्। सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरुसँग पनि सम्बन्धित गराउन'पर्ने छ। स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्व्यमा विकास गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ।

२. संस्कृत तथा परम्परागत शिक्षाआतर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षासरहको शिक्षा प्रदान गरिने छ। यसअन्तर्गत सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिने छ। मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत भाषा, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा इत्यादि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ।

आभारभूत तहको कक्षा ४ देखि ८ सम्मको पाठ्यक्रममा विद्यमान प्राथमिक तह कक्षा १-३ को पाठ्यक्रमभन्दा केही फरक व्यवस्था गरिएको छ। यसमा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यघण्टा ४ र पूर्णाङ्क १०० र पाठ्यघण्टा १२८ कायम गरिएको छ। संस्कृत र गुरुकुल शिक्षातर्फ स्थानीय पाठ्यक्रमका बारेमा व्यवस्था गरिएको छैन भने गोन्पा तथा विहार शिक्षातर्फ स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य विषय भनी पाठ्यघण्टा ४ र पूर्णाङ्क १०० कायम गरिएको छ। यी विषयलाई प्रस्ट पार्दै भनिएको छ :

### ४. स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया

स्थानीय पाठ्यक्रम निर्माण गर्न सर्वप्रथम भरतपुर महानगरपालिकाअन्तर्गगत शैक्षिक प्रशासन महाशाखाले महानगरपालिकाबाट स्थानीय पाठ्यक्रम निर्माण गर्ने कार्यक्रम पारित गरियो । त्यसपछि शाखाले स्थानीय बुद्धिजीवी, समाजसेवी, राजनीति कर्मी, प्रधानाध्यापक, शिक्षक, पूर्व प्रधानाध्यापक, सङ्घसंस्थाका प्रतिनिधि, महानगरपालिकाका प्रमुख, उपप्रमुख, सामाजिक विकास समितिका संयोजकसहितको कार्यशाला आयोजना गरी भरतपुर महानगरपालिका र आसपासका विषयवस्तु समेटेर विषयवस्तु तयार पारियो। यस कार्यशालाले दिएका सुझावहरू समेतलाई समेटेर मस्यौदा तयार पार्न विषयगत विज्ञ शिक्षकहरू सम्मिलित कार्यदल तयार पारिएको थियो । कार्यदलका सदस्यहरूले स्थानीय पाठ्यक्रम प्रारूपसमेतको अध्ययन गरेर मस्यौदा तयार पारेपछि उक्त मस्यौदालाई विशेषज्ञ समूहद्वारा आवश्यक परिमार्जन र सुधार गरी अन्तिम रूप दिइएको हो। यसअन्तर्गत नौओटा विषय क्षेत्र समेटेर आधारभूत तह कक्षा १-८ का लागि १०० पूर्णाङ्कको हाम्रो गौरव, हाम्रो भरतपुर नामक.स्थानीय पाठ्यक्रम विकास गरिएको हो।

### ५. शिक्षण सिकाइ प्रक्रिया

स्थानीय पाठ्यक्रम तहगत पाठ्यक्रमकै एक अंश भएको हुनाले यसको शिक्षण सिकाइ प्रक्रिया पनि सामान्यतया अन्य विषयकै जस्तो हो तर यसको शिक्षण सिकाइ प्रक्रियामा बालकेन्द्रित, सामग्रीकेन्द्रित र प्रयोगात्मक पद्धति अपनाउनुपर्दछ। यो पाठ्यक्रम शिक्षण सिकाइका लागि अपनाउन सकिने शिक्षण सिकाइ क्रियाकलापहरू अनुसूची दुईमा दिइएको छ।

### ६. मूल्याङ्कन प्रणाली

वर्तमान पाठ्यक्रमले आधारभूत तहसम्म विद्यार्थी मूल्याङ्कनमा निर्माणात्मक र निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ। कक्षा १–३ मा निरन्तर विद्यार्थी मूल्याङ्कनकै आधारमा शतप्रतिशत, कक्षा ४–८ मा ५० प्रतिशत आन्तरिक मुल्याङ्कन र ५० प्रतिशत बाहय मूल्याङ्कनका आधारमा गर्नुपर्ने प्रावधान छ। मूल्याङ्कन गर्दा तोकिएको पद्धतिलाई अपनाइने छ। स्थानीय पाठ्यक्रमका विषयमा विद्यार्थीले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा व्यवसायका काम गरेर एवम् स्वयम् कार्याभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन् । यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रूपमा निरन्तर गरिनुपर्दछ। यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापको अवलोकन, अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी वर्गकै साथी समूहको राय प्रतिक्रिया आदि उपयोगी हुन्छन्। विद्यार्थीलाई स्थानीय सिप सिकाउने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरी अभिभावकको आय आर्जनमा पनि सहयोग पुग्न सक्छ। त्यस कारण स्थानीय पाठ्यक्रमबमोजिमको मूल्याङ्कनमा लिखित परीक्षालाई भन्दा प्रयोगात्मक र निरन्तर मूल्याङ्कनलाई नै बढी जोड दिनुपर्दछ। तोकिएका ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियो व्यवस्थित गरी राख्नुपर्दछ । आवश्यकताअनुसार लिखित, मौखिक र परियोजना कार्यहरूबाट पनि मूल्याङ्कन गर्न सकिन्छ।

# भाग : दुई

# हाम्रो गौरव, हाम्रो भरतपुर

## १. परिचय

चितवन जिल्ला आफैँमा एक उर्वर र विविध भौगोलिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवम् पर्यटकीय महत्त्व बोकेको जिल्ला हो । पर्याप्त स्रोत साधन, अवसर र जनशक्ति भएर पनि यो जिल्लामा थप विकास र उन्नतिका कार्य अझै बाँकी नै रहेका छन् । यस स्थितिलाई सुधार गर्न बालबालिकामा सानै कक्षादेखि आफ्नो क्षेत्रमा हुने र गर्न सकिने कृषि कार्य र साना व्यवसायबाट प्राप्त हुने आयले जीवन निर्वाहमा सहयोग पुऱ्याउने, स्वस्थ जीवन बिताउन पाइने एवम् अन्य आय आर्जन गर्न सकिने कुरामा सकारात्मक धारणा बस्न सकोस् भन्ने हेतुले यो स्थानीय पाठ्यक्रम तयार गरिएको हो । साथै बालबालिकामा बचत गर्ने बानी र आधारभूत पक्ष एवम् व्यावहारिक पक्षका बारेमा समेत परिचित गराई भविष्यमा स्थानीय पुँजीको सदुपयोग गर्दै स्वदेशमा नै स्वरोजगारीको सिर्जना गर्नतर्फ उद्यत् गराउने उद्देश्यले सहकारितालाई पनि विद्यार्थीको स्तर अनुसार समावेश गरिएको छ । त्यसै गरी चितवन जिल्ला प्राकृतिक प्रकोपका दृष्टिले उच्च जोखिममा रहेको र बाढी, पहिरो, चट्याङ, आगलागी, सडक दुर्घटनालगायतका विपद् जहिले पनि आइ पर्न सक्ने हुनाले त्यसतर्फ बालबालिकालाई सुसूचित गराई विपद्का बेला कमभन्दा कम क्षति हुने अवस्थाको सिर्जना गर्न विपद् व्यवस्थापन र भूकम्पीय सुरक्षासम्बन्धी विषयवस्तु पनि यसै पाठ्यक्रममा समावेश गरिएको छ ।

खास गरी भरतपुर र चितवन क्षेत्रको सभ्यता र यहाँको सांस्कृतिक अवस्था, धार्मिक तथा ऐतिहासिक महत्त्वका बारेमा बालबालिकाहरूलाई जानकारी गराई आफ्नो भूमिप्रति आकर्षण र सम्मान भाव पैदा गराउनु यसको महत्त्वपूर्ण लक्ष रहेको छ । यसरी यस पाठ्यक्रमलाई कुनै खास विषय मात्र थोपरेर आवश्यक अन्य विषय छुटाउनुभन्दा विद्यार्थीका लागि आवश्यक विविध विषय समेटेर यसलाई एकीकृत पाठ्यक्रमका रूपमा विकास गरिएको छ ।

यस पाठ्यक्रमले कक्षा १ देखि ८ सम्मका बालबालिकामा आफ्नो लागि आफैँ काम गर्ने बानीको विकास गर्न प्रेरित गर्दछ । साथै कृषिकार्य र घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तु तथा आन्तरिक पर्यटन व्यवसायबाट लाभ हुने कुरा जानकारी लिई आय आर्जन हुनेप्रति सकारात्मक धारणाको विकास गर्न मद्दत गर्दछ । त्यसै गरी उद्यमशीलताको भावना विकास गरी आर्थिक विकासमा टेवा पुऱ्याउन यसले मद्दत गर्दछ । विपद् व्यवस्थापनका उपायहरू अवलम्बन गरी आफू सुरक्षित रहन र अरुलाई सुरक्षित राख्न समेत यस पाठ्यक्रमले मद्दत गर्ने अपेक्षा राखिएको छ । आफ्नो क्षेत्रको भौगोलिक, सांस्कृतिक, ऐतिहासिक महत्त्व बुझेर त्यसप्रति गर्व गर्न, संरक्षण संवर्धनमा सहयोग पुऱ्याउनसमेत प्रेरित गर्दछ ।

## २. तहगत सक्षमता

आधारभूत तह (कक्षा १-८) को अन्त्यमा विद्यार्थीहरुमा निम्नलिखित सक्षमता हासिल हुनेछन् ।

१. भरतपुर महानगर र यसको आसपासका क्षेत्रको परिचय

२. स्थानीय भाषा, सँस्कृति, कला, साहित्य र खेलकुद

३. स्थानीय पर्यटन

४. स्थानीय कृषि व्यवसाय

५. स्थानीय व्यवसाय, पेसा र प्रविधि

६. स्थानीय प्राकृतिक सम्पदाको दिगो उपयोग तथा संरक्षण

७. स्थानीय तहमा विपद् व्यवस्थापन तथा सुरक्षा सतर्कता

८. सहरी विकास, प्रदूषण तथा फोहोर व्यवस्थापन

९. दैनिक जीवनमा उपयोगी व्यवहारकुशल सिपहरु तथा आधारभूत ज्ञान

## ३. कक्षागत सिकाइ उपलब्धि

यस पाठ्यक्रमको कार्यान्वयन पश्चात आधारभूत तह कक्षा (१-८)का बालबालिकामा निम्न अनुसारका सिकाइ उपलब्धिहरु हासिल हुनेछन् ।

**कक्षा १**

| क.सं. | सिकाइ उपलब्धि |
|---|---|
| १ | आफू, आफ्नो टोल, टोल विकास संस्था र टोल विकास समितिको परिचय दिन |
| २ | आफ्नो टोल वा वडामा बसोबास गर्ने समुदाय |
| ३ | आफू बसेको, छिमेक, टोल र वडामा भएका पर्यटकीय स्थलहरूको नाम |
| ४ | आफ्नो भान्सामा दैनिक प्रयोग हुने तरकारी तथा फलफूलको नाम<br>आफूले दैनिक रूपमा उपभोग गर्ने खाद्यान्नको नाम<br>घरमा पालिने पशुपन्छी तथा जनावरको नाम |
| ५ | आफ्नो परिवार वा छिमेकीका पेसा, व्यवसायको नाम र काम<br>स्थानीय रैथाने प्रविधिको नाम र काम |
| ६ | स्थानीय क्षेत्रमा पाइने औषधीजन्य बोटबिरुवा र जनावरको नाम |
| ७ | घर, कक्षा कोठाभित्र र विद्यालय परिसरमा हुन सक्ने दुर्घटना र असल बानी |
| ८ | घर र विद्यालयमा उत्पादन हुने कुहिने र नकुहिने फोहोर चिन्ने, छुट्टाउने र सही ठाउँमा राख्ने व्यवहार |
| ९ | अभिवादन<br>स्वव्यवस्थापन<br>अरुको विचार सुन्ने<br>हाउभाउसहित संवाद,<br>मोबाइलको प्रयोग<br>साथीलाई सहयोग<br>जिज्ञासु -समूहमा खेल |

**कक्षा २**

| क.सं. | सिकाइ उपलब्धि |
|---|---|
| १ | वडा समितिको संरचना, प्रमुख काम, भौगोलिक दिशा/सिमाना पहिचान |
| २ | आफ्नो टोल वा समुदायमा मनाइने चाडपर्व |
| ३ | –आफ्नो वडाभित्रका पर्यटकीय स्थलहरूको नाम लेखन तथा परिचय |
| ४ | आफ्नो टोलमा उपलब्ध तरकारी, फलफूल, खाद्यवस्तु, दलहन<br>स्थानीय स्तरमा पाइने घरपालुवा पशुपन्छी, तथा जनावरको नाम<br>स्थानीय स्तरमा कृषि क्षेत्रमा प्रयोग हुने औजारको नाम |
| ५ | स्थानीय स्तरमा सञ्चालन रहेका स्वरोजगार व्यवसायको नाम र काम<br>स्थानीय स्तरमा निर्माण गर्न सकिने रैथाने स्रोत माटो, पराल, बाँस, खर, पटरी, काँस र काठबाट निर्मित सामग्रीको नाम र काम |
| ६ | स्थानीय क्षेत्रमा पाइने औषधीजन्य बिरुवा पाइने स्थान र पानीको स्रोत<br>घरपालुवा जनावर र बन्यजन्तुको पहिचान |
| ७ | पानी र आगोले पुऱ्याउने धनजनको क्षति र सतर्कता |
| ८ | फोहोरका स्रोत चिन्ने र स्रोतमा नै फोहोरको वर्गीकरण गरेर छुट्टाउन सक्ने |
| ९ | अभिवादन<br>समय व्यवस्थापन<br>इमानदारी/ स्व अनुशासन<br>जिम्मेवारी<br>असल अभ्यास |

**कक्षा ३**

| क.सं. | सिकाइ उपलब्धि |
|---|---|
| १ | आफू बसेको वडामा बसोबास गर्ने जातजातिको सूचीकरण |
| २ | आफ्नो टोल वा समुदायमा बोलिने भाषा |
| ३ | पर्यटक र पर्यटन<br>आफ्नो वडाभित्रका पर्यटकीय गतिविधिको सूचीकरण |
| ४ | स्थानीय स्तरमा पाइने मुख्य तरकारी, खाद्यान्न र फलफूलको नाम र बीजारोपण गर्ने उपयुक्त समय<br>खाद्यान्न तथा तरकारीको संरक्षण<br>कृषिसम्बन्धी औजार र कुटानी पिसानी मिलको नाम |
| ५ | स्थानीय प्रविधिबाट उत्पादित वस्तु तथा सेवा |
| ६ | स्थानीय क्षेत्रमा पाइने औषधीजन्य बिरुवा, चरा तथा महत्त्वपूर्ण वन्यजन्तु<br>स्थानीय जलस्रोत |
| ७ | सामान्य ट्राफिक सङ्केत र सडक सुरक्षा |

| | |
|---|---|
| ८ | पूर्वधार र अवसरका आधारमा गाउँ र सहरको फरक छुट्याउने, पुनः उपयोग गर्न सकिने वस्तु छुट्याउने |
| ९ | विविधताको सम्मान,<br>सकारात्मक धारणा विकास<br>स्वावलम्बी<br>असल बानी व्यवहार अबलम्बन |

**कक्षा ४**

| क.सं. | सिकाइ उपलब्धि |
|---|---|
| १ | महानगरको नाम, वडा सङ्ख्या तथा कार्य पालिकको बनोट, भौगोलिक सीमा, आसपासको परिचय |
| २ | आफ्नो टोल वा समुदायको रहनसहन तथा भेषभूषा |
| ३ | छिमेकी वडाहरूमा रहेको पर्यटकीय स्थलहरूको पहिचान<br>पर्यटकीय स्थलहरूको सरसफाइ |
| ४ | माटो तयारी, तरकारी र फलफूलका बेर्ना उमार्ने, सार्ने, रोगबाट जोगाउने जैविक उपचार र सुरक्षित गर्ने तरिका<br>तरकारी, फलफूल र खाद्यान्न बालीमा सिँचाइ प्रणाली |
| ५ | आफ्नो टोलमा प्रचलनमा रहेका परम्परागत र आधुनिक प्रविधि उत्पादन र प्रयोग<br>डिजिटल साक्षरता |
| ६ | व्यवस्थापनका आधारमा स्थानीय वनको नाम भन्न, स्थानीय औषधीजन्य फलफुलका रुख बिरुवा र जलस्रोत तथा सिमसार |
| ७ | वनजङ्गलका सिमानाका बस्तीहरूमा वा वनजङ्गल जाँदा हुन सक्ने जोखिमहरू र सुरक्षाका उपाय |
| ८ | सहरी विकासका लागि पूर्वाधार निर्माणको महत्त्व बताउन सहरी विकाससँगै आउने फोहोरले निम्त्याउने वातावरण प्रदूषणबारे जानकारी दिन |
| ९ | निजी, पारिवारिक र सार्वजनिक सम्पत्तिको उदाहरण<br>निजी, पारिवारिक र सार्वजनिक सम्पत्तिको प्रयोग र जतन<br>पैतृक/ पारिवारिक सम्पत्तिको खोज, पहिचान र संरक्षण |

**कक्षा ५**

| क.सं. | सिकाइ उपलब्धि |
|---|---|
| १ | वडाबाट प्रदान गरिने मुख्य मुख्य सेवा, वडामा रहेका सेवा प्रदायक संस्थाहरूको पहिचान गरी तिनले प्रदान गर्ने सेवा सुविधा |
| २ | समाजमा पहिचान बनाएका स्थानीय कलाकर्मी, खेलाडी, साहित्यकार र समाजसेवी |
| ३ | महानगरभित्रका पर्यटकीय स्थलहरूको पहिचान, पर्यटकीय आकर्षण र पर्यटकहरूसँग गरिने व्यवहार |
| ४ | जैविक मलखाद<br>स्थानीय स्तरमा पुष्प खेती र मौरीपालन व्यवसाय गर्ने तरिका<br>करेसाबारी वा कौसीखेती |
| ५ | मोबाइल एप्सको प्रयोगबाट सेवा लिने तथा बिल भुक्तानी<br>स्थानीय स्तरमा भएका अस्पतालको छोटो परिचय |

| | |
|---|---|
| ६ | स्थानीय वनक्षेत्रमा पाइने औषधीजन्य रुख  बिरुवाको संरक्षण<br>स्थानीय क्षेत्रमा भएका जलस्रोतको संरक्षण र उपयोग |
| ७ | सम्भावित प्राकृतिक बिपद्हरू, मानव जीवनमा पुऱ्याउन सक्ने क्षति, सुरक्षाका उपाय |
| ८ | वातावरण मैत्री विकास र आर आर आरको अवधाराणा प्रयोग गर्न |
| ९ | सहनशीला र खुल्लापन<br>लोकतान्त्रिक सहभागितात्मक, समावेशिता |

**कक्षा ६**

| क.सं. | सिकाइ उपलब्धि |
|---|---|
| १ | महानगरको नक्सा बनाउन,  सिमाना,  क्षेत्रफल, जनसाङ्ख्यिक बनोटको विषयमा छलफल गर्न र सामाजिक, आर्थिक,  धार्मिक, सांस्कृतिक, पर्यटकीय रूपले  विशेष पहिचान बनाएका स्थान |
| २ | स्थानीय खाना तथा परिकार |
| ३ | महानगरभित्रका पर्यटकीय स्थलहरूको प्रकार<br>महानगरभित्रका पर्यटकीय स्थलहरूको संरक्षण,पर्यटकीय क्रियाकलाप, पर्यटन व्यवसायको प्रवद्धनका लागि चाल्नुपर्ने कदम<br>पर्यटन व्यवसायको महत्त्व |
| ४ | मल्चिङ प्रविधि र ग्रीन हाउस टनेल<br>बेमौसमी तरकारी र खाद्यान्न बाली<br>बेमौसमी तरकारी र खाद्यान्नमा लाग्ने रोग र नियन्त्रणको उपाय |
| ५ | स्थानीय स्तरमा सञ्चालन हुन सक्ने पेसा, व्यवसाय र रोजगारको सम्भावना<br>इमेल तथा इन्टरनेटको प्रयोग स्थानीय स्तरमा भएको उद्योग कलकारखानाको छोटो परिचय |
| ६ | चितवन राष्ट्रिय निकुञ्ज, रामसार र सिमसार क्षेत्र<br>स्थानीय क्षेत्रमा प्राकृतिक वस्तु (ढुङ्गा, माटो, बालुवा, गिट्टी) पाइने ठाउँको सूची |
| ७ | बिपद्का कारण र न्यूनीकरणका उपाय |
| ८ | महानगरमा बर्षाको पानी, ढल व्यवस्थापनको अवस्थाबारे जानकारी, घर र विद्यालयमा उत्पादन हुने जैविक फोहोरबाट कम्पोष्ट बनाउने तरिका बताउन |
| ९ | स्थानीय कच्चा पदार्थबाट वस्तु तथा सेवाको उत्पादन र प्रयोग<br>वा<br>आफ्नो र अन्यको धर्म संस्कृति, मूल्य मान्यता, चालचलन र विश्वासबारे समानता र भिन्नता<br>फारोतिरो गर्ने बानी<br>बजारिया र महँगो सामानको सट्टा घरायसी स्थानीय उत्पादन प्रयोगमा जोड |

**कक्षा ७**

| क.सं. | सिकाइ उपलब्धि |
|---|---|
| १ | महानगरको ऐतिहासिक, भौगोलिक मौसमी अवस्थाको खोजी तथा शैक्षिक, एवम् स्वास्थ्य सुविधाको अवस्था |
| २ | स्थानीय कला, साहित्य तथा संस्कृति |
| ३ | महानगरभित्रका मुख्य पर्यटकीय गन्तव्यहरूको छोटो वर्णन र पर्यटकीय व्यवसाय प्रवर्धनका लागि भएका प्रयास पहिचान |
| ४ | स्थानीय स्तरमा पशुपालन, पन्छीपालन र मत्स्यपालन<br>घर तथा विद्यालयमा करेसाबारी निर्माण तथा प्राङ्गारिक उत्पादन<br>स्थानीय नगदे र खाद्यान्न बाली |
| ५ | वृत्तिको परिचय<br>स्थानीय स्तरमा अवलम्बन गर्न सकिने पेसा, व्यवसाय र स्वरोजगारको तुलना<br>डिजिटल स्रोत सामग्रीको पहुँच र प्रयोग |
| ६ | चितवन राष्ट्रिय मध्यवर्ती क्षेत्र जैविक मार्गको (बरण्डाभार)<br>स्थानीय वनमा पाइने जडीबुटीको महत्त्वपूर्ण भाग र प्रशोधन<br>सिमसार, रामसार क्षेत्रको व्यवस्थापन (विस हजारी ताल) |
| ७ | बिपद्को पूर्वानुमान र सुरक्षा तयारी |
| ८ | महानगर भित्रका गौरवका पूर्वाधारबारे जानाकारी, घर, विद्यालयमा उत्पादित जैविक फोहोरबाट तयार गरिएको कम्पोष्ट मलको प्रयोग गरी करेसा र कौसीखेती गर्न, फुलबारी बनाउन |
| ९ | आत्मानुशासन<br>समावेशिता<br>स्वतन्त्रता<br>तनाव व्यवस्थापन |

**कक्षा ८**

| क.सं. | सिकाइ उपलब्धि |
|---|---|
| १ | महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा लिने र दायित्व पूरा गर्ने क्रममा सूचना प्रविधिको प्रयोग |
| २ | महानगरभित्रका सांस्कृतिक सभ्यता |
| ३ | पर्यटन व्यवसायका लागि आवश्यक आधारभूत सिप तथा व्यवस्थापकीय कार्यको सूचीकरण, लेकसाइट सर्किट<br>पर्यटन व्यवसायको सम्भावना |

| | |
|---|---|
| ४ | कृषि व्यवसायका लागि लगानी सहयोगका स्रोत पहिचान तथा कृषि बजारीकरण<br>स्थानीय हाट बजार<br>स्थानीय फलफूल खेती |
| ५ | वृत्ति मार्गदर्शन र कामको संसार<br>पढ्दै कमाउँदै कार्यक्रमको परिचय<br>कृत्रिम बौद्धिकता<br>समूह सिकाइ |
| ६ | चितवन राष्ट्रिय निकुञ्ज तथा आसपासका क्षेत्रमा पाईने महत्त्वपूर्ण जनावरको परिचय र महत्त्व तथा संरक्षणका लागि प्रयास<br>स्थानीय स्तरमा पाइने प्राकृतिक वस्तु (ढुङ्गा, माटो, बालुवा, गिट्टी) उपयोग र व्यवस्थापन |
| ७ | मौसम परिवर्तनले निम्त्याउने जोखिम र अनुकूलनका उपाय |
| ८ | स्वस्थ जीवनशैलीबारे बताउन, हराभरा सफा सहरको दृष्टिकोण बताउन, हरितघर र विद्यालय निर्माणमा सहयोगी भूमिका निर्वाह गर्न |
| ९ | प्राविधिक साक्षरताको ज्ञान र प्रयोग |

## ४ विषयवस्तुको क्षेत्र र क्रम

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| भरतपुर महानगर र यसको आसपासका क्षेत्रको परिचय | – आफू, आफ्नो टोल र टोल विकास संस्था र टोल विकास समितिको परिचय दिन | – वडा समितिको संरचना, प्रमुख काम, भौगोलिक सिमाना उल्लेख गर्न | – आफू बसेको वडामा बसोबास गर्ने जातजातिको सूचीकरण गर्न | – महानगरको नाम, वडा सङ्ख्या तथा कार्यपालिकाको बनोट , भौगोलिक दिशा/ आसपासको परिचय दिन | – वडाबाट प्रदान गरिने मुख्य मुख्य सेवा, वडामा रहेका सेवा प्रदायक संस्थाको परिचय दिन | – महानगरको नक्सा बनाउन, सिमाना, क्षेत्रफल, जनसाङ्ख्यिक बनोटको विषयमा छलफल गर्न र सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय रूपले विशेष पहिचान बनाएका स्थान उल्लेख गर्न | – महानगरको ऐतिहासिक, भौगोलिक मौसमी अवस्थाको खोजी तथा शैक्षिक , एवम् स्वास्थ्य सुविधाको परिचय दिन | – महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा लिने र दायित्व पूरा गर्ने क्रममा सूचना प्रविधिको प्रयोग गर्न |
| स्थानीय भाषा, सँस्कृति, कला, साहित्य र खेलकुद | – आफ्नो टोल वा वडामा बसोबास गर्ने समुदाय | – आफ्नो टोल वा समुदायमा मनाइने चाडपर्व | –आफ्नो टोल वा समुदायमा बोलिने भाषा | – आफ्नो टोल वा समुदायको रहनसहन तथा भेशभूषा | – समाजमा पहिचान बनाएका स्थानीय कलाकर्मी, खेलाडी तथा साहित्यकार तथा समाजसेवी | – स्थानीय खाना तथा परिकार | – स्थानीय कला साहित्य तथा संस्कृति | – महानगर भित्रका सांस्कृतिक सभ्यता |
| स्थानीय पर्यटन | –आफू बसेको छिमेक टोल र वडामा भएका पर्यटकीय स्थलहरूको नाम बताउन | – वडाभित्रका पर्यटकीय स्थलहरूको नाम लेख्न<br>–पर्यटकीय स्थलको छोटो परिचय दिन | –पर्यटन र पर्यटकको परिचय दिन<br>–पर्यटकीय गतिविधिको सूचीकरण गर्न | –छिमेकी वडाहरूमा रहेको पर्यटकीय स्थलको पहिचान गर्न र पर्यटकीय स्थलहरूको सरसफाइमा सहभागी हुन<br>–घर वरपर बाटो घाटोको सरसफाइ गर्न | –महानगरभित्रका पर्यटकीय स्थलहरूको पहिचान गर्न<br>–महानगरका मुख्य पर्यटकीय आकर्षण पहिचान गर्न<br>–पर्यटकसँग शिष्टाचार संवाद/व्यवहार गर्न | –महानगरभित्रका पर्यटकीय स्थलहरूको प्रकार, संरक्षण गर्ने कार्यमा सहयोग पुर्‍याउन<br>–पर्यटकीय क्रियाकलाप<br>–महानगरभित्रका पर्यटन व्यवसायको महत्त्व बताउन | –महानगरभित्रका मुख्य पर्यटकीय गन्तव्यको छोटो वर्णन गर्न<br>–पर्यटन व्यवसायको प्रवर्धनका लागि भएका प्रयास पहिचान गर्न<br>–पर्यटन व्यवसायको प्रवर्धनका लागि चाल्नु पर्ने कदमहरू बताउन | –पर्यटन व्यवसायका लागि आवश्यक आधारभूत सिप तथा व्यवस्थापकीय कार्यको सूचीकरण गर्न<br>– भरतपुर महानगरपालिकाका लेकसाइट सर्किटको खोजी गर्न<br>–महानगरपालिकामा पर्यटन व्यवसायको सम्भावनाबारे बताउन, खोजी गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्थानीय कृषि व्यवसाय | –आफ्नो भान्सामा दैनिक प्रयोग हुने तरकारी तथा फलफूलको नाम लेख्न<br>–आफूले दैनिक रूपमा उपभोग गर्ने खाद्यान्नको नाम लेख्न<br>–घरमा पालिने पशुपन्छीको नाम लेख्न | – आफ्नो टोलमा उपलब्ध तरकारी, फलफूल, खाद्यवस्तु, दलहनको नाम लेख्न<br>– स्थानीय स्तरमा पाइने घरपालुवा पशुपन्छी तथा जनावरको नाम लेख्न<br>– स्थानीय स्तरमा कृषि क्षेत्रमा प्रयोग हुने औजारको नाम लेख्न | –स्थानीय स्तरमा पाइने मुख्य तरकारी, खाद्यान्न, फलफूलको नाम र बीजारोपण गर्ने उपयुक्त समय बताउन<br>–खाद्यान्न तथा तरकारीको संरक्षण<br>– कृषि उत्पादन कुटानी पिसानी मिलको नाम लेख्न | – माटो तयारी, तरकारी र फलफूलका बेर्ना उमार्ने, सार्ने, रोगबाट जोगाउने जैविक उपचार र सुरक्षित गर्ने तरिका<br>– तरकारी, फलफूल र खाद्यान्न बालीमा सिँचाइ प्रणालीको वर्णन गर्न | – जैविक मलखादको परिचय दिन<br>– स्थानीय स्तरमा पुष्प खेती र मौरीपालन व्यवसाय गर्ने तरिका बताउन<br>– करेसाबारी वा कौसीखेती गर्न | – मल्चिङ प्रविधि र ग्रीन हाउस टनेल बनाउन<br>– बेमौसमी तरकारी र खाद्यान्न बालीको नाम भन्न<br>– बेमौसमी तरकारी र खाद्यान्नमा लाग्ने रोग र नियन्त्रणको उपाय बताउन | –स्थानीय स्तरमा पशुपालन, पन्छीपालन र मत्स्यपालन गर्न<br>–घर तथा विद्यालयमा करेसाबारी निर्माण तथा प्राङ्गारिक उत्पादन<br>– स्थानीय नगदे र खाद्यान्न बालीको परिचय दिन | –कृषि व्यवसायका लागि लगानी सहयोगका स्रोत पहिचान तथा कृषि बजारीकरण गर्न<br>–स्थानीय हाट बजार,<br>– स्थानीय फलफूल खेतीबारे जानकारी लिन |
| स्थानीय व्यवसाय, पेसा र प्रविधि | –आफ्नो परिवार वा छिमेकीका पेसा, व्यवसायको नाम र काम<br>–स्थानीय रैथाने प्रविधिको नाम र काम | –स्थानीय स्तरमा सञ्चालन रहेका स्वरोजगार व्यवसायको नाम र काम<br>–स्थानीय स्तरमा निर्माण गर्न सकिने रैथाने स्रोत माटो, पराल, बाँस, गुँद, काँस, पात र काठबाट निर्मित सामग्रीको नाम र काम | –स्थानीय प्रविधिबाट उत्पादित वस्तु तथा सेवाको सङ्क्षिप्त परिचय, आवश्यकता र महत्त्व | –आफ्नो टोलमा प्रचलनमा रहेका परम्परागत र आधुनिक प्रविधि उत्पादन र प्रयोग<br>–डिजिटल साक्षरता | –पात निर्मित सामग्री निर्माण र प्रयोग<br>–मोबाइल एप्सको प्रयोगबाट सेवा लिने तथा बिल भुक्तानी<br>–स्थानीय स्तरमा भएका अस्पतालको छोटो परिचय | –स्थानीय स्तरमा सञ्चालन हुन सक्ने पेसा, व्यवसाय र रोजगारको सम्भावना<br>– सियो धागोबाट सिलाउने,<br>– स्वेटर बुन्ने<br>– इमेल तथा इन्टरनेटको प्रयोग<br>–स्थानीय स्तरमा भएको उद्योग कलकारखानाको छोटो परिचय | – वृत्तिको परिचय<br>–स्थानीयस्तरमा अवलम्बन गर्न सकिने पेसा, व्यवसाय र स्वरोजगारको तुलना<br>–डिजिटल स्रोत सामग्रीको पहुँच र प्रयोग | – स्थानीय तहभित्रका व्यक्तिहरू संलग्न विभिन्न पेसाको सूची, ती पेसामा संलग्न व्यक्तिले गर्ने काम वा सेवा लेख्नुहोस् ।<br>–पेसा र व्यवसायको तीन तीनओटा सबल पक्ष र तीन तीनओटा दुर्बल पक्ष लेख्नुहोस् ।<br>–कम्प्युटरमा माइक्रोसफ्ट वर्डमा टाइप, कागजात प्रिन्ट, एक्सेलमा अङ्क राखी जोड, घटाउ, गुणन र भाग , पावरपोइन्ट स्लाइड तयारी र सोको प्रक्रिया |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| स्थानीय प्राकृतिक सम्पदाको दिगो उपयोग तथा संरक्षण | – स्थानीय तहभित्रका व्यक्तिहरू संलग्न विभिन्न पेसाको सूची, ती पेसामा संलग्न व्यक्तिले गर्ने काम वा सेवा लेख्नुहोस् ।<br>–पेसा र व्यवसायको तीन तीनओटा सबल पक्ष र तीन तीनओटा दुर्बल पक्ष लेख्नुहोस् ।<br>–कम्प्युटरमा माइक्रोसफ्ट वर्डमा टाइप, कागजात प्रिन्ट, एक्सेलमा अङ्क राखी जोड, घटाउ, गुणन र भाग , पावरपोइन्ट स्लाइड तयारी र सोको प्रक्रिया | –स्थानीय क्षेत्रमा पाइने औषधीजन्य बिरुवा पाइने स्थान र पानीका स्रोत<br>–घरपालुवा जनावर र वन्यजन्तुको पहिचान | –स्थानीय क्षेत्रमा पाइने औषधीजन्य बिरुवा, चरा तथा महत्त्वपूर्ण वन्यजन्तु<br>–स्थानीय जलस्रोत | –व्यवस्थापनका आधारमा स्थानीय वनको नाम भन्न तथा स्थानीय औषधी जन्य तथा फलफूलका रुखबिरुवा र जलस्रोत तथा सिमसार | –स्थानीय वन क्षेत्रमा पाइने औषधीजन्य रुख बिरुवाको संरक्षण<br>-स्थानीय क्षेत्रमा भएका जलस्रोतको संरक्षण र उपयोग | –चितवन राष्ट्रिय निकुञ्ज, रामसार र सिमसार क्षेत्र<br>–स्थानीय क्षेत्रमा प्राकृतिक वस्तु (ढुङ्गा, माटो, बालुवा, गिट्टी) पाइने ठाउँको सूची | –चितवन राष्ट्रिय मध्यवर्ती क्षेत्र, जैविक मार्गको (बरन्डाभार) | – चितवन राष्ट्रिय निकुञ्ज तथा आसपासका क्षेत्रमा पाइने महत्त्वपूर्ण जनावरको परिचय र महत्त्व तथा संरक्षणका प्रयास स्थानीय क्षेत्रमा पाइने प्राकृतिक वस्तु (ढुङ्गा, माटो, बालुवा, गिट्टी) उपयोग र व्यवस्थापनका उपाय |
| स्थानीय तहमा बिपद् व्यवस्थापन तथा सुरक्षा सतर्कता | –घर, विद्यालयमा हुन सक्ने दुर्घटनाबाट बच्न र असल बानी बसाल्न | –आगो र पानीका कारण हुने जिउधनको क्षतिबारे बताउन र सुरक्षाका उपाय अपनाउन | –ट्राफिक सङ्केतहरू चिन्न, सो अनुरूप व्यवहार गर्न, सुरक्षित बाटो काट्न | –जङ्गलभित्र जाँदा वा जङ्गल छेउमा बसोबास गर्दा जङ्गली जनावरले पुऱ्याउन सक्ने क्षतिबारे बताउन, सुरक्षाका उपाय अपनाउन | –बाढी, पहिरो, आगलागी, भूकम्पका हुने धनजनको क्षतिबारे जान्न र सुरक्षित हुन | –बिपद् प्राकृतिक र मानवीय कारण बताउन र न्यूनीकरणका उपाय बताउन सोहीअनुरूप आचरण गर्न | –बाढी, डढेलो, पहिरो, सडक दुर्घटना आदिले पार्ने प्रभावको पूर्वानुमान गर्न र आफू स्वयम्ले गर्ने तयारी बताउन र भरतपुर महानगर बिपद् व्यवस्थापन शाखाले पुऱ्याउन सक्ने सहयोगको जानकारी दिन | –जलवायु परिवर्तनले हाम्रो क्षेत्रमा पार्न सक्ने प्रभाव बताउन र सोअनुकूलको व्यवहार गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सहरी विकास, प्रदूषण तथा फोहोर व्यवस्थापन | –घर र विद्यालयमा उत्पादन हुने कुहिने र नकुहिने फोहोर चिन्ने, छुट्याउने र सही ठाउँमा राख्ने व्यवहार | –फोहोरका स्रोत चिन्ने र स्रोतमा नै फोहोरको वर्गीकरण गरेर छुट्याउन सक्ने | –पूर्वाधार र अवसरका आधारमा गाउँ र सहरको फरक छट्याउने, पुन: उपयोग गर्न सकिने वस्तु छुट्याउने | –सहरी विकासका लागि पूर्वाधार निर्माणको महत्त्व बताउन, सहरी विकाससँगै आउने फोहोरले निम्त्याउने वातावरण प्रदूषणबारे जानकारी दिन | –वातावरण मैत्री विकास र RRR को अवधारणा प्रयोग गर्न | –महानगरमा वर्षाको पानी, ढल व्यवस्थापनको अवस्थाबारे जानकारी, घर र विद्यालयमा उत्पादन हुने जैविक फोहोरबाट कम्पोस्ट बनाउने तरिका बताउन | –महानगरभित्रका गौरवका पूर्वाधारबारे जानकारी, घर विद्यालयमा उत्पादित जैविक फोहोरबाट तयार गरिएको कम्पोस्ट मलको प्रयोग गरी करेसा र कौसी खेती गर्न, फूलबारी बनाउन | –स्वस्थ जीवनशैलीबारे बताउन,<br>–हराभरा सफा सहरको दृष्टिकोण बताउन, हरित घर र विद्यालय निर्माणमा सहयोगी भूमिका निर्वाह गर्न |
| दैनिक जीवनमा उपयोगी व्यवहारकुशल सिपहरु तथा आधारभूत ज्ञान | –दैनिक क्रियाकलापमा वैयक्तिक र अन्तरवैयक्तिक सिपहरूको प्रयोग गर्न | –वैयक्तिक र अन्तरवैयक्तिक सिप प्रयोग गर्न | –विविधताको सम्मान गर्न,<br>–सकारात्मक धारणा विकास गर्न,<br>–स्वावलम्बी हुन, असल बानीव्यवहार अवलम्बन गर्न | –निजी, पारिवारिक र सार्वजनिक सम्पत्तिको सदुपयोग (प्रयोग) र संरक्षण (जतन) गर्न | –नागरिक सिपको ज्ञान र व्यवहारमा प्रयोग | –बहुसाक्षरता सिपहरूको ज्ञान र प्रयोग गर्न<br>–दैनिक खर्चमा मितव्ययिता अपनाउन | –आत्मानुशासनको पालना गर्न<br>–तनाव व्यवस्थापन<br>–स्वतन्त्रताको उपयोग गर्न<br>–समावेशिता | –प्राविधिक साक्षरताको ज्ञान र व्यवहारमा प्रयोग गर्न<br>–तनाव व्यवस्थापनका विधिहरू |

## ५. विषयवस्तुको विस्तृतीकरण

### क्षेत्र १ : भरतपुर महानगर र यसको आसपासका क्षेत्रको परिचय

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | आफू, आफ्नो टोल र टोल विकास संस्था र टोल विकास समितिको परिचय दिन | –आआफ्नो नाम,<br>–आआफ्ना आमा, बाबाको नाम<br>–आमा बाबाको फोन नम्बर<br>–परिवारको सङ्ख्या<br>–आआफ्नो टोलको नाम<br>–टोलका मुख्य चोक /बजार<br>–टोल विकास समितिको नाम<br>–आफ्नो कक्षामा भएका साथीहरू रहेका टोलको सङ्ख्या<br>–टोल विकास समितिले गर्ने मुख्य काम – आफ्नो टोलको आवश्यकताअनुसार योजना बनाउने । जस्तै: (सफाइ, खानेपानी, विद्युत्, सडक, उद्धार, राहत,अन्धविश्वास, कुरीति हटाउने, घरेलु वा सामाजिक हिंसा, वातावरण प्रदूषण, ध्वनि प्रदूषण .यान्त्रिक प्रदूषण, वालक तथा जेष्ठ नागरिक हितलगायतका विषय ) | –साथी समूह, नक्सा, टोल विकास समितिको कार्यालयका /साइनबोर्डका फोटा<br>–सबै प्राणी मिलेर समूहमा बस्ने उदाहरण<br>–मानिस समूहमा बस्ने क्रममा टोल बनेको कुरामा छलफल<br>–टोल विकास संस्था गठन तथा सञ्चालन कार्यविधि<br>–टोल विकास समितिका क्यालेन्डर /गोजीपात्रो आदि<br>–मेट्रो भरतपुर भन्ने भिजुवल<br>–अन्य श्रव्यदृश्य सामग्री<br>–पाठ्यक्रमका अनुसूची | –एकआपसमा परिचय साटासाट गर्ने<br>–टोलअनुसार बेग्ला बेग्लै समूह बनाउने<br>–नक्सामा आफ्नो आफ्नो टोल देखाउने अभ्यास गराउने<br>–मेट्रो भरतपुर भिजुवलमा देखेको र सुनेको कुरा भन्न, प्रश्न सोध्ने अवसर सिर्जना गर्ने<br>–कथा बनाउने र कथाका पात्रहरूले गरेकोकुराकानीमा आधारित गरेर टोल विकास समितिले गर्ने कामका उदाहरण प्रस्तुत गर्ने (कथा अनुसूची.... मा)<br>–आफ्ना अभिभावकसँग टोल विकासको कार्यालयको अवलोकन गर्ने परियोजना कार्य दिने | –परिचय लिने क्रममा एकले अर्कालाई सोध्ने र जवाफ खोज्न लगाउने<br>जस्तै :तपाईँको परिचय ?<br>–बाबा आमाको परिचय ? तपाईँ बसेको टोलको नाम ?<br>–टोलका मुख्य चोक /बजारको नाम ?<br>–टोल विकास समितिको नाम ?<br>–अध्यक्षको नाम ?<br>–टोलको सिमाना?<br>–कथाका आधारमा प्रश्नोत्तर अभ्यास | १७ |
| २ | वडा समितिको संरचना, प्रमुख काम, भौगोलिक सिमाना उल्लेख गर्न | –विद्यालय रहेको वडा र आफ्नो वडाको सिमाना,<br>–आफ्नो वडाको जनसङ्ख्या<br>–वडा कार्यालय भएको ठाउँ<br>–वडाका प्रमुख बजार, चोक, हाटबजार लाग्ने ठाउँ<br>–वडा समितिको संरचना-वडा अध्यक्ष, दलित महिला, जनजाती महिला र अन्य दुई गरी जम्मा पाँच जना<br>–वडा समिति/ वडा कार्यालयको मुख्य काम/मुख्य सेवा | –महानगरको /वडाको नक्सा<br>–वडा प्रोफाइल/भरतपुर मेट्रो भिडिओ<br>–स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>–वडाको नागरिक बडापत्र<br>–अन्य सान्दर्भिक श्रव्यदृश्य सामग्री | –प्रस्तुत गरेको भिडिओ /प्रोफाइलमा देखेको /सुनेको कुरा एक आपसमा सोध्ने र उत्तर खोज्ने गरी सहजीकरण गर्ने<br>–प्रस्तुत भएको वडा प्रोफाइलमा छलफल गराउने<br>–घरमा छिमेकमा सोध खोज गर्ने परियोजना कार्य दिने<br>–वडा कार्यालयको अवलोकन<br>–वडा कार्यालयमा फरक फरक सेवा लिन गएका मानिसबिचको कुराकानीमा आधारित गरी कथा बनाउने \|कथामा आधारित हुने गरी उदाहरण दिने | –वडा कार्यालयमा मा कति जना छन्? को को ? वडा समितिले के के काम गर्दो रहेछ ?<br>–सहजीकरण भएअनुसारको क्रियाकलापको आधारमा तथा कथामा आधारित हुने गरी प्रश्नोत्तर गराउने<br>–शिक्षकले सुधारमा मदत पुर्‍याउने | १७ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | आफू बसेको वडामा बसोबास गर्ने जातजातिको सूचीकरण गर्न | –धेरै टोल मिलेर वडा बनेको कुरा<br>–आफ्नो आफ्नो वडाअनुसारको परिचय र समूह निर्माण<br>–आफ्नो थर,जात<br>–नेपालका एक प्रतिशतभन्दा बढी जनसङ्ख्या रहेको १८ जातजाति र समेत गरी १४२ जातजातिमध्ये आफ्नो कक्षामा भएका जातजाति पत्ता लगाउने<br>–आफूले सुनेका जातजाति-क्षेत्री, पहाडी ब्राह्मण, मगर, थारु, तामाङ, विश्वकर्मा, मुसलमान, नेवार, यादव, राई, परियार, गुरुङ,ठकुरी, मिजार, तेली, लिम्बु, चमार /हरिजन, कोइरीलगायतक जात आदि<br>–आफू बसोबास गरेको वडामा बसोबास गर्ने जातजातिको सूचीकरण<br>–धेरै दोहोरिएको जात<br>–सबै जातजाति समान र सम्मानित बराबर<br>–वडामा जम्मा मानिस<br>–महिलाको सङ्ख्या<br>–पुरुषको सङ्ख्या<br>–बेग्ला बेग्लै जातजातिका मानिस एकै टोलमा, एउटा समूहमा, एउटा संस्थामा मिलेर बसेका उदाहरण | –वडाअनुसारको साथी समूह<br>–आफ्नो कक्षामा जातजातिको सूची<br>–वडा प्रोफाइल<br>–जनगणना २०७८अनुसार महानगरको वडागत तथाङ्कीय झलक<br>–जनगणनामा उल्लेख भएका जातजातिको सङ्ख्या /सम्बन्धित भूगोलका सम्भावित जातजातिको सूची<br>–अन्य श्रव्यदृश्य सामग्री<br>– पत्रपत्रिकाका समाचार | –वडाअनुसारको साथी समूह बनाउने, सङ्ख्या निकाल्ने<br>–बेग्लाबेग्लै जातजातिको सूची बनाउने, आफ्नो कक्षामा भएका जातजातिको सङ्ख्या निकल्ने<br>–जनगणना २०७८अनुसार महानगरको तथ्याङ्कीय झलक<br>–वडाको तथ्याङ्कमा तथा सम्बन्धित भूगोलमा रहेका जातजातिको सूचीमा थपघट गर्ने \|<br>–जातजाति मिलेर बसेका कथा बनाएर कथामा आधारित छलफल गराउने | –सहजीकरण क्रियाकलापका आधारमा प्रश्न उत्तर गर्न लगाउने शिक्षकले अवलोकन गर्ने र आवश्यक सुधार गराउने जस्तै :तपाईंको वडा नं ?<br>–तपाईंको घरको वरपर कुन कुन जातजाति छन् ?<br>–तपाईंको वडामा कति मानिस छन् ?<br>–कति महिला ? कति पुरुष ?<br>–कथामा आधारित प्रश्न गर्ने | १७ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | महानगरको नाम, वडा सङ्ख्या तथा कार्यपालिकाको बनोट , भौगोलिक दिशा/ आसपासको परिचय दिन | –महानगरको नाम,<br>–वडा सङ्ख्या,<br>–कार्यपालिका सदस्य सङ्ख्या<br>–भौगोलिक दिशा<br>–सिमाना, वरपरको भूगोल/भरतपुर महानगरसँग जोडिएका पालिका<br>–सबैभन्दा कम उचाइमा भएको ठाउँ<br>–सबै भन्दा बढी उचाइमा भएको ठाउँ<br>–जनसङ्ख्या /भूगोलको आधारमा सबै भन्दा ठुलो/सानो वडा | –नेपालको /चितवनको नक्सामा भरतपुर महानगर<br>–भरतपुर मेट्रो भिडिओ<br>–महानगर प्रोफाइल<br>–स्थानीय सरकार सञ्चालन ऐन २०७४<br>–अन्य श्रव्यदृश्य सामग्री | –प्रस्तुत भएको महानगर प्रोफाइल/नक्सामा छलफल गराउने<br>–घरमा तथा छिमेकमा सोधखोज गर्ने परियोजना कार्य दिने<br>–नेपालको नक्सामा भरतपुर भर्न लगाउने<br>–महानगरको /आफ्नो वडाको नक्सा बनाउन लगाउने | –प्रस्तुत भएको महानगर नक्सामा आफ्नो वडा देखाउनुहोस् ।<br>–घरमा छिमेकमा सोधखोज गरेको परियोजना भन्न दिने र प्रश्नोत्तर गराउने | १४ |
| ५ | वडाबाट प्रदान गरिने मुख्य मुख्य सेवा, वडामा रहेका सेवा प्रदायक संस्थाको परिचय दिन | –वडाबाट प्रदान गरिने मुख्य मुख्य सेवा,<br>–व्यक्तिगत घटना दर्ता (जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ, मृत्यु )<br>–सिफारिसहरू<br>–राजस्व सङ्कलन<br>–सेवा प्रदायक संस्थाहरू र प्रदान गरिने सेवा (शैक्षिक संस्था, स्वास्थ्य संस्था,खानेपानी, विद्युत्,दूरसञ्चार, इन्टरनेट सेवा प्रदायक, टेलिभिजन, होटल, रेडक्रस, बैङ्क, सहकारी संस्था, गैरसरकारी, एवम् समुदायमा आधारित संस्थाहरू, योग ध्यान केन्द्रहरू ) | –स्थानीय सरकार सञ्चालन ऐन २०७४<br>–सेवा प्रदायक संस्थाहरूको कार्य सूची<br>–श्रव्यदृश्य सामग्री नागरिक बडापत्र<br>–टेलिफोन डाइरेक्टरी<br>–भिडिओ क्लिप/टिक टक /सूचना | –नागरिक बडापत्र अध्ययन/अस्पताल, खानेपानी, विद्युत्, बैङ्क, सहकारी जस्ता ठाउँको भ्रमण बडापत्र अध्ययन गर्ने -वडामा के के काम हुँदो रहेछ, छलफल गराउने /फोटो /छलफल<br>–-वडा समितिले गर्ने काममा आधारित कथा /नाटक तयार गर्ने र कथा नाटकको पात्रको रूपमा भूमिका खेल्ने अभ्यास गराउने | –वडाबाट प्राप्त हुने सेवाको सूची तयार पार्नुहोस्र ।<br>–दिइएको तालिकामा सेवा प्रदायक संस्थाको मुख्य काम भन्न, कार्डमा लेख्न लगाउने, प्रश्नोत्तर गराउने | १४ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
| --- | --- | --- | --- | --- | --- | --- |
| ६ | महानगरको नक्सा बनाउन, सिमाना, क्षेत्रफल, जनसाङ्ख्यिक बनोटको विषयमा छलफल गर्न र सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय रूपले विशेष पहिचान बनाएका स्थान उल्लेख गर्न | –महानगरको सिमाना- सिमाना- भरतपुरको पूर्व रत्ननगर, कालिका, इच्छाकामना, उत्तर-इच्छाकामना, तनहुँ, पश्चिम /दक्षिण राष्ट्रिय निकुञ्ज /राप्ती<br>–क्षेत्रफल - ४३२.९५ वर्ग किलोमिटरमा<br>–अवस्थिति- समुद्री सतहबाट १४० मिटर (गोलाघाट) देखि ११८४मिटर (कविलासपुर) उचाइसम्म फैलिएको \| २७° ३२' ५८" देखि २७° ४५' ४०" उत्तरी अक्षांश र ८४° ९' ४१" देखि ८४° २९' ५" पूर्वी देशान्तरमा रहेको सिमाना- भरतपुरको पूर्व रत्ननगर, कालिका, इच्छाकामना, उत्तर-इच्छाकामना, तनहुँ, पश्चिम /दक्षिण राष्ट्रिय निकुञ्ज /राप्ती<br>–जनसाङ्ख्यिक विवरण - परिवार सङ्ख्या –९६५९१ जम्मा जनसङ्ख्या ३,६९,२६८ पुरुष- १,७८, ८९७ महिला -१९० ३७१<br>–जनसङ्ख्या वृद्धिदर -२.६४ यहाँको साक्षरता दर ८७.२० प्रतिशत रहेको छ जसमध्ये महिलाको साक्षरता दर ८२.६४% छ भने पुरुषको साक्षरता दर ९२.१२% रहेको छ।<br>–महानगरको विशेष पहिचान जस्तैः देवघाट, रामपुर कृषि क्याम्पस (२०२९ )कृषि तथा वन विज्ञान विश्वविद्यालय (२०६७),वीरेन्द्र क्याम्पस (२०२२) , मेडिकल कलेजहरू, क्यान्सर अस्पताल, नारायणी तथा राप्ती नदी, ताल, वरन्डाभार जङ्गल, नगर बन, दियालो बङ्गला/भरतपुर सभागृह, भरतपुर /मेघौली एयरपोर्ट आदि | –नेपालको /प्रदेशको/जिल्लाको /महानगरको नक्सा<br>–जनसङ्ख्या बनावटको तथ्याङ्क<br>–विशेष पहिचान भएका स्थानको भिडिओ क्लिप /फोटो /गुगल मेप<br>–महानगरको प्रीफाइल<br>–भरतपुर महानगर चिनाउने वेबसाइटहरू –<br>–अनुसूचीमा संलग्न भौगोलिक र ऐतिहासिक विवरण<br>–शैक्षिक तथा स्वास्थ्य सम्बन्धित विवरण<br>–धार्मिक, संस्कृतिक.सामाजिक संस्थाहरूको सूची | –चितवनको नक्साभित्र महानगरको नक्सा खोज्न र बनाउन अभ्यास गराउने । भरतपुरको पूर्व रत्ननगर, कालिका, इच्छाकामना, उत्तर-इच्छाकामना, तनहुँ, पश्चिम /दक्षिण राष्ट्रिय निकुञ्ज /राप्ती देखाउन,लेख्न अभ्यास गराउने क्षेत्रफल<br>-अवस्थिति- समुद्री सतहबाट १४० मिटर (गोलाघाट )देखि ११९० मिटर उचाइसम्म फैलिएको \| २७° ३२' ५८" देखि २७° ४५' ४०" उत्तरी अक्षांश र ८४° ९' ४१" देखि ८४° २९' ५" पूर्वी देशान्तरमा रहेको सिमाना- भरतपुरको पूर्व रत्ननगर, कालिका, इच्छाकामना, उत्तर-इच्छाकामना, तनहुँ, पश्चिम /दक्षिण राष्ट्रिय निकुञ्ज /राप्ती<br>–परिवार सङ्ख्या –९६५९१<br>जम्मा जनसङ्ख्या ३,६९,२६८<br>पुरुष- १,७८, ८९७<br>महिला -१९० ३७१<br>–जनसङ्ख्या वृद्धिदर -२.६४ यहाँको साक्षरता दर ८७.२० प्रतिशत रहेको<br>–महानगरको विशेष पहिचान जस्तैःदेवघाट, रामपुर कृषि क्याम्पस (२०२९ )कृषि तथा वन विज्ञान विश्वविद्यालय (२०६७),वीरेन्द्र क्याम्पस(२०२२) , मेडिकल कलेजहरू, क्यान्सर अस्पताल, नारायणी तथा राप्ती नदी, ताल, वरन्डाभार जङ्गल, नगर बन, दियालो बङ्गला/भरतपुर सभागृह, भरतपुर/मेघौली एयरपोर्ट आदि | –महानगरको क्षेत्रफल कति ?<br>–नक्सा बनाउन र सीमानाका स्थान भर्न लगाउने<br>–महानगरको जम्मा जनसङ्ख्या कति ?<br>–पुरुष कति ?<br>–महिला कति ?<br>–जनसङ्ख्या वृद्धिदर कति ?<br>–जम्मा घरधुरी कति ?<br>–साक्षरता प्रतिशत -जम्मा, पुरुष र महिलाको ?<br>–नक्सामा सिमानाका स्थान भर्न लगाउने | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ७ | महानगरको ऐतिहासिक, भौगोलिक मौसमी अवस्थाको खोजी तथा शैक्षिक , एवम् स्वास्थ्य सुविधाको परिचय दिन | –भरतपुर बागमती प्रदेशमा पर्ने चितवन जिल्लाको सदरमुकाम - नेपालको मध्य भूभागमा रहेको देशकै चौथो ठुलो सहर<br>–तीव्र गतिले विकास भइरहेका सहरमध्येको एक<br>–नारायणी नदीको तटमा रहेको यो सहर चितवनलगायत नेपालको व्यापारिक केन्द्र<br>–प्राचीन कालमा राजा मानदेवले गण्डकी पारी आक्रमण गर्दा कविलासपुरको बाटो प्रयोग गरेको, अंशुवर्माले भारत-चिन व्यापार गर्दा पनि यही मार्ग प्रयोग गरेको, पाल्पाली राजाले कविलासमा सीतकालीन दरबार राखेको इतिहास पाइन्छ ।<br>–वि.सं. २००० को दशकसम्म घनाजङ्गलको रूपमा रहेको भरतपुरको बजार क्षेत्रमा थारु, बोटे, दराई समुदायको बसोबास - वि.सं. २०१२ मा तत्कालीन सरकारद्वारा ल्याइएको 'राप्ती दुन विकास योजनाले गर्दा बस्ती बसाउने कार्यको थालनी<br>–अमेरिकी सहयोगमा सुरु गरिएको सो आयोजनाको प्रमुख कृष्ण बम मल्ल थिए। योजनावद्ध रूपमा नभए तापनि यसै परियोजनाको फलस्वरूप भरतपुरमा अस्पताल, विद्यालय र सरकारी कार्यालयका लागि जग्गा खाली राखेर नागरिकलाई जग्गा बाँडी बसोबास गर्न प्रोत्साहित गरिएको<br>राप्ती उपत्यका विकास -<br>–२०१३ साल पछि उपरदाङगढीबाट चितवनको सदरमुकाम भरतपुरमा सर्ने क्रम सुरु भएको<br>–२०१८ सालतिर बनेका गाउँपञ्चायतहरू-भरतपुर, नारायणगढ, शिवनगर, पटिहानी, गीतानगर, दिव्यनगर,कविलास लगायतका गाउँपञ्चायत बनेको | –महानगर प्रोफाइल/नक्सा<br>–श्रव्यदृश्य सामग्री<br>–मोबाइल एप /गुगल मेप<br>–-टेलिफोन डाइरेक्टरी<br>–महानगरको पछिल्लो शैक्षिक तथ्याङ्क<br>–महानगरभित्रका स्वास्थ्य संस्थाहरूको पछिल्लो विवरण<br>–उच्च शिक्षा सञ्चालन भइरहेका संस्थाहरूको सूची<br>-मौसमसम्बन्धी तालिका<br>–रेडियो /टिभी बाट मौसम भविष्यवाणी भएका उदाहरण /समाचार /एपको प्रयोग<br>–इतिहास र अन्य विवरण खोज्नका लागिगुगल, विकिपीडिया, एआईको प्रयोग | –नक्सामार्फत बागमती प्रदेश/चितवन जिल्ला र भरतपुरको पहिचान<br>–प्रोफाइल श्रव्यदृश्य /संलग्न अनुसूची समेतको सामग्री प्रयोग गरी भौगोलिक ऐतिहासिक अवस्थामा छलफल /प्रश्नोत्तर गराउने<br>–मोबाइल एप /गुगल मेप टेलिफोन डाइरेक्टरीबाट छलफल, प्रश्नोत्तर, परियोजना कार्य गराउने<br>–दिएको भौगोलोक तथा ऐतिहासिक विवरणसहितको अनुसूचीमा रहेको अनुच्छेद वाचन गर्न लगाउने<br>–अनुच्छेदमा आधारित भएर प्रश्नोत्तर अभ्यास गराउने<br>–राप्ती उपत्यका विकासको बारेमा कथा सुनाउने -जग्गा कसरी वितरण हुन्थ्यो ?एक परिवारले कति बिघा जग्गा पाउँथ्यो?कति पैसा तिर्नुपर्थ्यो?<br>–खेती गर्नका लागि राज्यबाट जोत्ने र गाडा तान्ने कामका लागि गोरु/राँगा किन्नका लागि, मल बिउका लागि सहयोग र सहुलियतमा ऋण उपलब्ध हुन्थ्यो भन्ने कथामा सुन्ने, बोल्ने /प्रश्नोत्तरको अभ्यास गराउने<br>–धेरै गर्मी हुने तथा जाडो हुने महिनाको बारेमा छलफल /प्रशोत्तर गराउने<br>–भरतपुरको शिक्षा तथा स्वास्थ्यसम्बन्धी तथ्याङ्क प्रस्तुत गर्ने<br>–आफ्नो वडामा/ छिमेकमा तथा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाको सूची बनाउन लगाउने<br>–महानगरभित्रका विश्व विद्यालय, ठुला अस्पताल, मेडिकल कलेज, सुनेका देखेका कलेज /क्याम्पसहरू | –-दिइएको नक्सामा बागमती प्रदेश, चितवन जिल्ला र भरतपुर देखाउनुहोस् ।<br>–-महानगरको होचो र अग्लो भागको नाम लेख्नुहोस् ।<br>–-महानगरको मौसम? कति विद्यालय ? कति कलेज ?कति अस्पताल ?कुन कुन?<br>–भरतपुरको प्राकृतिक, आर्थिक -सामाजिक विकासको क्रम बुझ्न र सङ्कलन गर्न परियोजना कार्य दिने<br>– सिकाइ क्रियाकलापमा आधारित गरेर मूल्याङ्कन गर्ने | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | –२०३५ मा भरतपुर र नारायणगढ गाउँ पञ्चायत मिलाएर भरतपुर नगरपञ्चायत बनेको<br>–२०४८ सालमा १४ वडासहितको नगरपालिका<br>–त्यस बेलाका गाउँपालिकाको नाम, सङ्ख्या जस्तैः २०७१ भरतपुर उपमहानगर पालिका, चित्रवन र नारायणी नगरपालिका बनेको<br>–२०७३/११/२७ मा भरतपुर उपमहानगरपालिकामा चित्रवन र नारायणी नगरपालिका, कविलास मिलाएर भरतपुर महानगरपालिका बनेको इतिहास<br>–नारायणी र राप्ती नदीद्वारा निर्मित राप्ति उपत्यका -चुरे, भावर शिवालिक र महाभारतसम्म फैलिएको भित्री मधेशको उर्वर भाग<br>–२८ ओटा वडा समतल मैदानी भाग र वडा नं.२९ पहाडी भूगोलमा छ । मौसमी अवस्था -जाडामा न्यूनतम १० डिग्री, गर्मीमा ४२ डिग्रीसम्म र औसतमा २५ डिग्री सेल्सियस तापक्रम<br>–-शैक्षिक सूचकहरू -विद्यालय सार्वजनिक/सामुदायिक ११२<br>–निजी/संस्थागत -९७ विद्यार्थी<br>–सामुदायिकमा ४२१९७<br>–संस्थागतमा ४६७२८<br>–स्वास्थ्य सूचक -भरतपुर अस्पताल,क्यान्सर अस्पताल, दुईओटा मेडिकल कलेज, लगायत ३० भन्दा बढी स्वास्थ्य संस्था<br>–२०७९सम्म भरतपुरमा कृषि तथा वन विश्व विद्यालय, रामपुर इञ्जिनियरिङ कलेज, वीरेन्द्र क्याम्पस, बालकुमारी कलेज, सप्तगण्डकी, मैयादेवीलगायतका क्याम्पस ३२ ओटा क्याम्पस सञ्चालनमा छन्। | | | | |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ८ | महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा लिने र दायित्व पूरा गर्ने क्रममा सूचना प्रविधिको प्रयोग गर्न | –महानगर/वडा कार्यालयबाट प्राप्त हुने सेवा पञ्जीकरण, सिफारिस, प्रमाणपत्र लिन भर्ने फाराम हेर्न खोज्ने र डाउनलोड गर्ने, भर्ने अभ्यास<br>–महत्त्वपूर्ण वेबसाइटहरूबाट सूचना/जानकारी लिने<br>–तिर्नुपर्ने सेवाशुल्क, कर तिर्न डिजिटल सिस्टम प्रयोग गर्ने (मोबाइल बेन्किङ )लगायतका डिजिटल लिटरेसीमा अभिभावकलाई समेत जोड्ने<br>–देहायका सेवा सुविधाका लागि सूचना प्रविधिको अधिकतम सदुपयोग गर्ने –<br>–अनलाईन घटना दर्ता प्रणाली<br>–अनलाईन राजस्व भुक्तानी प्रणाली<br>–विद्युतीय नक्सा प्रणाली<br>–इजलास व्यवस्थापन प्रणाली<br>–सम्पर्क र महत्त्वपूर्ण फोन नम्बरहरू | –स्थानीय सरकार सञ्चालन ऐन २०७४<br>–नागरिक बडापत्र<br>–विभिन्न सेवाको लागि निवेदन /फाराम<br>–महानगर /वडा कार्यालय जिल्ला प्रशासन कार्यालयको वेबसाइट<br>–सम्पर्क /सूचना अधिकारीको फोन इमेल आदि<br>–अनलाईन प्रणालीका लागि फाराम | –वेबसाइट खोलेर सेवाका किसिम र फाराम खोज्ने<br>–फर्म फर्ने<br>–मोबाइलबाट सेवा शुल्क तिर्ने तरिका प्रयोग गरेर देखाउने<br>–देहायका लागि प्रयोगात्मक अभ्यास गराउने -<br>–अनलाईन घटना दर्ता प्रणाली<br>–अनलाईन राजस्व भुक्तानी प्रणाली<br>–विद्युतीय नक्सा प्रणाली<br>–इजलास व्यवस्थापन प्रणाली | –जन्मदर्ताको नमुना फाराम भर्नुहोस् ।<br>–नागरिकता हराएकाले अर्को लिन सिफारिस माग्दै वडामा बुझाउने फाराम भर्नुहोस् ।<br>–मोबाइलबाट राजश्व बुझाउने तरिका बताउनुहोस् । /देखाउनुहोस् ।<br>–प्रयोगात्मक मूल्याङ्कन -<br>–अनलाईन घटना दर्ता प्रणाली<br>–अनलाईन राजस्व भुक्तानी प्रणाली<br>–विद्युतीय नक्सा प्रणाली | १६ |

## क्षेत्र २ : स्थानीय भाषा, संस्कृति, कला, साहित्य र खेलकुद

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | – आफ्नो टोल वा वडामा बसोबास गर्ने समुदाय | – आफ्नो टोल तथा वडामा भएका समुदाय (जस्तै टोल तथा वडामा भएका थारु, दलित,चेपाङ, जनजाति बाहुन क्षेत्री, ) को सूची बनाउने<br>– ती समुदायका तीन तीनओटा राम्रा पक्ष पहिचान गर्ने<br>– ती समुदायमा भेटघाटमा प्रयोग गरिने सम्मानका शब्दको प्रयोग (नमस्कार,प्रणाम, सेवारो जस्तै )<br>– टोल तथा वडामा बसोवास गर्ने सबै समुदाय सम्मानित हुने कोही ठुलो र सानो नहुने वातावरण निर्माण गर्ने | – समुदायको सूचीको चार्ट<br>– समुदायको पहिचान देखिने पोस्टर तथा तस्बिर सम्मानका शब्दको सूची, पोस्टर | – सहभागीलाई समूहमा विभाजन गरेर आफ्नो टोलमा घुमाउने, समुदायको प्रतिनिधित्व हुने गरेर घरमा लैजाने र कुराकानी गर्न लगाउने<br>– समुदायबाट फर्केपछि भिन्न समुदायमा देखेका विशेषता भन्न लगाउने, पाटीमा टिपिदिने, टिप्न सक्नेलाई टिप्न लगाउने<br>– विभिन्न टोलका विद्यार्थी बिचमा आदरार्थी शब्द प्रयोग गरेर बोल्ने तथा संवाद अभ्यास गराउने | – भ्रमणमा देखाएको उत्सुकता, अवलोकन (व्यवहार)<br>– समुदायका राम्रा पक्ष भन्न लगाउने<br>– तलका शब्द पढ्नुहोस्:<br>– एक आपसमा समुदायमा प्रयोग गरिने सम्मान गर्ने शब्द प्रयोग गर्न लगाउने<br>– अभिनय गर्न लगाउने | १८ |
| २ | – आफ्नो टोल वा समुदायमा मनाइने चाडपर्व | – आफ्नो परिवारमा वर्षभरिमा मनाउने चाडपर्वहरूको सूची बनाउने<br>– नजिकका छिमेकिको घरमा मनाउने फरक चाड पत्ता लगाउने, टोलमा मनाउने अन्य चाडहरूको नामको सूची लेख्ने<br>– समुदायमा मनाउने चाडपर्वहरूमा गरिने मुख्य मुख्य कार्य<br>– सूचीमा उल्लिखित चाडपर्वहरूमा मन पर्ने र रमाइलो कार्यमा छलफल गर्ने<br>– चाडपर्वमा स्वास्थ्यलाई असर गर्ने कुरा र अपनाउनुपर्ने सावधानी<br>– टोल समुदायमा मनाईने चाडपर्वमा सुधार ल्याउनुपर्ने कुरा | – चाडपर्वको सूची चार्ट<br>– चाड पर्वमा खिचिएका तस्बिर टोलका चाडपर्वमा बनाइएका भिडियो<br>– चाडपर्वमा सुधार गर्नुपर्ने तथा चाडपर्वमा हुने विकृति देखिने तस्बिर | – कक्षाका सबै विद्यार्थीलाई आफ्नो घरमा मनाइने चाड स्मरण गरेर भन्न लगाउने<br>– क्रमशः चाडपर्व मनाउँदा गरिने प्रक्रिया भन्न लगाउने<br>– एक जनाले भनेको कुरामा छुटेका कुरा क्रमशः थप गर्न भन्ने<br>– चाडपर्वमा विभिन्न भूमिका दिई समूह समूहमा एक एक चाडको अभिनय गर्न लगाउने, नमिलेका भूमिकामा सुधारका लागि सल्लाह दिने<br>– टोल समुदायमा मनाइने चाडपर्वका तस्बिर देखाएर कुन चाडको हो छुट्याउन लगाउने<br>– चाडपर्वमा मन पर्ने कुरा र सुधार गर्नुपर्ने कुरा क्रमशः भन्न लगाउने<br>– कुनै चाडपर्व आइरहेको अवस्थामा चाडपर्व मनाइने स्थानमा लैजाने रमाइलोमा सहभागी गराउने<br>– चाडपर्वका विकृति अनावश्यक खर्च, मध्यपान धुम्रपान, देखावटी प्रतिस्पर्धा जस्ता विकृतिको बारेमा छलफल कार्यक्रम राख्ने, विद्यार्थीलाई छोटा छोटा सहयोगी तथा निर्देशित प्रश्न गरी विचार राख्ने मौका दिने | – टोल समुदायमा मनाइने चडपर्वहरू र गरिने मुख्य मुख्य क्रियाकलाप भन्न<br>– लगाउने, चाडपर्वको नाम लेख्न लगाउने<br>– छलफलमा राखेको विचार धारणाको आधारमा मूल्याङ्कन गर्ने | १८ |

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | – आफ्नो टोल वा समुदायमा बोलिने भाषा | – आफ्नो परिवारमा बोलिने भाषा<br>– छिमेकी परिवारमा बोलिने भाषा<br>– टोल र वडामा बोलिने भाषाको सूची निर्माण<br>– टोलमा बोलिने भाषामा सम्मानका लागि तथा भेटघाटमा प्रयोग गरिने अभिवादनका शब्दको प्रयोग<br>– टोलमा बोलिने हरेक भाषामा आमा, बुवा दाजु, दिदी, भाइ बहिनी, हजुरबा, हजुरआमा शब्द प्रयोग गर्न | – आफ्नो टोल समुदायमा बोलिने भाषाको सूची तथा चार्ट<br>– स्थानीय स्तर बोलिने भाषाहरूमा गाइएका गीत गरिएका वार्ताको भिडियो/ वृत्तचित्र<br>– हरेक भाषमा आमा, बाबु, दाजु, दिदी, भाइ बहिनी, हजुरबा हजुरआमा, काका काकीलाई प्रयोग गरिने शब्दको सूची | – कक्षामा भएसम्म भाषा प्रयोग गर्न सक्ने बालबालिकाको समूह निर्माण गर्ने, सम्बन्धित भाषामा वार्तालाप गर्न लगाएर अरुलाई अवलोकन गराउने<br>– आफ्नो घर परिवारमा बाहेक छिमेकमा बोलिने भाषा बोल्न सक्ने विद्यार्थीहरू पहिचान गर्ने र उनीहरूले दोस्रो भाषामा प्रयोग गर्न सक्ने शब्द बोल्न लगाएर सूची बनाउने, स्थानीय रूपमा प्रयोग गरिने भाषाहरूको कक्षाकोठाभित्र प्रयोग गर्ने, अभ्यास र प्रदर्शन गर्ने गराउने, अभिनय गराउने | – भाषा प्रयोगको नमुना अभ्यास<br>– तपाईँको समुदायमा प्रयोग गरिने भाषाको सूची बनाउनुहोस् ।<br>– तपाईँको समुदायमा बोलिने भाषाहरूको नाम भन्नुहोस् ।<br>– टोलमा बोलिने भाषामा आमा, बाबु, दाजु, दिदी, भाइ बहिनी शब्द प्रयोग गर्न लगाउने | |
| ४ | – आफ्नो टोल वा समुदायको रहनसहन तथा भेषभूषा | – आफ्नो टोलमा रहेका समुदाय (जस्तैः थारु, मगर गुरुङ, चेपाङ,दलित, बाहुन क्षेत्री तमाङ, नेवार) मा गरिने जन्म, पास्नी, चुडाकर्म, विवाह र मृत्युमा गरिने मुख्य मुख्य कार्य<br>– समुदायले मनाउने चाडहरूको सूची निर्माण र चाडमा गरिने मुख्य कार्य<br>– आफ्नो टोल वडामा रहेका समुदायले लगाउने भेषभूषाको सूची<br>– लगाउने भेषभूषाका विशेषता<br>– समुदायमा प्रयोग गर्ने भेषभूषामा मिल्दा कुरा<br>– भेषभूषा र रहनसहनमा भिन्नता<br>– भेषभूषामा भएका सकारात्मक कुरा र विकास भएका सुधार गर्नुपर्ने कुरा (विकास भएका विकृतिहरू)<br>– फेसन र अनावश्यक तडकभडक हटाउन विद्यार्थीले गर्न सक्ने कार्य | – जन्मदिन, विवाह लगायतका रहन सहनसम्बन्धी पोस्टर, चित्र, तस्बिर, चार्ट रहनसहन सम्बन्धी भिडियो/ वृत्तचित्र | – परिवार र छिमेकमा गरिने संस्कारको विषयमा सूची निर्माण<br>– एक एक जनालाई त्यस विषयमा केही बोल्ने मौका दिने तथा विचार राख्न दिने<br>– युट्युब तथा अन्य तरिकाले भिडियो÷वृत्तचित्र देखाई प्रश्नोत्तर अभ्यास गराउने<br>– छिमेकमा लगेर फरक फरक रहनसहन देखाउने, त्यस्ता रहनसहनका सकारात्मक पक्ष, विकास हुनुका कारण सम्बन्धमा छलफल गराउने, विचार राख्न दिने, समूहमा विभाजन गरेर रहनसहनका राम्रा पक्ष र सुधार हुनुपर्ने पक्षको सूची निर्माण गर्न लगाउने<br>– जेष्ठ नागरिकसँग बालबालिका कार्यक्रम आयोजना गर्ने रहनसहनकाबारेमा सोध्ने र उत्तर दिने कार्यक्रम राख्ने<br>– रहनसहनमा परिवर्तन भएका कुरा पत्ता लगाउन भन्ने<br>– फेसन/रीतिरिवाजका सकारात्मक र नकारात्मक पक्षमा विचार राख्न दिने | – आआफ्नो समुदायको जन्म, विवाह मृत्यु संस्कारमा गरिने कार्यको सूची बनाउन लगाउने<br>– भिन्न समुदायको विचमा भएका त्यस्ता संस्कारमा फरक कुरा लेख्न लागाउने<br>– फरक रहनसहनमा सुधार गर्नुपर्ने पक्षमा विचार राख्न लगाउने<br>– रहनसहन र भेषभूषामा फरक लेख्न लगाउने | १५ |

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | – रहनसहनमा समयक्रममा देखिएका परिवर्तन तथा विकास भएका विकृति<br>– समाजमा देखाउन विकास भएका अनावश्यक फेसन र यसको प्रभाव | | – विद्यार्थीले निर्माण गरेका चित्र, माटाका मूर्ति, ढुङ्गाका आकृति लिएर आउन भन्ने, ती कसरी बनाइयो भन्ने मौका दिने<br>– विद्यार्थीले लेखेका गीत, कविता भए सुनाउन लगाउने र लेखिएको प्रसङ्ग सुनाउन लगाउने<br>– आफ्नो छिमेकमा रहेका सङ्गीतकार गायक, चित्रकार, मूर्तिकार, नृत्यकर्मीको बारेमा विद्यार्थीलाई खोज गर्न र तिनको बारेमा थप जानकारी लिन लगाउने<br>– विद्यार्थीले सङ्कलन गरेका विवरण सुनाउन लगाउने<br>– उपलब्ध भएसम्मका कलाकर्मी, लेखक साहित्यकार कक्षाकोठामा आमन्त्रण गर्ने, विद्यालयमा उपस्थित नभएमा फोनबाट कुरा गरेर सबै विद्यार्थीलाई सुनाउने | | |
| ५ | – समाजमा पहिचान बनाएका स्थानीय कलाकर्मी, खेलाडी तथा साहित्यकार तथा समाजसेवी | – आफ्नो टोल, समुदाय, वडामा रहेका सङ्गीत, गायन, चित्रकला, मूर्तिकला, पत्थर कला, नृत्यकला, नाट्य तथा चलचित्र क्षेत्रका व्यक्तिहरूको पहिचान<br>– त्यस्ता व्यक्तिले गरेका मुख्य कार्य, सम्बन्धित क्षेत्रमा अगाडि बढ्न गरेका प्रयास, सङ्घर्ष र सफलताका कथाहरू<br>– टोल/वडामा रहेका कुनै खेल क्षेत्रमा उत्कृष्टता हासिल गर्ने व्यक्तिको पहिचान र सफलताको कथा<br>– टोल समुदाय, वडामा रहेका लेखक, साहित्यकार र उनीहरूले गरेका कार्य र बनाएका पहिचानहरू | – सङ्गीत, गायन, चित्रकला, मूर्तिकला, प्रस्तरकला, पत्थरकला, नृत्यकलामा नमुनाको भिडियो तथा तस्बिरहरू, चार्ट आदि<br>– साहित्यसम्बन्धी बालसुलभ सामग्री कथा, कविताहरूका पुस्तक तथा पोस्टर<br>– यस सम्बन्धमा भिडियो/ वृत्तचित्र | – विद्यार्थीले निर्माण गरेका चित्र, माटाका मूर्ति, ढुङ्गाका आकृति लिएर आउन भन्ने, ती कसरी बनाइयो भन्ने मौका दिने<br>– विद्यार्थीले लेखेका गीत, कविता भए सुनाउन लगाउने र लेखिएको प्रसङ्ग सुनाउन लगाउने<br>– आफ्नो छिमेकमा रहेका सङ्गीतकार गायक, चित्रकार, मूर्तिकार, नृत्यकर्मीको बारेमा विद्यार्थीलाई खोज गर्न र तिनको बारेमा थप जानकारी लिन लगाउने<br>– विद्यार्थीले सङ्कलन गरेका विवरण सुनाउन लगाउने<br>– उपलब्ध भएसम्मका कलाकर्मी, लेखक साहित्यकार कक्षाकोठामा आमन्त्रण गर्ने, विद्यालयमा उपस्थित नभएमा फोनबाट कुरा गरेर सबै विद्यार्थीलाई सुनाउने | आफूले चिनेको कलाकर्मी, साहित्यकार, अभिनयकर्ताका,बारेमा भन्न लगाउने<br>–तपाईँको समुदायमा प्रचलित लोक गीतको नमुना लेख्नुहोस् ।<br>–आफ्नो टोल र वडामा अस्तित्वमा रहेका नाचको सूची तयार पार्नुहोस् ।<br>– तपाईँको छिमेकमा भएका लेखक, साहित्यकार, खेलाडी, गायक, सङ्गीतकार, मूर्तिकार कोही भए उहाँसँग परिचय गरी उहाँले गरेका कार्यको टिपोट गरी ल्याउन लगाउने | १५ |

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | – समाजमा समस्यामा परेकालाई सहयोग गरेर/ समाजको सकारात्मक परिवर्तनका लागि कार्य गरेर पहिचान बनाएका व्यक्तिहरू र उनीहरूले समाजमा गरेका सकारात्मक कार्य | – विद्यार्थीले आफैँ निर्माण गरेका चित्र, मूर्ति, ढुङाका आकृति<br>– विद्यार्थी आफैँले नाचेका गाएका भिडियो | | | |
| ६ | – स्थानीय खाना तथा परिकार | – घरमा सामन्य अवस्थामा बिहान बेलुकी नियमित खाइने खानाहरू<br>– नियमित घरमा खाइने खाजाका परिकार<br>– खाइने खाना र खाजामध्ये पौष्टिक तत्त्व तथा स्वास्थ्यवर्धक र स्वास्थ्यलाई हानि गर्ने खानेकुराको वर्गीकरण<br>– प्राय घरमा खाइने भात, दाल, तरकारी, अचार, फलफूल स्वास्थ्यलाई फाइदा हुने गरी बनाउने तरिका<br>– तरकारीमा सागपात, कर्कलो, सिस्नोका फाइदा<br>– घरपरिवार, छिमेकमा चाडबाड, पर्वमा खाइने खाना र परंम्परागत खानाको सूची तथा बनाउने तरिका<br>– चाडबाडमा खाइने खानामध्ये स्वास्थ्यको दृष्टिले फाइदाजनक र हानिकारक खानाहरू, खाना र खाजालाई हानिकारक हुनबाट बचाउने उपाय<br>– नियमित प्रयोग गरिने स्वास्थ्यवर्धक पेय पदार्थ पानी, दुध, मही, दही, तरकारीका रसहरू, फलफूलका रसहरू<br>– हानिकारक पेय पदार्थ<br>– खाना पकाएका र खाएका भाँडाको सरसफाइ | – दैनिक खाने खाना र खाजाका पोस्टर, तस्बिर, भिडियो<br>–खाना र खानाका रिसेपी<br>–खाना र खाजा बनाउने भिडियो<br>–अत्यधिक प्रशोधन गरिएको तथा अल्पपोषक खानेकुराको पोस्टर चित्र तथा खाना ताजा खाजाका नमुना<br>– खाना, खाजा र पेय पदार्थका नमुना<br>– स्वास्थ्यवर्धक खाना तथा पोषण तालिका<br>– हाते पुस्तिकाहरू | – घरमा नियमित खाने खाना, खाजाको सूची बनाउन लगाउने<br>– त्यस्ता खाना बनाउने तरिका वर्णन गर्न लगाउने<br>– अभिभावकसँग सल्लाह गरेर आफ्नै घरमा नियमति खाने खाना पाकाउन लगाउन भन्ने र अभिभावकबाट प्रतिवेदन लिने, मिलेसम्म विद्यालयमा खाना खाजा बनाउन लगाउने<br>– आफ्नो परिवार र छिमेकमा एक हप्तामा खाइएका खाना र खाजाको तथ्याङ्क सङ्कलन गर्न लगाउने र ती खाना खाजा मध्य कति स्वास्थ्यवर्धक र हानी गर्ने खाना छन् छुट्याएर प्रतिशत निकाल्न र विश्लेषण गर्न लगाउने र प्रस्तुत गर्न लगाउने<br>– खाना खाएका र पकाएका भाँडा माज्न लगाउने<br>– सम्बन्धित भिडियो÷वृत्तचित्र कक्षामा प्रस्तुत गरी परियोजना कार्य गराउने | –नियमित खाने खाना र खाजाको सूची निर्माण<br>–खाना खाजा निर्माण, भाडाको सरसफाइको अवलोकन<br>–खानाका परिकार बनाउने सिप परीक्षण<br>–कुनै एक परिकार बनाउन लगाउने<br>–स्वास्थ्यवर्धक खानाका सूचीबनाउन लगाउने<br>–कम खर्चिलो तर पोषणयुक्त खानाका परिकाार, तरकारीको सूची बनाउने<br>–आफूले खाएका खानाको एक हप्ताको सूची निर्माण गर्न लगाउने र स्वास्थ्यवर्धकलाई टिक चिह्न र हानिकारकलाई क्रस चिह्न लागाउन लगाउने, सबै खानालाई १०० मानी क्रस भएको अङ्क घटाउने र स्वस्थ्यवर्धकको प्रतिशत निर्धारण गर्ने | १५ |

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ७ | – स्थानीय कला साहित्य तथा संस्कृति | – माटाका भाँडा, मूर्ति, आकृतिको निर्माण<br>– विद्यार्थीले इच्छाअनुसारका चित्र निर्माण<br>– स्थानीय समुदायका रहनसहन संस्कृति देखिने चित्र निर्माण<br>– सङ्गीत तथा गायनको अभ्यास,<br>– स्थानीय लोकभाका, स्थानीय समुदाय (थारु, चेपाङ, बोटे, कुमाल, ) मा गाइने गीत र नाचको अभ्यास<br>– समुदायमा भएका लेखक, साहित्यकार तथा गीत, कविता, कथा लेख्ने व्यक्तिको परिचय र उनीहरूले सिर्जना गर्दाका अनुभव<br>– कला, साहित्य र संस्कृतिको सामान्य परिचय<br>– आफ्नो समाजमा भएका राम्रा राम्रा संस्कृति, तिनीहरूको सामाजिक र वैज्ञानिक महत्त्व<br>– संस्कृतिको नाममा विकास हुँदै गरेका विकृति, समाजलाई पार्ने प्रभाव | – माटो, ढुङा, धातुका मूर्तिका नमुना<br>– चित्रकलाका राम्रा नमुना<br>– गायक तथा नृत्यकारका सिर्जना<br>– पोस्टर, चित्र<br>–भिडियो वृत्तचित्र<br>– विभिन्न कलाको तालिका<br>– कलाकार, साहित्यकार, लेखकको सूची | – विद्यार्थीलाई आफूले जानेका चित्र, मूर्ति, आकृति, निर्माण गर्न, कथा कविता लेख्न लगाउने र कक्षामा देखाउन तथा सुनाउन लगाउने<br>– गायन तथा नृत्यमा चासो राख्नेलाई कक्षामा प्रस्तुत गर्न लगाउने<br>– आफ्नो रुचिको क्षेत्रसँग सम्बन्धित छिमेकमा रहेका कलाकार, साहित्यकार, मूर्तिकार,सङ्गीतकार आदिको नाम र गरेका कार्यको सूची निर्माण गर्न र थप परिचय लेख्न लगाउने<br>– स्थानीय लोकभाका, स्थानीय समुदाय (थारु, चेपाङ, बोटे, कुमाल, ) मा गाइने गीत र नाचको अभ्यास गर्न लगाउने<br>– महानगरभित्रका उपलब्ध हुने कलाकार, मूर्तिकार, सङ्गीतकार, गायक, अभिनयकर्मी, रेडियोमा उद्घोषक, साहित्यकार,लेखकलाई कक्षामा उपस्थित गराएर तथा भिडियो कल तथा फोनमार्फत छलफल गर्ने र गरेका कार्य र अनुभव बाँड्न लगाउने<br>– कला, साहित्य र संस्कृतिको बारेमा छलफल<br>– एकता आत्मसम्मान र स्वभिमान जनाउने गीत, गजल, भाषण, समाचार, प्रेरणात्मक लेख, समाजमा समस्यामा परेका तथा पछाडि परेकालाई अत्मसम्मान बृद्धि गर्ने रचना प्रस्तुति तथा वक्तृत्वकलाको आयोजना गर्ने | – मन पर्ने कलाकार, साहित्यकार तथा लेखकको नाम र गरेका कार्यसहितको सूची निर्माण गर्न लगाउने<br>– आफूलाई मन पर्ने क्षेत्रमा मूर्ति सिर्जना गरी प्रस्तुत गर्न लगाउने<br>– कलाकार तथा अभिनयकर्ताको अभिनय गर्न लगाउने<br>– कला साहित्यले समाजमा पार्ने सकारात्मक प्रभावको बारेमा लेख्न लगाउने<br>– नजिकमा उलब्ध साहित्यकार, कलाकार, समाजको संस्कृतिलाई सुधार गर्न प्रयास गर्ने व्यक्ति खोजी उनीहरूको बारेमा लेखी प्रस्तुत गर्न लगाउने<br>– कलाकार, साहित्यकार, सङ्गीतकार, मूर्तिकार खोजी उनीहरूले गरेका कार्य, गीती कार्यको प्रभाव जस्ता कुरा सङ्कलनको परियोजना कार्य दिने र प्रस्तुत गर्न लगाउने | १५ |
| ८ | – महानगर भित्रका सांस्कृतिक सभ्यता | – नारायणी नदीको बहाव क्षेत्र, यसमा समाहित हुने नदीहरू र ती नदी बगेका स्थानका मुख्य सभ्यता, नारायणी नदीले भरतपुर माहानगरबासीलाई पारेको तटीय क्षेत्रलाई पारेको सकारात्मक प्रभाव, अवसर र चुनौती | –नारायणी र राप्ती नदीको बहाव क्षेत्रको नक्सा<br>–विविधता देखिने पोस्टर, चित्र, | – विद्यार्थीलाई नारायणी र राप्ती नदीको बारेमा र यी नदीले किनाराका समुदायलाई पारेको प्रभावको बारेमा समाजका अग्रजलाई सोधेर लेख्न लगाउने, सम्भव भएमा त्यस्ता व्यक्तिहरूलाई कक्षामा उपस्थित गराएर छलफल गर्ने, कक्षामा प्रस्तुत गर्ने मौका दिने, | प्रतिवेदन लेखन, प्रस्तुतिको अवलोकन<br>–छलफलमा राखेका विचार, छलफलमा सहभागिता<br>– परियोजना कार्यको अवलोकन | १५ |

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | – राप्ती नदी, यसको बहाव क्षेत्र र यससँग जोडिएका सभ्यता<br>– महानगरमा रैथाने थारु, चेपाङ, बोटे जातिका सभ्यता र यस्ता समुदायले आर्जन गरेका सफलताका कथा<br>– बसाइँसराइ, बसाइँ सरी आएका गुरुङ, मगर, तामाङ, बाहुन क्षेत्री समुदायका सकारात्मक पक्ष<br>– महानगरभित्रका सामाजिक परम्परा र प्रचलन (गुठी, पैँचो, सरसापटी, पर्म, बडघर, भजन, सहकारी,)<br>– समुदायमा प्रचलित सामाजिक परम्परा, समाजको हितको आधारमा परम्पराको संरक्षण, परम्परागत हानिकारक अभ्यासहरू र परिमार्जन गर्नुपर्ने कारण<br>– विविधताको सम्मान सामाजिक सद्भाव सहिष्णुता ( भाषिक, सांस्कृतिक, धार्मिक, जातीय, पहिरन आदिमा भएका फरकपन, फरकपनका कारण र तिनको सम्मान) | –सामाजिक परम्पराको भिडियो/वृत्तचित्र विविधताको सम्मान र सहिष्णुताको पोस्टर र लेख रचना, नाटक | – दुबै नदीको किनारामा लैजाने<br>– विद्यार्थीलाई समूहमा बाँडी परियोजना कार्यको रूपमा किनाराका समुदायसँग नदीले पुऱ्याएका फाइदा, अवसर र चुनौतीकाबारेमा अन्तरवार्ता लिन, प्रतिवेदन बनाउने र कक्षामा प्रस्तुत गराउने<br>– विद्यार्थीका समूहलाई विभिन्न समुदायका सकारात्मक पक्षको सूची बनाउन लगाउने, छलफल गर्ने<br>– सामाजिक परम्पराको भिडियो वृत्तचित्र प्रस्तुत गरी जिग्सअ (Jig Saw) अभ्यास गराउने<br>– विविधताको सम्मान र सहिष्णुतासँग सम्बन्धित पोस्टर, लेख रचना नाटक प्रस्तुत गरी संवाद, भाषण, प्रश्नोत्तर अभ्यास गराउने | – तपाईँको समुदायमा प्रचलित सामाजिक परम्परा र तिनको संरक्षण गर्नुपर्ने कारणमा आफ्नो विचार राख्ने मौका दिने<br>– सामाजिक सभ्यता र परम्परको संरक्षण र परिमार्जन वादविवाद कार्यक्रम ।<br>– सम्भव भएमा एकदिन विभिन्न समुदायका संस्कृतिक पहिरनहरू लगाएर आउन भन्ने, आफूले लगाएको पहिरनको बारेमा बताउन लगाउने | |

**क्षेत्र ३ : स्थानीय पर्यटन**

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | –आफू बसेको छिमेक टोल र वडामा भएका पर्यटकीय स्थलहरूको नाम बताउन | –पर्यटकीय स्थल जस्तैः<br>–(धार्मिक स्थल<br>–सामुदायिक वन<br>–फनपार्क नदी,खोला,चौतारा आदि)<br>–आफू बसेको टोल छिमेक वडा र विद्यालय भएको वडामा भएका पर्यटकीय स्थल<br>–आफू बसेको टोल छिमेक वडा र विद्यालय भएको वडामा भएका धार्मिक स्थल<br>–आफू बसेको टोल छिमेक वडा र विद्यालय भएको वडामा भएका सामुदायिक बन | –फोटो<br>–पोस्टर<br>–भिडियो/वृत्तचित्र<br>–पर्यटकीय स्थलहरूको सूची | –धार्मिक स्थल सामुदायिक वन, पार्कको फोटा, पोस्टर, पर्यटकीय स्थलहरूको भिडियो,सूची देखाई छलफल र प्रश्नोत्तर विधि प्रयोग गर्दै पालैपालो विद्यार्थीहरूलाई नाम भन्न लगाउने | –फोटो हेरेर यो कुन पर्यटकीय स्थल हो भन्नुहोस् ।<br>–आफू बसेको वडाभित्र रहेका धार्मिक स्थल र पार्कको नाम भन्नुहोस् । | १८ |
| २ | – वडाभित्रका पर्यटकीय स्थलहरूको नाम लेख्न<br>–पर्यटकीय स्थलको छोटो परिचय दिन | –वडाभित्रका पर्यटकीय स्थल जस्तैः मठ,मन्दिर,<br>–गुम्बा,चर्च,मस्जिद, होमस्टे,खोला,नदी ताल,पोखरी,पार्क विद्यालय कलेज, मेडिकल कलेजआदि<br>–आठओटा मुख्य मुख्य पर्यटकी यस्थलको सङ्क्षिप्त परिचय<br>–मुख्य मुख्य दुई शैक्षिक पर्यटकीय स्थल<br>–मुख्य मुख्य दुई धार्मिक पर्यटकीय स्थल<br>–मुख्य मुख्य दुई खेलकुद पर्यटकीय स्थल<br>–मुख्य मुख्य दुई प्राकृतिक पर्यटकीय स्थल | –पर्यटीय स्थलहरूको नाम सूची<br>–वाक्य पत्ती<br>–पर्यटकीय स्थलका फोटाहरू, भिडियो | –पर्यटकीय स्थलहरूको नाम सूची प्रस्तुत गर्दै आआफ्नो वडामा पर्ने पर्यटकीय स्थलको नाम लेख्न लगाउने पालैपालो उठाएर प्रश्नोत्तर गराउने<br>–पर्यटकीय स्थलको छोटो परिचय लेखेको वाक्य पत्ती विद्यार्थीको हातमा दिई पढ्न लगाउने<br>–फोटो देखाएर विद्यार्थीलाई परिचय दिन लगाउने | –तीनओटा पर्यटकीय स्थलको नाम लेख्नुहोस् ।<br>–आफ्नो वडाभित्रका पर्यटकीय स्थलहरूको परिचय दिनुहोस् । | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | –पर्यटन र पर्यटकको परिचय दिन<br>–पर्यटकीय गतिविधिको सूचीकरण गर्न | – पर्यटन र पर्यटकको परिचय पर्यटकीय गतिविधि<br>–जङ्गल सफारी,<br>–पैदल यात्रा,<br>–संस्कृति अवलोकन,<br>–जलविहार,<br>– जिप सफारी,<br>–हात्ती सफारी,<br>–टाँगा दौड,<br>–खेलकुद<br>–पशुपन्छी तथा वनस्पतीको अध्ययन<br>–साहसिक खेल,<br>–धार्मिक कार्य | –पोस्टर<br>–भिडियो क्लिप<br>–वृत्तचित्र | –पर्यटकहरूको गतिविधि भिडियो क्लिप अवलोकन गराइ गतिविधि अभ्यास पुस्तिकामा टिपोट गराउने<br>– पर्यटन र पर्यटकको वाक्य पत्ती प्रस्तुत गर्दै पढ्न लगाउने र छलफल र प्रस्तोत्तर गराई पर्यटन र पर्यटक शब्दको परिचय गराउने<br>–नजिकको पर्यटकीय स्थल अवलोकन गराउने | –तपाईंले पर्यटकले के कस्ता गतिविधि गरेको देख्नु भएको छ ? सूची तयार गर्नुहोस् ।<br>–पर्यटन र पर्यटक भनेको के हो, बताउनुहोस् । | १८ |
| ४ | –छिमेकी वडाहरूमा रहेको पर्यटकीय स्थलको पहिचान गर्न र पर्यटकीय स्थलहरूको सरसफाइमा सहभागी हुन<br>–घर वरपर बाटो घाटोको सरसफाइ गर्न | –पर्यटकीय स्थलहरू जस्तैः<br>–छिमेकी वडामा भएका दुई पार्कहरू, दुई सामुदायिक वन<br>– दुई धार्मिक स्थल<br>–दुई होमस्टेहरू<br>–दुई रिसोर्टहरू<br>–नजिकमा भएका दुई पर्यटकीय स्थलको सरसफाइ<br>–वृक्षरोपण<br>–प्लास्टिकमुक्त अभियान<br>–कुहिने र नकुहिने फोहोर | –फोटो<br>–पोस्टर<br>–भिडियो, वृत्तचित्र सरसफाइमा सहभागी भएको चित्र<br>–सरसफाइमा प्रयोग भएका सामग्री कुचो, चिम्टा, पन्जा, बोरा, डस्टविन आदि | –छिमेकी वडाहरूमा रहेको पर्यटकीय स्थलहरूको फोटो, पोस्टर भिडियो÷ वृत्तचित्र देखाई प्रश्नोत्तर गराउने<br>–विद्यार्थीहरूलाई नजिकैको पर्यटकीय स्थलको सरसफाइ कार्यमा सहभागी गराउने<br>–सरसफाइमा प्रयोग हुने सामग्रीको सूचीकरण गर्न लगाउने<br>–कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै व्यवस्थापन गर्न लगाउने<br>–घर वरपर बाटोघाटो सरसफाइ गर्न प्रोत्साहन गर्ने | –तपाईंको छिमेकी वडामा रहेका तीनओटा पर्यटकीय स्थलको नाम लेख्नुहोस् ।<br>–तपाईंले आफ्नो समुदायमा रहेको पर्यटकीय स्थलको सरसफाइ गर्दा प्रयोग भएका सामग्रीको नाम लेख्नुहोस् ।<br>–विद्यार्थीको कार्य तथा प्रस्तुतिको विश्लेषण गरी मूल्याङ्कन गर्ने, आवश्यकता अनुसार थप सिकाइका लागि सहजीकरण गर्ने | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५ | –महानगरभित्रका पर्यटकीय स्थलहरूको पहिचान गर्न<br>–महानगरका मुख्य पर्यटकीय आकर्षण पहिचान गर्न<br>–पर्यटकसँग शिष्टाचार संवाद/व्यवहार गर्न | –पर्यटकीय स्थलहरू जस्तैः मेघौली होमस्टे, धार्मिक स्थल-देवघाट धाम, गणेशधाम, चितवन राष्ट्रिय निकुञ्ज बी.पी. शान्ति नगर वन,नारायणी नदी, चितवन महोत्सव आदि<br>–महानगरका मुख्य पर्यटकीय आकर्षणः प्राकृतिक स्थलहरू<br>–निकुञ्ज,सामुदायिक वन,ताल,नदी, सूर्योदय, सूर्यास्त, पहाड आदि ऐतिहासिक स्थलहरू<br>–गढी,सङ्ग्राहलय,पार्क,धार्मिक स्थल आदि<br>–विविध उद्देश्य लिएर आउने पर्यटकहरूसँग शिष्टाचार संवाद/ व्यवहार<br>–अतिथि सत्कार | –महानगरभित्रका पर्यटकीय स्थलहरूको फोटो, भिडियो÷ वृत्तचित्र<br>–शिष्टाचार संवादको डकुमेन्ट्री, भिडियो/वृत्तचित्र<br>–अतिथि सत्कारको फोटो, भिडियो | –महानगरभित्रका पर्यटकीय स्थलहरू रहेको भिडियो/ वृत्तचित्र प्रदर्शन गरी छलफल गराउने<br>–संवादको भिडियो/ वृत्तचित्र अवलोकन गराई अभिनय गर्न लगाउने<br>–अतिथि सत्कारको फोटो तथा भिडियो देखाई अभिनय गर्न लगाउने<br>–पर्यटकीय आकर्षणकाबारेमा विद्यार्थीहरूसँग छलफल गर्ने भन्न लगाउने, टिप्दै जाने अन्तमा आफूले बनाएको पर्यटन आकर्षणको सूची प्रस्तुत गर्दै छलफल गर्ने | –महानगरभित्रका पर्यटकसँग गर्ने संवादको अभिनय गर्नुहोस् ।<br>–अतिथि सत्कार कसरी गर्नुहुन्छ बताउनुहोस् । विद्यार्थीले गरेको कार्यको अवलोकन गरी मूल्याङ्कन गर्नुहोस् । | १६ |
| ६ | –महानगरभित्रका पर्यटकीय स्थलहरूको प्रकार, संरक्षण गर्ने कार्यमा सहयोग पुर्‍याउन<br>–पर्यटकीय क्रियाकलाप<br>–महानगरभित्रका पर्यटन व्यवसायको महत्त्व बताउन | –पर्यटकीय स्थलहरूको प्रकार<br>–खेलकुद, ऐतिहासिक, सास्कृतिक,व्यवसायिक,मेडिकल,शैक्षिक,कृषि,सहकारी<br>–महानगरभित्रका पर्यटकीय स्थलहरूको संरक्षणका उपाय<br>–पर्यटकीय स्थलहरूमा नियमित सरसफाइ गर्ने, महानगरले तोकेको मापदण्डअनुसार स्थल वरपरका संरचना निर्माण गर्ने,फोहर मैलाको उचित व्यवस्थापन गर्ने,धार्मिक सास्कृतिक र पुरातात्त्विक स्थलहरूको पुनःनिर्माण गर्ने, प्राकृतिक पर्यटकीय स्थलहरूको संरक्षणका लागि वृक्षरोपण,बाँध,पर्खाल आदि निर्माण गर्ने आदि<br>–पर्यटकीय क्रियाकलाप<br>–जङ्गल सफारी,पैदल सफारी,जीप सफारी,हात्ती सफारी,सांस्कृतिक अवलोकन,जलविहार आदि | –पर्यटकीय स्थल र प्रकारको चार्ट<br>–संरक्षणका उपायको तालिका<br>–महत्त्वका बुँदा उल्लेख भएको चार्ट | –पर्यटकीय स्थलका प्रकार र संरक्षण गर्ने उपायकाबारेमा छलफल गराउने<br>–पर्यटकीय स्थलको संरक्षणमा विद्यार्थीको भूमिकामा संवाद गराउने<br>–पर्यटन व्यवसायको महत्त्वको चार्ट प्रस्तुत गर्दै छलफल र प्रश्नोत्तर विधिको प्रयोग गरी विद्यार्थीलाई सक्रिय बनाउने | –पर्यटन स्थलका प्रकारको चार्ट तयार गर्नुहोस् ।<br>–पर्यटकीय स्थलहरूको संरक्षणका उपाय लेख्नुहोस् ।<br>–व्यवसायको महत्त्व के छ बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।<br>–संवादको विश्लेषण गरी मूल्याङ्कन गर्ने | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | – पर्यटन व्यवसायको महत्त्व (रोजगारी, आम्दानी, आत्मनिर्भर, सिपमूलक जनशक्तिको निर्माण, घरेलु तथा साना उद्योगको विकास, ग्रामीण पुर्वाधारको विकास, व्यापारमा वृद्धि, कला र संस्कृतिको आदान प्रदान, महानगरपालिकाको प्रचारआदि) | | | | |
| ७ | – महानगरभित्रका मुख्य पर्यटकीय गन्तव्यको छोटो वर्णन गर्न<br>– पर्यटन व्यवसायको प्रवर्धनका लागि भएका प्रयास पहिचान गर्न<br>– पर्यटन व्यवसायको प्रवर्धनका लागि चाल्नु पर्ने कदमहरू बताउन | – महानगरभित्रका मुख्य मुख्य पर्यटकीय गन्तव्यको वर्णन<br>– देवघाट, चितवन राष्ट्रिय निकुञ्ज, कविलास गढी, जगतपुर, राइनो कुञ्ज, गोलाघाट, बागीश्वरी, गणेशधाम, गाँजीपुर, सिमरी टाउन, महाबौद्ध गुम्बा, राइनो ताल, धनगढा मन्दिर, चितवन प्रदर्शनी केन्द्र, बखान बहुउद्देश्यीय सहकारी संस्था, रानीपोखरी, गोही प्रजनन केन्द्र,संयुक्त राप्तीदुन मध्यवर्ती सामुदायिक वन, देवीस्थान पार्क, दियालो बङ्गला, प्राङ्गारिक कृषि उत्पादन केन्द्र आदि<br>– पर्यटन व्यवसायको प्रवर्धनका लागि महानगरबाट चालिएका कदमहरू<br>– टुर प्याकेजको निर्माण, प्राकृतिक पर्यटनको विकास,सास्कृतिक तथा धार्मिक पर्यटनका क्षेत्रको विकास,पर्यटन पूर्वाधारको विकास,आन्तरिक तथा बाह्य पर्यटनको विकास आदि<br>– महानगरभित्रका पर्यटकीय स्थलहरूको प्रवर्धनका लागि चाल्नुपर्ने कदम (सूचना केन्द्र व्यवस्थापन, होमस्टे सञ्चालन, कला र संस्कृतिको संरक्षण डकुमेन्ट्री निर्माण गरी बजारीकरण, विभिन्न भाषामा ब्रोसर, वेबसाइट, भिडियो, टुरगाइडबुक निर्माण गर्ने<br>– सांस्कृतिक तथा धार्मिक क्षेत्रको भौतिक संरचनामा मर्मत सम्भार तथा सुधार | – महानगरभित्रका<br>– पर्यटकीय गन्तव्यहरूको सूची र फोटा<br>– पर्यटनस्थलहरूको प्रवर्धन गर्न गरिएका प्रयासको चार्ट फोटो<br>– पर्यटन व्यवसायका लागि चाल्नुपर्ने कदम र पर्यटकीय क्रियाकलापको सूची | – पर्यटकीय गन्तव्यको चित्र प्रस्तुत गर्दै चित्रको आधारमा वर्णन गर्न लगाउने, प्रश्नोत्तर र छलफल विधि अवलम्बन गर्ने<br>– पर्यटन व्यवसायको प्रवर्धनका लागि भएका प्रयास उल्लिखित चार्ट देखाई विद्यार्थीलाई छलफल गराउने<br>– महानगरभित्रका पर्यटकीय गन्तव्यहरूको भ्रमण गराउने<br>– पर्यटकीय क्रियाकलाप र पर्यटन प्रवर्धनका लागि चाल्नुपर्ने कदमहरूको सूची प्रस्तुत गर्दै विद्यार्थी केन्द्रित विधिबाट छलफल प्रश्नोत्तर गर्ने | – दुई पर्यटकीय गन्तव्यको वर्णन गर्नुहोस् ।<br>– महानगर भित्रका पर्यटकीय स्थलको प्रवर्धन गर्न भएका प्रयासको सूची तयार गर्नुहोस् ।<br>– पर्यटकीय गन्तव्यहरूको भ्रमण गरे पछि भ्रमण प्रतिवेदन तयार गर्न लगाई मूल्याङ्कन गर्ने<br>– पर्यटन व्यवसायको प्रवर्धनका लागि चाल्नुपर्ने कदमको सूची तयार पार्नुहोस् । | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ८ | – पर्यटन व्यवसायका लागि आवश्यक आधारभूत सिप तथा व्यवस्थापकीय कार्यको सूचीकरण गर्न<br>– भरतपुर महानगरपालिकाका लेकसाइट सर्किटको खोजी गर्न<br>– महानगरपालिकामा पर्यटन व्यवसायको सम्भावनाबारे बताउन, खोजी गर्न | – पर्यटन व्यवसायका लागि आवश्यक पर्ने सिपहरू<br>– व्यवस्थापन गर्ने सिप, (पाक कला सम्बन्धी सिप,भाषागत सिप,नेतृत्व गर्ने सिप,समूहकार्यको सिप, कम्प्युटर तथा विद्युतीय सिप, सिर्जनात्मक सिप) कुराकानी गर्नै क्षमता,व्यक्तिगत बानीव्यवहार<br>– शिष्टाचार व्यवहार, यातायातका साधनको सुविधा, शान्ति सुरक्षाको प्रत्याभूति, पर्यटन सूचना केन्द्र<br>– भरतपुर महानगरपालिकामा अवस्थित लेकसाइट सर्किट<br>– टाइगर (बाघताल), किङ फिसर ताल, कसरा ताल, राइनो ताल, बिस हजारी ताल, बाटुली पोखरी, अठ्ठाइस हजार ताल<br>– भरतपुर महानगरपालिकामा पर्यटन व्यवसायको सम्भावना<br>– प्राकृतिक सुन्दरता<br>– हावा पानीमा विविधता<br>– ऐतिहासिक तथा सांस्कृतिक सम्पदा<br>– वन्यजन्तु<br>– धार्मिक स्थल<br>– जलविहार<br>– कम खर्चिलो | – पर्यटन व्यवसायका लागि आवश्यक पर्ने सिपहरू र व्यवस्थापकीय कार्य उल्लिखित चार्ट सूची<br>– लेकसाइट सर्किटका चित्र<br>– लेकसाइट सर्किटको नाम सूची<br>– सम्भावनाका आधारको सूची | – पर्यटकीय व्यवसायका लागि आवश्यक आधारभूत सिप तथा व्यवस्थापकीय कार्यको सूची प्रस्तुत गर्दै विद्यार्थीको बिचमा छलफल प्रश्नोत्तर गराउने<br>– शिष्टाचार व्यवहारको अभिनय गर्न लगाउने<br>– भरतपुर महानगरपालिकामा पर्यटन व्यवसायको सम्भावनाका बुँदाको सूची विद्यार्थीहरूलाई देखाउँदै उक्त बुँदामा छलफल तथा प्रश्नोत्तर गराउने<br>– पर्यटन व्यवसायको सम्भावना खोजी गर्न पर्यटक व्यवसायीहरूसँग छलफल तथा अन्तरक्रिया गर्न लगाउने<br>– लेकसाइट सर्किटको सूची प्रस्तुत गर्दै छलफल प्रश्नोउत्तर गर्न लगाउने | – पर्यटन व्यवसायका लागि आवश्यक पाँच सिपहरू लेख्नुहोस्।<br>– लेकसाइट सर्किटको सूची तयार गर्नुहोस् ।<br>– भरतपुर महानगरपालिमा पर्यटन व्यवसायको सम्भावना छ ? बुँदागत रूपमा उल्लेख गर्नुहोस<br>– उनीहरूको कार्य तथा प्रस्तुतिको विश्लेषण गरी मूल्याङ्कन गर्ने र आवश्यकता अनुसार थप सिकाइका लागि सहजीकरण गर्ने | १५ |

**सन्दर्भ सामग्रीः**


१ सुवेदी विश्वराज— ( २०८० ) महानगर साहित्य दर्पण,पर्यटन प्रवर्धनको ऐतिहासिक अभियान, भरतपुर महानगरपालिकाको कार्यालय

२ भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय— (२०७९) पाचँ वर्षे कार्यकालको समीक्षा, भरतपुर महानगरपालिका

३ भरतपुर महानगरपालिका स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री

४ भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, भरतपुर महानगरपालिका टुर प्याकेज

५ भिजिट भरतपुर २०२४ भरतपुर महानगरपालिका

५ भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, भरतपुर महानगरपालिकामा अवस्थित लेकसाइट सर्किटको सङ्क्षिप्त चिनारी

६ सुवेदी विश्वराज — (२०७८) चितवन दर्पण, चितवनको वन वातावरण तथा पर्यटन विकास, जिल्ला समन्वय समितिको कार्यालय भरतपुर चितवन

**क्षेत्र ४ : स्थानीय कृषि व्यवसाय**

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | –आफ्नो भान्सामा दैनिक प्रयोग हुने तरकारी तथा फलफूलको नाम लेख्न<br>–आफूले दैनिक रूपमा उपभोग गर्ने खाद्यान्नको नाम लेख्न<br>–घरमा पालिने पशुपन्छीको नाम लेख्न | –आफूले खाने र देखेका तरकारी र फलफूलहरूः आलु, काउली, बन्दा, गोलभैँडा, सिमी, बोडी, साग, ब्रोकाउली, परवर, करेला, भिन्डी, भन्टा आदि, अम्बा, केरा, मेवा, आँप, लिची, भुइँकटहर, रुखकटहर, आरु, सुन्तला, स्याउ, अङ्गुर, अनार, खर्बुजा, तर्बुजा)<br>–धान, चामल, मकै, गहुँ, कोदो, फापर, मास, मुसुरो रहर, चना, केराउ, मुँग<br>–कुखुरा, हाँस, परेवा, बट्टाई, भैँसी, गाई, बाख्रा, भेडा, माछा | –फलफूल तरकारी, खाद्यान्न, दलहनको नमुना वा रङ्गीन तस्बिर<br>–घरपालुवा पशुपन्छी र जनावरको रङ्गीन तस्बिर | –पालैपालो उनीहरूले खाने तरकारी, फलफूल, खाद्यान्न, दलहनको नाम भन्न र लेख्न लगाउने<br>–तरकारी, फलफूल, खाद्यान्न तथा दलहनको प्रदर्शनी<br>–घरपालुवा पशुपन्छी, जनावरको नाम चित्र हेरेर पालै पालो भन्न र लेख्न लगाउने<br>–तरकारी, फलफूल, खाद्यान्न र दलहनको रेखाङ्कित चित्रमा रङ भर्न लगाउने<br>–विभिन्न घरपालुवा पशुपन्छी र जनावरको आवाज निकाल्न लगाउने | –प्रश्नोत्तर वा हाजिरी जवाफ गरेर<br>–अवलोकन<br>–चित्र र नाम जोडा मिलाउने<br>–प्रदर्शन र छलफल गराएर<br>–अभिव्यक्त गर्न लगाएर<br>–चित्र बनाउने रङ भर्ने | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| २ | – आफ्नो टोलमा उपलब्ध तरकारी, फलफूल, खाद्यवस्तु, दलहनको नाम लेख्न<br>– स्थानीय स्तरमा पाइने घरपालुवा पशुपन्छी तथा जनावरको नाम लेख्न स्थानीय स्तरमा कृषि क्षेत्रमा प्रयोग हुने औजारको नाम लेख्न | –तरकारी, फलफूल, खाद्यान्न र दलहनको सूची र तिनीहरूको महत्त्व वा फाइदा<br>–घरपालुवा पशुपन्छीहरूको नाम, तिनको उपयोग<br>–स्थानीय स्तरमा खेतीपाती गर्न प्रयोग गरिने औजारको नाम, उपयोग जस्तैः कोदाली, हँसिया, कुटी, फरुवा, डल्लेठो, हलो | | –नजिकको धान, मकै, गहुँ, तरकारी, मसुरो, केराउ, बारी, फलफूल बगैचा, कुखुरा, बाख्रा, गाई, भैँसी, माछापालन अवलोकन भ्रमण गराई ती स्थानमा पोस्टरमा उल्लिखित फलफूल, तरकारी, खाद्यान्न, पशुपन्छी छन् वा छैनन् भन्न लगाउने<br>– ताजा तरकारी खानाले के फाइदा हुन्छ ? जस्ता प्रश्न सोधी समूह/समूहमा उत्तर भन्ने अभ्यास गराउने<br>– तरकारी खेती गर्ने औजार कुटो, कोदालोका चित्र देखाई भन्न लगाउने र तिनीहरूको प्रयोगबारे छलफल गर्ने | –अवलोकन, क्षेत्र भ्रमण<br>–प्रश्नोत्तर<br>–हाजिरी जवाफ<br>–छलफल<br>–चित्रमा रङ भर्ने<br>–चित्र र उपयोगिता जोडा मिलाउने<br>–परियोजना कार्यः फलफूल, तरकारी, खाद्यान्न बालीको रङ्गीन तस्बिरहरू, पुरानो पुस्तक, क्यालेन्डर, पत्रपत्रिकाबाट काटेर अलबम बनाउन लगाउने र उपयोगिता लेख्न लगाउने । दलहनको सानो थैलो बनाई अलबममा टाँसी नाम लेख्ने | १८ |
| ३ | –स्थानीय स्तरमा पाइने मुख्य तरकारी, खाद्यान्न, फलफूलको नाम र बीजारोपण गर्ने उपयुक्त समय बताउन<br>–खाद्यान्न तथा तरकारीको संरक्षण कृषि उत्पादन कुटानी पिसानी मिलको नाम लेख्न | –स्थानीय र अन्य जातका तरकारी खाद्यान्न र फलफूलको नाम र तिनीहरूको बीजारोपण गर्ने, बेर्ना सार्ने, गोडमेल गर्ने, फुल्ने, फल्ने समय तालिका (वार्षिक)<br>–तरकारी, खाद्यान्न र फलफूल खेतीको संरक्षण जस्तैः गोडमेल, बार, मलजल | –फलफूल, तरकारी, खाद्यान्न र दलहनको पोस्टर<br>–फलफूल, तरकारी, खाद्यान्न र दलहनको फाइदाको सूची देखाउने चित्र<br>– घरपालुवा पशुपन्छीहरूको चित्र वा पोस्टर र तिनीहरूको उपयोगिताको सूची | – स्थानीय कृषि फर्मको अवलोकन भ्रमण गराई स्थानीय किसानसँग अन्तरक्रिया गराउने<br>– कक्षामा स्थानीय बाहेकका अन्य फलफूल, तरकारी, खाद्यान्न चार्ट हेरेर भन्न लगाउने | –अवलोकन<br>–प्रश्नोत्तर<br>–छलफल<br>–हाजिरी जवाफ<br>–क्षेत्र भ्रमण<br>–चित्र र काम वा जानकारी जोडा मिलाउने | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | –कृषि उत्पादन कुटानी पिसानी मिल, धान कुट्ने, गहुँ, मकै, कोदो, फापर पिध्ने मिल, जाँतो, पानी घट्टा, तोरी पेल्ने कोल, बेसार, मसला पिस्ने मिल, ढिकी, ओखल, ग्राइन्डर, कोल | –औजारको चित्र वा पोस्टर र उपयागिताको सूची<br>– स्थानीय र अन्यजातका फलफूलको चार्ट<br>–तरकारी, खाद्यान्न, फलफूलको लगाउने बार्षिक समय तालिका<br>–तरकारी, खाद्यान्न, फलफूलको संरक्षण जस्तैः, गोडमेल, मलजल, बारबेर, गर्ने तरिकाको सूची, चित्र, भिडियो वृत्तचित्र<br>–कृषि उत्पादन कुटानी पिसानी गर्ने मिल तथा साधानको चित्र, तथा भिडियो | –खाद्यान्न, फलफूल, तरकारी संरक्षण भिडियो वृत्तचित्र देखाई संरक्षणको उपायबारे प्रश्नोत्तर गराउने<br>–नजिकको कुटानी पिसानी मिलमा भ्रमण गराई वा चित्र अनि भिडियो देखाई सोबारे विस्तृत जानकारी दिने | –परियोजना कार्य, स्थानीय स्तरका पाँचओटा मुख्य खाद्यान्न बाली र पाँचओटा मुख्य तरकारीको नाम, रोप्ने समय, तयार हुने समयको तालिका बनाउने | |
| ४ | –माटो तयारी, तरकारी र फलफूलका बेर्ना उमार्ने, सार्ने, रोगबाट जोगाउने जैविक उपचार र सुरक्षित गर्ने तरिका<br>–तरकारी, फलफूल र खाद्यान्न बालीमा सिँचाइ प्रणालीको वर्णन गर्न | –बिरुवा लगाउन माटो तयारी गर्ने तरिका<br>–तरकारीको ब्याड तयारी, विजन छर्ने, बेर्ना उमार्ने र सार्ने<br>–जैविक उपचारकोलागि जैविक औषधीहरू गाईको पिसाब, खरानी, विभिन्न पातहरूको झोल, सुर्तीको झोल आगोको प्रयोग<br>–थोपा सिँचाइ, डिप बोरिङ, खोलाबाट, खगेरी, नारायणी, लघु सिँचाइ, आकाशे पानी<br>–तरकारी र फलफूलका बेर्ना उमार्ने र सार्ने र भण्डारण गर्ने तरिका<br>–रोग लागेको र नलागेको तरकारी र फलफूल | –ब्याड, गमलामा माटो<br>–तरकारी र फलफूलका बिजन, बेर्नाहरू<br>–जैविक औषधीहरू<br>–सिँचाइ प्रविधिहरूको चित्र वा भिडियो | –स्थानीय कृषि फार्मको अवलोकन गराई विद्यार्थीलाई बिजन छर्ने वा ब्याड राख्ने, उमार्ने, बिरुवा सार्ने, अभ्यास गराउने<br>–स्थलगत अवलोकन गराई रोग लागेका र नगलागेका फलफूल तथा तरकारी छुट्याउन लगाउने<br>–भिडियो क्लिप देखाई रोग लागेका र नलागेका फलफूल, तरकारीको अवलोकन गराउने<br>–जैविक औषधीहरू तयार गर्न लगाउने<br>–विभिन्न सिँचाइ प्रविधिको स्थलगत अवलोकन गराइ सोको परिचय दिने | –अवलोकन<br>–प्रश्नोत्तर<br>–छलफल<br>–हाजिरी जवाफ<br>–क्षेत्र भ्रमण<br>–परियोजना कार्य, घरमा जैविक औषधी तयार गरी सोको नमुना विद्यालयमा ल्याउने | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५ | –जैविक मलखादको परिचय दिन<br>–स्थानीय स्तरमा पुष्प खेती र मौरीपालन व्यवसाय गर्ने तरिका बताउन<br>–करेसाबारी वा कौसीखेती गर्न | –जैविक मलखाद खुला जमिनमा, रिङमा र खास किसिमको कन्टेनरमा बनाउने<br>–गमला वा बारीमा विभिन्न फूल, फलफूल, तरकारी लगाउने<br>–फूल सयपत्री, मखमली, गोदावरी, गुलाफ को खेती गर्ने<br>–माहुरी पालन अभ्यास, घार खरिद, स्थान छनोट, चरन<br>–विद्यालय वा घरमा करेसाबारी बनाउने<br>–कौसी खेतीको अभ्यास | –जैविक मल बनाउने रिङ र खास किसिमको कन्टेनरमा बनाउने<br>–जैविक मल बनाउने विधिको सचित्र सूची वा भिडियो<br>–पुष्प खेती र माहुरी पालनको जानकारी पुस्तिका वा भिडियो<br>–गमला खेतीको चित्र वा भिडियो<br>–करेसाबारी र कौसीखेतीको चित्र वा भिडियो | –जैविक मल बनाउने तरिकाबारे महानगर वातावरण महाशाखाको विज्ञ आमन्त्रण गरी प्रदर्शन गराउने र विद्यालय र घरमा समेत मलखाद बनाउने कार्य<br>–महानगर, वातावरण महाशाखाबाट आंशिक अनुदानमा पाइने जैविक मलखाद बनाउने सामग्रीको प्रयोग गरी अभ्यास गराउने<br>–गमलामा फूल, फलफूल र तरकारी लगाउने<br>–चाडबाड र विशेष अवसरलाई लक्षित फूल खेती गरी माला व्यवसाय गर्ने<br>–स्थानीय मौरीपालकसँग घार व्यवस्थापनको उपाय सम्बन्धमा छलफल गराउने<br>–करेसाबारी र कौसी खेतीको स्थलगत अवलोकन भ्रमण गरी परिचय दिने र परियोजना कार्य गर्ने | –अवलोकन<br>–प्रश्नोत्तर<br>–छलफल<br>–हाजिरी जवाफ<br>–क्षेत्र भ्रमण<br>–परियोजना कार्य, घरमा जैविक मल बनाउँदा गरिएको दैनिक क्रियाकलाप लेखी पेस गर्ने<br>–प्रदर्शन<br>–प्रयोगात्मक कार्य, घरमा जैविक मल तयार गरी नमुना मल विद्यालयमा देखाउन ल्याउन । गमला वा प्लास्टिक थैलीमा तरकारीः खुर्सानी, गोलभैँडा, वा फलफूल अङ्गुर, सिउँडी फल लगाई, त्यसको तस्बिर खिची शिक्षकलाई इमेल वा मेसेन्जरमा पठाउने | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६ | –मल्चिङ प्रविधि र ग्रीन हाउस टनेल बनाउन<br>–बेमौसमी तरकारी र खाद्यान्न बालीको नाम भन्न<br>–बेमौसमी तरकारी र खाद्यान्नमा लाग्ने रोग र नियन्त्रणको उपाय बताउन | –मल्चिङ प्रविधिको र ग्रीन हाउसको निर्माण, प्रयोगको उद्देश्य<br>–बेमौसमी खाद्यान्न (हिउँदे मकै, चैते धान), तरकारी गोलभैँडा, रायो, बन्दा, काउली उत्पादन अभ्यास<br>–बेमौसमी हिउँदे मकै, चैते धान, तरकारी गोलभैँडा, रायो, बन्दा, काउलीमा लाग्ने रोग र नियन्त्रणको उपाय | –मल्चिङ प्रविधिको र ग्रिन हाउसको तस्बिर वा भिडियो<br>–स्थानीय स्तरमा लगाउन मिल्ने बेमौसमी खाद्यान्न बाली र तरकारीको सूची र चित्र<br>–बेमौसमी बाली र तरकारी खेतीमा लाग्ने रोगको सूची र नियन्त्रण गर्ने उपायको सूची | –नजिकको कृषि फार्ममा भएको मल्चिङ प्रविधिको र ग्रीन हाउसको अवलोकन भ्रमण गराई परिचय दिने, वा यसको चित्र वा भिडियो प्रदर्शन गराई परिचय दिने<br>–स्थानीय स्तरमा लगाइने बेमौसमी खाद्यान्न र तरकारीको सूची तयार गरी सो लगाउने तरिकाको बारेमा जानकारी दिने,<br>–विद्यालय नजिक त्यस प्रकारको खेती भएमा अवलोकन भ्रमण गराउने र उनीहरूलाई पनि सो खेती गर्न लगाउने<br>–बेमौसमी खेतीमा हुने रोगको सूची तयार गरी सो नियन्त्रणबारे जानकारी दिने, सम्भव भएमा स्थानीय कृषकसँग सोबारे अन्तरवार्ता लिन लगाउने | –अवलोकन<br>–क्षेत्र भ्रमण<br>–खोज विधि<br>–प्रश्नोत्तर<br>–हाजिरी जवाफ<br>–परियोजना कार्यः तयारी प्रश्नावली प्रयोग गरी कृषकसँग अन्तरवार्ता लिई, उहाँको जवाफको आधारमा प्रतिवेदन लेखन तथा प्रस्तुति<br>–प्रयोगात्मक कार्य<br>–सिरौला बनाउन लगाउने | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ७ | –स्थानीय स्तरमा पशुपालन, पन्छीपालन र मत्स्यपालन गर्न<br>–घर तथा विद्यालयमा करेसाबारी निर्माण तथा प्राङ्गारिक उत्पादन स्थानीय नगदे र खाद्यान्न बालीको परिचय दिन | –लेयर्स कुखुरा, ब्रोइलर्स कुखुरा पालन, हाँस पालनः प्रमुख प्रजाति, खोर व्यवस्थापन, दाना व्यवस्थापन, रोग परिचय तथा नियन्त्रण, अन्डा व्यवस्थापन, समय अवधि<br>–गाई पालन, भैँसी पालन, बाख्रा पालनः प्रमुख प्रजाति, गोठ वा खोर व्यवस्थापन, घाँस तथा दाना व्यवस्थापन, रोग व्यवस्थापन, दुग्ध तथा मासु व्यवसाय,<br>–मत्स्य पालनः प्रमुख प्रजाति, पोखरी निर्माण तथा व्यवस्थापन, दाना व्यवस्थापन, रोग व्यवस्थापन | –लेयर्स कुखुरा, ब्रोइलर्स कुखुरा पालन, हाँस पालनको पोस्टर, वा भिडियो<br>–गाई पालन, भैँसी पालन, बाख्रा पालन, मत्स्य पालनसम्बन्धी पोस्टर वा भिडियो/वृत्तचित्र<br>–मत्स्य पालनसम्बन्धी पोस्टर वा भिडियो/ वृत्तचित्र<br>–करेसाबारीको तस्बिर वा भिडियो<br>–खाद्यान्न बाली र नगदे बालीको परिचय र स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न बाली र नगदे बालीको सूची र प्रयोगको सूची | –नजिकको लेयर्स कुखुरा, ब्रोइलर्स कुखुरा पालन, हाँस पालनको स्थलगत अवलोकन भ्रमण गराउने वा भिडियो वा तस्बिर देखाउने र प्रमुख प्रजाति, खोर व्यवस्थापन, दाना व्यवस्थापन, रोग व्यवस्थापन, अन्डा व्यवस्थापन, समय अवधिबारे जानकारी दिने<br>–नजिकैको गाई पालन, भैँसी पालन, बाख्रा पालनको स्थलगत अवलोकन भ्रमण गराउने वा भिडियो वा तस्बिर देखाउने र प्रमुख प्रजाति, गोठ वा खोर व्यवस्थापन, घाँस तथा दाना व्यवस्थापन, रोग व्यवस्थापन, दुग्ध तथा मासु व्यवसायबारे जानकारी दिने | –अवलोकन पशुपन्छी पालन, मत्स्यपालनका दानाबारे, रोग परिचय र नियन्त्रणबारे, खोर व्यवस्थापनबारे, प्रमुख प्रजातिबारे उल्लेख गर्नुहोस् ।<br>–स्थानीय स्तरमा पशु पालन, पन्छी पालन र मत्स्य पालनको सम्भावना सूचीकरण गर्नुहोस् ।<br>–हाजिरी जवाफ<br>–क्षेत्र भ्रमण तथा प्रतिवेदन लेखन र प्रस्तुतीकरण | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | –प्राङ्गारिक उत्पादनका लागि घरमा तथा विद्यालयमा करेसाबारी निर्माणबारे जानकारी<br>–स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न बाली र नगदे बालीको सूची र प्रयोग | | –नजिकको मत्स्यपालन स्थल अवलोकन गराई माछाको प्रकार, पोखरी निर्माण, रोग परिचय र नियन्त्रण, दाना व्यवस्थापन र फाइदा सम्बन्धमा प्रबन्धकसँग छलफल गराउने तथा जानकारी दिने<br>–भिडियो÷वृत्तचित्र प्रस्तुत गरी प्रश्नोत्तर अभ्यास गराउने<br>–नजिकैको करेसाबारीको भ्रमण गराउने र कृषकसँग कुराकानी गराई सोबारे जानकारी लिन लगाई प्रतिवेदन तयार गर्न लगाउने<br>–खाद्यान्न बाली र नगदेबालीबारे जानकारी दिने यसको प्रयोग र महत्त्वबारे जानकारी दिने | –परियोजना कार्यः गाई पालन, भैँसी पालन, कुखुरा पालन वा मत्स्य पालन कृषकसँग भेट गरी लिएको अन्तरवार्ताको आधारमा शीर्षकसहितको आम्दानी खर्चको विवरण पेस गर्ने<br>–प्रयोगात्मक कार्यः घरमा करेसाबारी निर्माण गर्ने<br>–मस्यौरा, गुन्द्रुक, भेजिटेबलको अचार, गोलभैँडाको सस बनाउन लगाउने | |
| ८ | –कृषि व्यवसायका लागि लगानी सहयोगका स्रोत पहिचान तथा कृषि बजारीकरण  गर्न<br>–स्थानीय हाट बजार,<br>–स्थानीय फलफूल खेतीबारे जानकारी लिन | –कृषि व्यवसायमा सहयोग गर्ने सङ्गठनहरूः कृषि, विकास बैङ्क, प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, कृषि ज्ञान केन्द्र, महानगरको कृषि विकास शाखा, पशु तथा कृषि विश्वविद्यालय, सहकारीहरू, गैरसरकारी संस्थाहरू | –सरकारी तथा गैरसरकारी संस्थाले कृषि व्यवसाय प्रवर्धनमा गर्ने सहयोगको सूची<br>–कृषि व्यवसायका बजारका क्षेत्र तथा बजारीकरणका उपाय लेखिएको चार्ट, भिडियो वृत्तचित्र | –सरकारी तथा गैरसरकारी संस्थाले कृषि व्यवसाय प्रवर्धनमा गर्ने सहयोगको सूची तालिका देखाई पढ्न लगाउने<br>– Video देखाई छलफल गरी कृषि विज्ञसँग बजारीकरण उपायबारे संवाद अभ्यास गराउने | –तपाईँ एक कृषक हुनुहुन्छ र भैँसी पालन गर्दै हुनुहुन्छ, तपाईँ कहाँ र कसरी सेवा प्राप्त गर्नुहुन्छ सूची बनाउनुहोस् ।<br>–कृषि व्यवसायको बजारीकरणका उपाय सूचीकरण गर्नुहोस् । | १६ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | –कृषि व्यवसायका बजारका क्षेत्र,<br>–हाट, तरकारी, मासु, फलफूल बजार, स्थानीय मेला महोत्सव<br>–बजारीकरणका उपाय, प्रचार प्रसार, सगठन तथा पूर्वाधार निर्माण<br>–स्थानीय स्तरमा उत्पादन हुने फलफूलः अम्बा, लिची, आँप, भुइँ कटहर, केरा, मेवा, अङ्गुर, स्ट्रबेरी, आरु, कागती, सुन्तला, सिउँडी फल, एभोकाडो खेतीबारे जानकारी | –स्थानीय हाट बजारको नाम<br>–स्थानीय तहमा लगाइने फलफूलको सचित्र सूची | –स्थानीय हाटबजारको स्थलगत अवलोकन भ्रमण गराई कृषि उत्पादनको बजारीकरणमा यसको भूमिकाबारे जानकारी दिने<br>–स्थानीय स्तरमा उत्पादन हुने फलफूलका बिरुवा रोप्ने समय, मलजल गोडमेल, फूल लाग्ने समय, सो समयमा गर्नुपर्ने स्याहार, लाग्न सक्ने रोग, किराबाट सुरक्षा, यसका फाइदा, बजारको सम्भावना | –अवलोकन तथा प्रतिवेदनः स्थानीय हाट बजारको भ्रमण पश्चात्<br>–परियोजना कार्यः स्थानीय हाट बजारमा पाइने तरकारी, फलफूल लगायतको सामग्रीको सूची, पसल सङ्ख्या, मूल्य सूची, ल्याइने स्थानको नाम, खरिद मूल्य, ढुवानी खर्च, बिक्री मूल्य, आम्दानी खर्च पसलगत, समग्रमा आम्दानी, खर्च र बचतसहितको एक ब्रोशर तयारी<br>–स्थानीय स्तरमा उत्पादन हुने कुनै तीन जातको फलफूल घर वा कौसीमा रोप्न लगाई सोको तस्बिर खिची शिक्षकको इमेल वा मेसेन्जरमा पठाउने<br>–फलफूलको जुस, फलफूलको आचार, बनाउन लगाउने | |

**क्षेत्र ५ : स्थानीय व्यवसाय, पेसा र प्रविधि**

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | –आफ्नो परिवार वा छिमेकीका पेसा, व्यवसायको नाम र काम<br>–स्थानीय रैथाने प्रविधिको नाम र काम | –स्थानीय पेसा जस्तै: शिक्षण, प्रहरी सेवा, नेपाल सेना, अध्ययन, कृषिः तरकारी, फलफूल, खाद्यान्न, नगदे खेती, पशुपालन, पन्छी पालन, मत्स्य पालन, स्वास्थ्य सेवा, निजामती सेवा, वित्तीय संस्था, होटेल व्यवसाय, पर्यटन व्यवसाय, स्थल यातायात, हवाई यातायात, इन्जिनियरिङ, न्याय सेवा आदि र उनीहरूले गर्ने काम<br>–स्थानीय रैथाने प्रविधिहरू ढिकी, जाँतो, आरन, हलो, मही पार्ने प्रविधि, माछा मार्ने जाल, सुधारिएको चुलो, कोल, घट्टको नाम र काम | –विभिन्न पेसाको भिडियो/वृत्तचित्र<br>–विभिन्न मुख्य पेसाको चित्र र कामसहितको पोस्टर<br>–स्थानीय रैथाने प्रविधिको भिडियो क्लिप, चित्रमा नाम र कामसहितको पोस्टर | –विद्यार्थीहरूलाई विभिन्न पेसाको भिडियो/वृत्तचित्र र पोस्टर देखाई पेसाको नाम र काम भन्न लगाउने ।<br>–विभिन्न पेसाका मानिसले गर्ने कामको अभिनय गर्न लगाउने<br>–कुन पेसा वा व्यवसाय मन पर्छ भन्न र लेख्न लगाउने र किन मन पर्छ भन्न लगाउने<br>–विभिन्न पेसाका व्यक्तिहरूसँग भेटघाट गराइ कुराकानी गर्न लगाउने<br>–स्थानीय रैथाने प्रविधिहरूको भिडियो क्लिप वा तस्बिर देखाई यसको नाम र काम भन्न र लेख्न लगाउने<br>–वरपर भएको स्थानीय रैथाने प्रविधिको अवलोकन भ्रमण गराई नाम र काम चिनाउने | –तपाईँको समुदायमा गरिने कुनै तीनओटा पेसाको नाम भन्नुहोस् ।<br>–पेसाको नाम र काम, वा तस्बिर र नाम, वा तस्बिर र काम जोडा मिलाउने<br>–विभिन्न पेसासँग सम्बन्धित रेखा चित्रमा रङ भर्ने<br>–विभिन्न पेसाको मानिसले गर्ने कामको अभिनय गर्न लगाउने<br>–स्थानीय रैथाने प्रविधिको चित्र र नाम, वा चित्र र काम, वा नाम र चित्र जोडा मिलाउन लगाउने<br>–स्थानीय रैथाने प्रविधिको नाम र काम भन्न र लेख्न लगाउने | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| २ | –स्थानीय स्तरमा सञ्चालन रहेका स्वरोजगार व्यवसायको नाम र काम<br>–स्थानीय स्तरमा निर्माण गर्न सकिने रैथाने स्रोत माटो, पराल, बाँस, गुँद, काँस, पात र काठबाट निर्मित सामग्रीको नाम र काम | –स्थानीय स्तरमा सञ्चालन रहेका स्वरोजगार व्यवसायको नाम, जस्तैः किराना पसल, खाजा घर, मासु पसल, कपडा पसल, फेन्सी पसल, कस्मेटिक सामग्री पसल, मोबाइल पसल, पुस्तक पसल, मिठाई पसल, कपाल काट्ने सैलुन, ब्युटी पार्लर, कम्प्युटर सिकाउने स्थल, ग्रील पसल, हार्डवेयर पसल, बिजुली पसल, इलेक्टोनिक्स पसल, जुत्ता चप्पल पसल, भाडा पसल, सिलाई पसल, तरकारी पसल, फलफूल पसल, साइकल मर्मत पसल, मर्मत पसल, सुनचाँदी पसल, फोटो स्टुडियो, नर्सरी, औषधी पसल, दाना पसल, डेकोरेशन सामग्री पसलको नाम र काम<br>– स्थानीय स्तरमा रैथाने स्रोत सामग्रीबाट उत्पादित सामग्रीः गमला, घैँटो, भुड्को, मुढा, नाङ्लो, डालो, डोको, पेरुङ्गो, मान्द्रो, गुन्द्री, चकटी, कुचो, दुना, टपरी, ठेकीको नाम र काम | –स्थानीय स्तरमा सञ्चालनमा रहेको स्वरोजगार व्यवसायको रङ्गीन तस्बिर वा पोस्टर<br>–स्थानीय स्तरमा स्तरमा निर्माण गर्न सकिने रैथाने स्रोतबाट निर्माण गर्न सकिने सामग्रीको रङ्गीन तस्बिर वा पोस्टर<br>–उक्त सामग्रीको नमुना सामग्री | –स्थानीय स्तरमा सञ्चालित स्वरोजगार व्यवसाय स्थल भ्रमण गराउने, सञ्चालकसँग कुराकानी गराउने<br>–स्थानीय स्तरमा सञ्चालित स्वरोजगार व्यवसायको नाम सङ्कलन गरी सो को कम्तीमा एक एकओटा काम भन्न र लेख्न लगाउने<br>–विद्यार्थीलाई स्थानीय स्तरमा निर्माण गर्न सकिने रैथाने स्रोतबाट निर्मित सामग्री उल्लेख गरिएको चार्ट देखाई सो सामग्रीको नाम र प्रयोग भन्न र लेख्न लगाउने | –स्थानीय स्तरमा सञ्चालित स्वरोजगार व्यवसायको नाम र काम भन्नुहोस् र लेख्नुहोस् ।<br>–तपाईँको वडामा उपलब्ध स्थानीय स्तरमा निर्माण गर्न सकिने रैथाने स्रोतबाट उत्पादित सामग्रीको नाम भन्नुहोस् र लेख्नुहोस् । | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | –स्थानीय प्रविधिबाट उत्पादित वस्तु तथा सेवाको सङ्क्षिप्त परिचय, आवश्यकता र महत्त्व | –स्थानीय व्यवसाय राइस मिल, तोरी पेल्ने मिल, कोल, आरान, कुखुरा फार्म, प्लास्टिक उद्योग, बिस्कुट, अचार, च्याउ, गुन्द्री, डोको रङ, मसला, पानी, दुध, ब्लक, दाना उद्योग, फर्निचर उद्योग आदिबाट उत्पादित वस्तुको नाम, सेवा, यसको आवश्यकता, महत्त्व | –विभिन्न उद्योगको भिडियो/ वृत्तचित्र<br>–यी उद्योगहरू झल्किने रङ्गीन तस्बिर वा पोस्टर | –स्थानीय स्तरमा सञ्चालित यस्ता उद्योगहरूमा भ्रमण गराउने, सञ्चालकसँग कुराकानी गराउने ।<br>–विद्यार्थीहरूलाई स्थानीय स्तरमा सञ्चालित यस्ता उद्योगहरूको भिडियो/ वृत्तचित्र वा चित्र देखाई नाम, सेवा, यसको आवश्यकता र महत्त्वबारे प्रश्नोत्तर अभ्यास गराउने, भन्न र लेख्न लगाउने | –तपाईँको वडा र छिमेकी वडाहरूमा सञ्चालित उद्योहरूको नाम भन्नुहोस् ।<br>–यिनीहरूको सेवा, आवश्यकता र महत्त्व भन्नुहोस् र लेख्नुहोस् । | १८ |
| ४ | –आफ्नो टोलमा प्रचलनमा रहेका परम्परागत र आधुनिक प्रविधि उत्पादन र प्रयोग<br>–डिजिटल साक्षरता | – स्थानीय प्रविधिबाट उत्पादित वस्तु जस्तैः चिउरा, पाउरोटी, सिरम्ला, आइसक्रिम, गुन्द्री, डोको, ढकिया, गुन्द्रुक, दालमोट, मैनबत्ती, क्रेट, पानी, अन्डा, मासु, दाना, चामल, तेल, फर्निचरका सामग्री आदिको परिचय र प्रयोग<br>–दैनिकरूपमा प्रयोग हुने डिजिटल उपकरणहरू, जस्तैः स्मार्ट फोन, ल्यापटप, इन्टरनेट सेवा, राउटर, स्मार्ट टीभी, प्रोजेक्टर, स्मार्ट इन्टराक्टिभ बोर्ड आदिको नाम, प्रयोग<br>–दैनिकरूपमा प्रयोग हुने एपहरू फेसबुक, मेसेन्जर, भाइबर, ह्वाट्सएप, इमो, ट्विटर, इन्स्टाग्राम आदिको नाम, प्रयोग<br>–इन्टरनेट ब्राउजरहरू गुगलक्रोम, माइक्रोसफ्ट एज, मोजिला फायरफक्सको छोटो चिनारी | –स्थानीय स्तरमा उपलब्ध परम्परागत र आधुनिक प्रविधि उत्पादित सामग्रीको चार्ट, तस्बिर वा पोस्टर<br>–ठोस नमुना सामग्री<br>–दैनिकरूपमा प्रयोग हुने डिजिटल उपकरणहरूको सङ्कलन वा तस्बिर वा पोस्टर<br>–उल्लिखित एपहरूको लोगोसहितको पोस्टर वा मोबाइलमा इन्स्टल गरिएको एपहरू<br>–उल्लिखित ब्राउजरहरूको लोगोसहितको पोस्टर वा मोबाइल र ल्यापटपमा इन्स्टल गरिएको एपहरू | –स्थानीय स्तरमा रहेको उल्लिखित परम्परागत र आधुनिक प्रविधिबाट उत्पादित सामग्रीको चार्ट प्रस्तुतगरी छलफल गराउने, यसको नाम, काम र प्रयोगबारे भन्न र लेख्न लगाउने ।<br>–ठोस नमुना सामग्रीको प्रदर्शनी गराई प्रश्नोत्तर अभ्यास गर्ने ।<br>–दैनिक रूपमा प्रयोग हुने डिजिटल डिभाइसहरूको सक्षात्कार गराई तिनीहरूबारे परिचय दिई, यसको प्रयोगबारेमा उल्लेख गर्ने, यसको नाम र प्रयोगबारे भन्न र लेख्न लगाउने ।<br>–दैनिक रूपमा प्रयोग हुने एपहरू र ब्राउजरहरूको सक्षात्कार गराई तिनीहरूबारे परिचय दिई, यसको प्रयोगबारेमा उल्लेख गर्ने, यसको नाम र प्रयोगबारे भन्न र लेख्न लगाउने | –स्थानीय प्रविधिबाट उत्पादित सामग्रीको सूची तयार पार्नुहोस् । र तिनीहरूको प्रयोगबारे पनि लेख्नुहोस् ।<br>–दैनिक रूपमा प्रयोग हुने डिजिटल डिभाइस, एप र इन्टरनेट ब्राउजरको नाम र कामबारे भन्नुहोस् र लेख्नुहोस् ।<br>–यी एपहरू र ब्राउजरहरूको प्रयोग गर्न लगाई मूल्याङ्कन गर्ने | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५ | –पात निर्मित सामग्री निर्माण र प्रयोग<br>–मोबाइल एप्सको प्रयोगबाट सेवा लिने तथा बिल भुक्तानी<br>–स्थानीय स्तरमा भएका अस्पतालको छोटो परिचय | –सालको वा अन्य पातहरूबाट दुना टपरी बनाउने<br>–मोबाइल एप ईसेवा, खल्ती, आइएमइ पेबाट विद्युत् महसुल, खानेपानी महसुल रकम भुक्तानी आदि सेवा प्रयोग गर्ने<br>–स्थानीय स्तरमा सञ्चालित बेड सेवासहितका सरकारी तथा निजी अस्पतालको नाम र उपलब्ध सेवाबारे जानकारी | –सालको पातबाट बनेको दुना, टपरी आदि सङ्कलन, वा पोस्टर<br>–उल्लिखित एपहरूको लोगोसहितको पोस्टर वा मोबाइलमा इन्स्टल गरिएको एपहरू<br>–स्थानीय तहभित्र रहेको बेड सेवासहितका सरकारी तथा निजी अस्पतालको नाम र सेवा सूचीसहितको चार्ट | –सालको वा अन्य पातहरूबाट दुना टपरी बनाउने प्रयोगात्मक अभ्यास गर्ने । यसको प्रयोग र फाइदाको बारेमा भन्न र लेख्न लगाउने<br>–मोबाइल एप ईसेवा,<br>–खल्ती, आइएमइ पेबाट विद्युत् महसुल, खानेपानी महसुल रकम भुक्तानी गर्ने तरिकाको प्रयोगात्मक अभ्यास । यसको प्रयोग विधि र फाइदाबारे भन्न र लेख्न लगाउने<br>– स्थानीय स्तरमा सञ्चालित बेड सेवासहितका सरकारी तथा निजी अस्पतालको नाम र उपलब्ध सेवाबारे जानकारी दिने, भ्रमण गराउने, यी अस्पतालको नाम र उपलब्ध सेवाबारे भन्न र लेख्न लगाउने | –सालको वा अन्य पातहरूबाट दुना टपरी बनाउने विधि र फाइदा भन्नुहोस् वा लेख्नुहोस् । दुना टपरी तयार गरेर ल्याउनुहोस् ।<br>–मोबाइल एप ईसेवा, खल्ती, आइएमइ पेबाट विद्युत् महसुल, खानेपानी महसुल रकम भुक्तानी गर्ने तरिकाको प्रयोगात्मक कार्य गरी यसको प्रयोग विधि र फाइदाबारे भन्नुहोस् र लेख्नुहोस् ।<br>–स्थानीय स्तरमा सञ्चालित बेड सेवासहितका सरकारी तथा निजी अस्पतालको नाम र उपलब्ध सेवाबारे भन्नुहोस् र लेख्नुहोस् । | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
| --- | --- | --- | --- | --- | --- | --- |
| ६ | –स्थानीय स्तरमा सञ्चालन हुन सक्ने पेसा, व्यवसाय र रोजगारको सम्भावना<br>– सियो धागोबाट सिलाउने,<br>– स्वेटर बुन्ने<br>– इमेल तथा इन्टरनेटको प्रयोग<br>–स्थानीय स्तरमा भएको उद्योग कलकारखानाको छोटो परिचय | –स्थानीय स्तरमा सञ्चालनमा रहेको उद्योग प्रवर्धनमा स्थानीय सरकारको भूमिका<br>- अनुमति<br>- सञ्चालन<br>- अनुगमन<br>- अनुदान प्रदान<br>- कर छुट र प्रोत्साहन<br>- (हात र सियो धागोको मदतले टाँक लगाउने, टाँक घर बुन्ने, सामान्यरूपमा उध्रिएको वा च्यातिएको कपडा सिलाउने ज्ञान र सिप<br>- (सुइरो र उनी धागोको मदतले स्वेटर बुन्ने ज्ञान र सिप<br>- (इन्टरनेटको प्रयोग, इमेल खाता खोल्ने ज्ञान र सिप<br>- स्थानीय तहमा सञ्चालित महत्त्वपूर्ण उद्योग तथा कलकारखाना जस्तैः, दाना उद्योग, कोकाकोला, मेसजाली, ब्लक, जस्तापाता, चप्पल, दुग्ध सामग्री, क्रसर, प्लाइउड, मिनरल बाटर, कापी, प्रेस, फाइबर र फलामका झ्याल ढोका निर्माण उद्योग कलकारखानाको परिचय | –उद्योगको प्रवर्धनमा सरकारको भूमिकासम्बन्धी चार्ट<br>–स्थानीय सरकारले जारी गरेका सम्बन्धित ऐन, नियमहरू<br>–सियो, धागो र विभिन्न प्रकारको टाँकाहरूको तस्बिर<br>–स्वेटर बुन्ने सुइरो र उनीको धागो<br>–इन्टरनेट सेवा, कम्प्युटर<br>–स्थानीय स्तरमा सञ्चालित ठुला तथा मझौला उद्योग, कलकारखानाको नाम र तस्बिरको पोस्टर | - उद्योगको प्रवर्धनमा सरकारको भूमिकासम्बन्धी चार्ट प्रस्तुत गरी प्रश्नोत्तर अभ्यास गराउने<br>–-स्थानीय सरकारले जारी गरेकासम्बन्धीत ऐन नियमहरूमा छलफल गराउने<br>–सियो, धागोको प्रयोग गरी टाँक लगाउने, टाँक घर बुन्ने, विभिन्न प्रकारको टाँकाहरू जस्तैः सरसर्ती सिउने टाँका, बखिया टाँका, इन्टरलक टाँका आदिको प्रयोग गरेर उध्रिएको वा च्यातिएको कपडा सिलाउन अभ्यास गराउने, सो कार्यको विधि भन्न र लेख्न लगाउने<br>–सुइरो र नीको धागो प्रयोग गरी मफलर, स्वेटर, टोपी आदि बुन्न अभ्यास गराउने, सो कार्यको विधि भन्न र लेख्न लगाउने | –स्थानीय उद्योगको प्रवर्धनमा स्थानीय सरकारको भूमिका उल्लेख गर्नुहोस् ।<br>–सियो, धागोको प्रयोग गरी टाँक लगाउने, टाँक घर बुन्ने, विभिन्न प्रकारको टाँकाहरू जस्तैः सरसर्ती सिउने टाँका, बखिया टाँका, इन्टरलक टाँका आदिको प्रयोग गरेर उध्रिएको वा च्यातिएको कपडा सिलाउने प्रयोगात्मक कार्य र सो कार्यको विधि भन्नुहोस् र लेख्नुहोस् । | १४ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | –आफ्नो इमेल खाता जी मेल वा याहुमा खोल्न सिकाउने र खोल्ने बिधि भन्न र लेख्न लगाउने<br>–स्थानीय स्तरमा सञ्चालन भइरहेको ठुला तथा मझौला उद्योग तथा कलकारखानाबारेमा सामन्य जानकारी गराउने जस्तैः नाम, स्थान, उत्पादन वस्तु, प्रयोग गर्ने कच्चा पदार्थ, उत्पादनको प्रयोग, देश र समाजलाई फाइदाबारे भन्न र लेख्न लगाउने | –सुइरो र उनीको धागो प्रयोग गरी मफलर, स्वेटर, टोपी आदि बुन्ने प्रयोगात्मक कार्य र सो कार्यको विधि भन्नुहोस् र लेख्नुहोस् ।<br>–आफ्नो इमेल खाता जीमेल वा याहुमा खोल्ने प्रयोगात्मक कार्य र खोल्ने बिधि भन्नुहोस् र लेख्नुहोस् ।<br>–स्थानीय स्तरमा सञ्चालन भइरहेको ठुला तथा मझौला उद्योग तथा कलकारखाना को नाम, स्थान, उत्पादन वस्तु, प्रयोग गर्ने कच्चा पदार्थ, उत्पादनको प्रयोग, देश र समाजलाई फाइदाबारे भन्नुहोस् र लेख्नुहोस् । | |
| ७ | – वृत्तिको परिचय<br>–स्थानीयस्तरमा अवलम्बन गर्न सकिने पेसा, व्यवसाय र स्वरोजगारको तुलना<br>–डिजिटल स्रोत सामग्रीको पहुँच र प्रयोग | –स्थानीय तहभित्रका व्यक्तिहरू संलग्न विभिन्न पेसाको सूची, ती पेसामा संलग्न व्यक्तिले गर्ने काम वा सेवा<br>–स्थानीय स्तरमा आम वा धेरै व्यक्तिहरूले जीविकोपार्जनका लागि अँगालेको पेसा, व्यवसाय र स्वरोजगारको सूची र ती पेसा वा व्यवसाय वा स्वरोजगारको तुलनात्मक अध्ययन<br>–कम्प्युटरमा माइक्रोसफ्ट वर्डमा टाइप गर्न, कागजात प्रिन्ट गर्न, एक्सेलमा अङ्क राखी जोड, घटाउ, गुणन र भाग गर्न, पावरपोइन्ट स्लाइड तयार गर्न | –विभिन्न पेसा झल्किने व्यक्तिहरूको तस्बिर वा पोस्टर<br>–विभिन्न व्यवसाय र स्वरोजगार झल्किने तस्बिर वा पोस्टर<br>–कम्प्युटर, प्रिन्टर | –स्थानीय तहभित्रका व्यक्तिहरू संलग्न विभिन्न पेसाको सूची देखाई, ती पेसामा संलग्न व्यक्तिले गर्ने काम वा सेवाको बारेमा जानकारी दिने, उनीहरूलाई सोबारे भन्न र लेख्न लगाउने । नजिकै रहेका पेसाकर्मीसँग भेटघाट गराई कुराकानी गर्न लगाउने<br>–कुनै पेसा र व्यवसायको विचमा तुलना गरी सबल पक्ष र दुर्बल पक्षबारे छलफल गर्ने<br>- (कम्प्युटरमा माइक्रोसफ्ट वर्डमा टाइप गर्न, कागजात प्रिन्ट गर्न, एक्सेलमा अङ्क राखी जोड, घटाउ, गुणन र भाग गर्न, पावरपोइन्ट स्लाइड तयार गर्न अभ्यास गराउने र सो प्रक्रियाको बारेमा भन्न र लेख्न लगाउने | –स्थानीय तहभित्रका व्यक्तिहरू संलग्न विभिन्न पेसाको सूची, ती पेसामा संलग्न व्यक्तिले गर्ने काम वा सेवा लेख्नुहोस् ।<br>–पेसा र व्यवसायको तीन तीनओटा सबल पक्ष र तीन तीनओटा दुर्बल पक्ष लेख्नुहोस् ।<br>–कम्प्युटरमा माइक्रोसफ्ट वर्डमा टाइप गर्न, कागजात प्रिन्ट गर्न, एक्सेलमा अङ्क राखी जोड, घटाउ, गुणन र भाग गर्न, पावरपोइन्ट स्लाइड तयार गर्न प्रयोगात्मक कार्य र सो प्रक्रियाहरू लेख्नुहोस् । | १४ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ८ | – स्थानीय तहभित्रका व्यक्तिहरू संलग्न विभिन्न पेसाको सूची, ती पेसामा संलग्न व्यक्तिले गर्ने काम वा सेवा लेख्नुहोस् ।<br>–पेसा र व्यवसायको तीन तीनओटा सबल पक्ष र तीन तीनओटा दुर्बल पक्ष लेख्नुहोस् ।<br>–कम्प्युटरमा माइक्रोसफ्ट वर्डमा टाइप, कागजात प्रिन्ट, एक्सेलमा अङ्क राखी जोड, घटाउ, गुणन र भाग , पावरपोइन्ट स्लाइड तयारी र सोको प्रक्रिया | –विभिन्न पेसाको सूची, ती पेसामा संलग्न हुन आवश्यक योग्यता, प्रक्रिया र यसको सेवा सुविधाबारे जानकारी<br>–स्थानीय निकायबाट सञ्चालित पढ्दै कमाउँदै कार्यको बारेमा जानकारी, यसका फाइदाको बारेमा छलफल<br>–कृत्रिम बौद्धिकता जस्तैः ChatGPT Open AI, Socratic, Quizizz, Google Translator, Google Lens, Google Earth, Google Map, Google Bard AI, – विभिन्न पेसाको सूची, ती पेसामा संलग्न हुन आवश्यक योग्यता, प्रक्रिया र यसको सेवा सुविधाबारे जानकारी<br>–स्थानीय निकायबाट सञ्चालित पढ्दै कमाउँदै कार्यको बारेमा जानकारी, यसका फाइदाको बारेमा छलफल<br>–यसको फाइदा, बेफाइदा र सही प्रयोगबारे जानकारी ब्लग सिर्जना गरी टेक्स, तस्बिर, भिडियो आदि प्रकाशन गर्ने ज्ञान र सिप blogger.com | –विभिन्न पेसा, आवश्यक योग्यता र संलग्न हुने प्रक्रियाको सूची<br>–पढ्दै कमाउँदै कार्यक्रमहरूको तस्बिरहरू<br>–उल्लिखित एआई एपहरूको लोगोको तस्बिर वा पोस्टर तिनीहरू मोबाइलमा वा कम्प्युटरमा इन्स्टल गरिएको । blogger. com –मा खोलिएको ब्लगको नमुना | –विभिन्न पेसाको सूची देखाई ती पेसामा संलग्न हुन आवश्यक योग्यता, प्रक्रिया र यसको सेवा सुविधाबारे जानकारी दिने, छलफल गर्ने आफूलाई रुची भएको पेसा वा व्यवसाय के हो र किन भन्ने विषयमा पनि छलफल गर्ने कुनै क्षेत्रमा चर्चित व्यक्तित्वहरूसँग साक्षात्कार गराइ कुराकानी गर्न लगाउने<br>–स्थानीय निकायबाट सञ्चालित पढ्दै कमाउँदै कार्यको बारेमा जानकारी, यसका फाइदाको बारेमा छलफल गर्ने र लेख्न लगाउने कृत्रिम बौद्धिकता जस्तैः ChatGPT Open AI, Socratic, Quizizz, Google Translator, Google Lens, Google Earth, Google Map, Google Bard AI, आदिबारे जानकारी र अभ्यास गर्ने, यसको फाइदा, बेफाइदा र सही प्रयोगबारे जानकारी दिने<br>–blogger.com मा ब्लग सिर्जना गरी टेक्स, तस्बिर, भिडियो आदि प्रकाशन गर्ने तरिका सिकाई सबैलाई आ आफ्नो ब्लग सिर्जना गरी पोस्ट गर्न लगाउने र सोको प्रक्रियाबारे लेख्न लगाउने | –विभिन्न १० ओटा पेसाको सूची तयार गर्नु होस्, ती पेसामा संलग्न हुन आवश्यक योग्यता, प्रक्रिया र यसको सेवा सुविधाबारे लेख्नुहोस्<br>–स्थानीय निकायबाट सञ्चालित पढ्दै कमाउँदै कार्यको बारेमा र यसका फाइदाको बारेमा लेख्नुहोस् ।<br>–कृत्रिम बौद्धिकता जस्तैः ChatGPT Open AI, Socratic, Quizizz, Google Translator, Google Lens, Google Earth, Google Map, Google Bard AI, आदिबारे प्रयोगात्मक कार्य र यसको प्रयोग गर्ने प्रकियाबारे लेख्नुहोस् र यसको फाइदा, बेफाइदा र सही प्रयोगबारे लेख्नुहोस्<br>–blogger.com मा ब्लग सिर्जना गरी टेक्स, तस्बिर, भिडियो आदि प्रकाशन गर्न परियोजना कार्य र सोको प्रक्रियाहरू लेखी आफ्नो ब्लगमा प्रकाशन गर्नुहोस् । | १४ |

**क्षेत्र ६ : स्थानीय प्राकृतिक सम्पदाको दिगो उपयोग तथा संरक्षण**

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक समग्री | सिकाइ सहजकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | –स्थानीय क्षेत्रमा पाइने औषधीजन्य बोटबिरुवा र जनावरको नाम | –प्रायको घरमा हुने औषधीजन्य बोटबिरुवा तुलसी, लसुन, अदुवा,कागती, घिउकुमारी, अमलाको नाम भन्न र यी बोटबिरुवाको मुख्य दुई दुईओटा औषधीजन्य फाइदाको आधारमा प्रयोग<br>–स्थानीय क्षेत्रमा पाइने औषधीजन्य बोटबिरुवा हरू मध्ये पाँचओटा (जस्तैः पाती, बेल, असुरो,टिमुर, निम ) को नाम र दुई दुईओटा औषधीजन्य प्रयोग<br>–नजिकमा देख्न सकिने अवलोकन गर्न सकिने जनावर पाँचपाँच ओटा (जस्तैः घरपालुवा गाई, भैँसी बाख्रा, बङ्गुर, कुकुर र बिरालो साथै जङ्गली हात्ती, गैँडा, जरायो ) का शारीरिक बनावट, खाना, बस्ने स्थान र उपयोगिता | –औषधीजन्नय बोटबिरुवा<br>–तथा फोटोसहितको चार्ट<br>–स्थानीय जीवजन्तुको फोटोसहितको चार्ट | –अभिभावकलाई सोधेर घरमा भएका औषधीजन्य बोटबिरुवाको नाम र उपयोगिता जानकारी लिन र विद्यालयमा आउदा त्यस्ता बिरुवाको पात, हाँगा तथा बिरुवा लिएर आउन लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने<br>–विद्यालयको वरिपरि स्थलगत अध्ययन गराई त्यहाँ उपलब्ध  औषधीजन्य बिरुवा देखाउने नाम भन्न लगाउने, पात टिपेर टुक्रा चाख्न दिने र स्वाद बताउन लगाउने<br>–स्थानीय जीवजन्तुको फोटो देखाई नाम भन्न  र चित्र कोर्न लगाउने<br>–गाउँघरको अवलोकन भ्रमण गराई स्थानीय ठाउँमा देखिने जीवजन्तुको नाम बताइदिने<br>–चार्टपेपरमा जडीबुटीको नाम देखाई पालैपालो भन्न र चिन्न लगाउने | –तपाईँको घर वरिपरि देखिने औषधीजन्य बिरुवाको नाम भन्न र चिन्न लगाउने<br>–आफ्नो घरमा भएका घरपालुवा जीवजन्तुको नाम सोध्ने<br>–तपाईँको टोलमा उपलब्ध तीन ओटा जडीबुटीको नाम भन्नुहोस् ।<br>–चित्रमा देखाएका जनावरको आधारमा बस्ने स्थान र खाना साोध्ने<br>घरको नजिकमा कम्तीमा दुईओटा औषधीजन्य बिरुवा रोप्न लगाउने | १७ |

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक समग्री | सिकाइ सहजकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| २ | –स्थानीय क्षेत्रमा पाइने औषधीजन्य बिरुवा पाइने स्थान र पानीका स्रोत<br>–घरपालुवा जनावर र वन्यजन्तुको पहिचान | –स्थानीय क्षेत्रमा पाइने औषधीजन्य बिरुवा (बेल, घोडताप्रे, निम, घिउकुमारी, बकाइनो, असुरो) लगायतका १० ओटा बिरुवाको सूची<br>–उल्लिखित बिरुवाका दुई दुईओटा उपयोगिता र आवश्यकताको आधारमा प्रयोग<br>–पानीका स्रोत – धारा, ट्युबेल, कुवा, पोखरी, ताल तलैया, खोला, नदी, बर्षादमा आकासेपानी सङ्कलन<br>–उल्लिखित पानीका स्रोतको तीन तीनओटा उपयोगिता<br>–स्थानीय क्षेत्रमा पाइने घरपालुवा जनावर बासस्थान र बासस्थान सरसफाइ गर्ने तरिका<br>–उल्लिखित घरपालुवा जनावरका मुख्य मुख्य उपयोगिता<br>–नजिकमा देखिने वा चर्चा हुने वन्यजन्तु कम्तीमा पाँचओटाको नाम, बच्चाको नाम, बासस्थान, खानाको सूची निर्माण | –औषधीजन्य बिरुवाका नामसहितको पोस्टर<br>–तिनीहरूको उपयोग गर्न सकिने सूची<br>–स्थानीय क्षेत्रमा भएका पानीका स्रोतको सूची र फोटो<br>–स्थानीय क्षेत्रमा पाइने घरपालुवा र वन्यजन्तुको फोटोसहितको नामको सूची | –विद्यार्थीलाई विद्यालय वरिपरि बिरुवा भएका क्षेत्रमा घुमाउने र त्यस स्थानमा पाइने जडीबुटीहरू देखाई चिनाउने र उपयोगिता, प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी बताउने<br>–विद्यार्थीलाई नजिकमा देखेका पानीका स्रोतको सूची, तिनीहरूबाट समुदायले उठाएका फाइदाको सूची बनाई ल्याउन र प्रस्तुत गर्न लगाउने,<br>–शिक्षकले विभिन्न पानीका स्रोतको सूची बनाई प्रस्तुत गर्ने र ती स्रोत देखाउन क्षेत्रगत अवलोकन गराउने<br>–आफ्नो घर तथा छिमेकमा पालिने घरपालुवा जनावर र तिनीहरूको उपयोगिता संरक्षण गर्ने तरिका प्रस्तुत गर्न लगाउने र वन्यजन्तुको फोटोसहितको नामको सूची देखाई घरपालुवा र वन्यजन्तु छुट्याउन लगाउने<br>–आफ्नो विद्यालय वरिपरि अवलोकन गराई त्यहाँ देखिने विभिन्न जीवहरूको नाम लेख्न लगाउने | –औषधीजन्य बिरुवाको नाम र उपयोगिता सङ्कलनको परियोजना कार्य दिने र अवलोकन गर्ने<br>–आफ्नो घर वा टोल नजिक भएका पानीका स्रोतको सूची बनाई प्रस्तुत गर्न लगाउने<br>–स्थानीय वनमा पाइने कुनै दुईओटा जनावरको चित्र बनाउनुहोस् ।<br>–स्थानीय क्षेत्रमा पाइने घरपालुवा जनावरको सूची बनाउनुहोस् । | १७ |

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक समग्री | सिकाइ सहजकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | –स्थानीय क्षेत्रमा पाइने औषधीजन्य बिरुवा, चरा तथा महत्त्वपूर्ण वन्यजन्तु<br>–स्थानीय जलस्रोत | –कक्षा २ मा सिकेको औषधीजन्य बिरुवाको पुनरावृत्ति<br>–नजिकमा उपलब्ध हुने थप औषधीजन्य बिरुवाको खोज सङ्कलन र उपयोगिता<br>–स्थानीय स्तरमा उपलब्ध औषधीजन्य बोटबिरुवा<br>–जस्तो पाति, असुरो, जडीबुटीको सङ्कलन, सङ्कलित जडीबुटीका उपयोगिता<br>–स्थानीय ठाउँमा पाइने चराको नामको सूची निर्माण, चराको अवलोकन ठुलो मझौला तथा सानो निकै सानो जस्ता आकारको आधारमा वर्गीकरण, चराको आवाजको आधारमा पहिचान<br>–चराले मानव समुदायलाई पुऱ्याएका फाइदा – जस्तो बालीका हानिकारक किरा, फोहर खाने, सूचना दिने, वातावरणको सन्तुलनमा सहयोग गर्ने, सौन्दर्य, सुरिलो आवाज )<br>– महत्त्वपूर्ण वन्यजन्तुको सूची र मानव समुदायलाई त्यसबाट भएका प्रत्यक्ष तथा अप्रत्यक्ष फाइदा – जस्तैः वातावरण सन्तुलन, पर्यटकको आकर्षण<br>–स्थानीय जलस्रोत नदी, ताल, पोखरीका विशेषता र तिनको महत्त्व/ उपयोगिता | –औषधीजन्य रुख बिरुवाको चित्र, नाम र उपयोगीता सहितको चार्ट, महत्त्व सहितको भिडियो क्लिप<br>–स्थानीय क्षेत्रमा पाइने चराको फोटोसहितको सूची<br>–जलस्रोतको महत्त्व/उपयोगिता जनाउने भिडियो वा चार्ट | –नजिकको रुख बिरुवा पाइने स्थानमा लगेर रुख बिरुवाको अवलोकन गराउने, पातको नमुना सङ्कलन गर्न लगाउने, बिरुवाको पात टाँसेर नामसहितको चार्ट निर्माण गर्न लगाउने, त्यसमध्ये औषधीजन्यमा फरक सङ्केत प्रयोग गर्न तथा कुनै तरिकाले छुट्याउन लगाउने<br>–औषधीजन्य बिरुवाको घरपरिवार र छिमेकमा गरिने प्रयोगको सूची बनाएर ल्याउन लगाउने र प्रस्तुत गर्ने परियोजना कार्य दिने<br>–कामसहितको भिडियो÷वृत्तचित्र देखाई पालैपालो भन्न लगाउने र त्यसको महत्त्व बुझाउने<br>–विद्यालय वरिपरि देखिने विभिन्न चरा नाम आकार र आवाज सङ्कलन गरी प्रस्तुत गर्न लगाउने शिक्षकले थप तिनीहरूको नाम बताइदिने र सूची बनाउन लगाउने<br>–जलस्रोतको महत्त्व/उपयोगिता जनाउने भिडियो वा चार्ट देखाई त्यससम्बन्धी छलफल गर्ने | –स्थानीय परिवेशमा उपलब्ध औषधीजन्य रुख, बिरुवाको पात, डाँठको नमुना सङ्कलन गर्न लगाउने<br>–सङ्कलन गरिएका रुख बिरुवाका उपयोगिता प्रस्तुत गर्न लगाउने<br>–आफ्नो घर वरिपरि देखिने चराको नाम आफ्नो अभिभावकलाई सोधी सूची बनाउन लगाउने<br>–स्थानीय क्षेत्रमा भएका पानीका विभिन्न स्रोतको उपयोगताबारे लेखी प्रस्तुत गर्न लगाउने<br>–बिरुवा चरा तथा जलस्रोतका फाइदासम्बन्धमा समूह समहमा छलफल गर्न दिने र विचार राख्न लगाउने | १७ |

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक समग्री | सिकाइ सहजकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | –व्यवस्थापनका आधारमा स्थानीय वनको नाम भन्न तथा स्थानीय औषधी जन्य तथा फलफूलका रुखबिरुवा र जलस्रोत तथा सिमसार | –व्यवस्थापनका आधारमा स्थानीय वन (सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, मध्यवर्ती वन, संरक्षित वन, धार्मिक वन, निकुञ्जको वन, निजीवन,) का प्रकारको सूची, निर्माण र तिनका मुख्य दुई दुई विशेषता<br>–स्थानीय जडीबुटी (घिउकुमारी, हर्रो, बर्रो, निम, पारिजात, अमला, बज्रदन्ती, दुबो, असुरो, रुदिलो आदि) औषधीजन्य उपयोग<br>–घरमा लगाइने फलफूल (आँप, केरा, अम्बा, लिचीलगायत १० ओटा) र नजिकको जङ्गलमा पाइने (बयर, जामुन, ऐँसेलु, चुत्रोलगायत पाँच )फलफूलका रुख बिरुवा<br>–सिमसार क्षेत्र चिन्ने (निरन्तर पानी रहने, बगिरहेको वा जमेको पानी, ओसिलो पन, धाप, हिलो, पानीमा हुने बिरुवा, पानीमा रहने चराचुरुङ्गी )<br>–सिमसार क्षेत्रका फाइदा (जलचर प्राणीलाई बास, चराको चारा, पानीमा हुने बोटबिरुवाका लागि, प्राकृतिक सन्तुलन)<br>–स्थानीय जलस्रोत नदी,ताल, पोखरी, खोला, कुलो, ट्युवेल, नहर को महत्त्व र प्रयोग | –स्थानीय वनका प्रकारको सूची<br>–जडीबुटीको प्रयोग गरिएको पोस्टर, भिडियो/ वृत्तचित्र<br>–स्थानीय जलस्रोतको महत्त्व र प्रयोग सम्बन्धी चार्ट पोस्टर | –स्थानीय क्षेत्रमा भएका व्यवस्थापनका आधारमा स्थानीय वनका प्रकारको सूची बनाई प्रस्तुत गरी छलफल गर्ने र कुनै एक वनको अवलोकन गराइ त्यससँग सम्बन्धित व्यक्तिसँग छलफल गर्ने जस्तैः वनदेबी सामुदायिक वन<br>–जडीबुटीको चित्रसहितको पोस्टर देखाई पालैपालो जडीबुटीको नाम र प्रयोग भन्न लगाउने<br>–जडीबुटीको नाम कापीमा टिपोट गर्न लगाई तिनको प्रयोग बुँदागत रूपमा स्पष्ट पार्ने<br>–स्थानीय रूपमा पाइने र वनमा पाइने फलफूलका रुख बिरुवाको उपयोगितामा छलफल<br>–परियोजना कार्य दिने<br>– सिमासार क्षेत्रको परिचय गराउने र विद्यार्थीलाई नजिकमा रहेका तथा देखेका सिमसार क्षेत्रको बारेमा भन्न लगाउने<br>– सिमसारका फाइदाका विषयमा छलफल गर्ने र विद्यार्थीलाई राय राख्न भन्ने<br>– विद्यालय नजिकको कुनै पानीको स्रोतको अवलोकन भ्रमण गराई त्यसको महत्त्वबारे बुँदागत रूपमा छलफल गर्ने | –आफ्नो घर नजिक रहेको कुनै एक वनको परिचय लेखी प्रस्तुत गर्नुहोस् ।<br>–स्थानीय क्षेत्रमा पाइने विभिन्न जडीबुटीहरूमध्ये निम्नलिखित समस्यामा कुन जडीबुटीको प्रयोग गर्नुहुन्छ भन्नुहोस् ?<br>–काटेको<br>–पोलेको<br>–पेट दुखेको<br>–अम्लपित्त<br>–पानीको महत्त्व शीर्षकमा विद्यार्थीहरूमाझ वक्तृत्वकलाको आयोजना गर्नुहोस् ।<br>–परियोजनाको प्रस्तुतिको अवलोकन | १३ |

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक समग्री | सिकाइ सहजकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५ | –स्थानीय वन क्षेत्रमा पाइने औषधीजन्य रुख बिरुवाको संरक्षण -स्थानीय क्षेत्रमा भएका जलस्रोतको संरक्षण र उपयोग | – स्थानीय वन क्षेत्रमा पाइने जडीबुटी – तुलसी, घिउकुमारी, निम, पारिजात, हर्रो, बर्रो, अमला, बज्रदन्ती, दुबो, असुरो, रुदिलो गुर्जो आदि) को उपयोग र संरक्षणका उपाय<br>– विद्यार्थीले संरक्षणका लागि गर्न सक्ने कार्य (समुदायलाई सचेत पार्ने, बिरुवा रोप्ने, जथाभावी बिरुवा फाँडन काट्न रोक्ने, आगलागी हुन नदीने, आगलागी भएमा नजिकको समुदाय, वनकार्यालय, प्रहरीमा खवर गर्ने)<br>– स्थानीय क्षेत्रमा भएका जलस्रोतको विवेकपूर्ण उपयोग र तिनको संरक्षणका उपायको खोजी,<br>– जलस्रोतको संरक्षणमा विद्यार्थीले गर्न सक्ने कार्य सूची बनाउने | – स्थानीय स्तरमा भएका वनको नामको सूचीको चार्ट र तिनीहरूको परिचय सम्बन्धी ब्रोसर<br>–संरक्षण गरिएको क्षेत्रको वा खेती गरिएको ठाउँको भिडियो/ वृत्तचित्र<br>–स्थानीय क्षेत्रमा भएका जलस्रोतको उपयोग सम्बन्धी लेख, भिडियो, ब्रोसर आदि<br>–विद्यालयमा औषधीजन्य बिरुवा रोप्ने व्यवस्था | –विद्यालय परिसरमा स्थान भएमा औषधीजन्य बिरुवा रोप्ने र संरक्षण गर्ने,<br>–स्थानीय स्तरमा भएका वनमा भ्रमणमा लैजाने<br>–वनको नामको सूचीको चार्ट र तिनीहरूको परिचयसम्बन्धी स्थानीय विज्ञसँग छलफल गर्ने<br>–भिडियो क्लिप देखाई जडीबुटीको नाम भन्न लगाउने<br>–जडीबुटीको संरक्षण सम्बन्धी भिडियो/वृत्तचित्र देखाई संरक्षणका कारणको सूची तयार गर्न लगाउने<br>–स्थानीय जलस्रोतको उपयोग तथा हालको अवस्थाबारे कुनै नजिकको खोला, नाला, नदी, ताल, पोखरी, कुण्डको अवलोकन भ्रमण गराई स्थानीय व्यक्तिसँग अन्तरक्रिया गराउने<br>–जलस्रोतको संरक्षण गर्न स्थानीय व्यक्तिसँग छलफल गराउने | –परियोजना कार्यको रूपमा आफ्नो घर वा विद्यालय नजिक भएको कुनै एक वनको परिचय, त्यसले स्थानीय समुदायमा पुर्‍याएको फाइदाबारे लेखी साथीहरूमाझ प्रस्तुत गर्नुहोस् ।<br>–तपाईँको समुदायमा उपलब्ध औषधीजन्य रुख बिरुवाका विशेषता र उपयोगिता भन्न लगाउने<br>–औषधीजन्य बिरुवा रोपेको र संरक्षण गरेको अवलोकन गर्ने<br>–स्थानीय तहमा उपलब्ध जडीबुटी संरक्षणका उपायमा समुदायलाई सचेत गराउन लगाउने<br>–आफ्नो घर वा विद्यालय नजिक भएको कुनै एक पानीको स्रोतको उपयोग र त्यसको संरक्षणका लागि स्थानीय समुदाय र विद्यार्थीले गर्नुपर्ने कार्यबारे लेख्नुहोस् । | १३ |

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक समग्री | सिकाइ सहजकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६ | –चितवन राष्ट्रिय निकुञ्ज, रामसार र सिमसार क्षेत्र<br>–स्थानीय क्षेत्रमा प्राकृतिक वस्तु (ढुङ्गा, माटो, बालुवा, गिट्टी) पाइने ठाउँको सूची | –चितवन राष्ट्रिय निकुञ्ज परिचय (पूर्व पश्चिम, उत्तर दक्षिण सिमाना, क्षेत्रफल, पाइने मुख्य मुख्य रुख बिरुवा, मुख्य मुख्य जनावर, चारो)<br>–चितवन राष्ट्रिय निकुञ्जबाट स्थानीय समुदायलाई भएका फाइदा (खरखडाइ,घाँस दाउरा, प्राकृतिक सन्तुलन, पर्यटन, व्यापार व्यवासाय,)<br>–सिमसार र रामसार क्षेत्रको संरक्षणले पारिस्थितिक प्रणाली मानव समुदायलाई पुऱ्याउने फाइदा – प्रकृति संरक्षण, जलमा पाइने चरा, बिरुवाको अवलोकन, माछालगायतका जलचरको बासको संरक्षण)<br>–स्थानीय क्षेत्रमा पाइने खनिजको सूची निर्माण,<br>–ढुङ्गा, गिटी, बालुवाको जथाभावी उत्खनन  र उपयोगले हुने असर<br>–प्राकृतिक स्रोत (ढुङगा गिटी बालुवा आदि) संरक्षणमा विद्यार्थीले खेल्न सक्ने भूमिका | –चितवन राष्ट्रिय निकुञ्ज र सिमसार र रामसार क्षेत्रका तस्बिर, लेखिएका लेखहरू, निर्मित भिडियो, ब्रोसर<br>–स्थानीय क्षेत्रमा पाइने खनिजको सूची चार्ट | –विद्यार्थीलाई परियोजनाकार्य दिने,घरपरिवार छिमेकीलाई सोधेर, अध्ययन गरेर चितवन राष्ट्रिय निकुञ्ज वा नजिकका सामुदायिक वनमा पाइने रुखबिरुवा, जनावर, चराचुरुङ्गीको विवरण, निकुञ्जको महत्त्व, संरक्षणका उपाय संवन्धमा प्रस्तुत गर्न लगाउने र छलफल गराउने<br>–चितवन राष्ट्रिय निकुञ्ज र सिमसार र रामसार क्षेत्रसम्बन्धी भिडियो, ब्रोसर देखाई त्यसको परिचय दिने र भरतपुर महानगरपालिकाले निकुञ्जलाई छोएका ठाउँहरूको बारेमा बताइदिने<br>–विद्यार्थीहरूलाई चितवन राष्ट्रिय निकुञ्ज, सिमसार रामसार क्षत्रहरूको अवलोकन भ्रमण गराई त्यसको कार्यालयमा रहेका सम्बन्धित व्यक्तिहरूसँग अन्तरक्रिया गराउने चितवन राष्ट्रिय निकुञ्जको बारेमा अपरिचितलाई जानकारी गराउन लगाउने<br>–स्थानीय क्षेत्रमा पाइने खनिजको सूची चार्ट प्रस्तुत गरी नजिकको कुनै एक खानी क्षेत्रको भ्रमण गराई छलफल गर्ने | –परियोजना कार्यको अवलोकन<br>–चितवन राष्ट्रिय निकुञ्जको छोटो परिचयको प्रस्तुति ।<br>–चितवन राष्ट्रिय निकुञ्जको अवलोकन भ्रमण गर्दा त्यहाँ देखिएका वनस्पतिको सूची बनाई कुनै दुईओटाको चित्रसहित परिचय दिन लगाउने<br>–आफ्नो विद्यालय वा टोल नजिक भएका खनिजसँग सम्बन्धित विभिन्न ठाउँ र खनिजको नाम लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।<br>–खनिज जन्य वालुवा गिटी र माटो संरक्षण गर्न विद्यार्थीले खेल्ने भूमिकामा प्रवचन  गराउने | १३ |
| ७ | –चितवन राष्ट्रिय मध्यवर्ती क्षेत्र, जैविक मार्गको (बरन्डाभार) | –चितवन राष्ट्रिय निकुञ्ज, (क्षेत्रफल, पाइने जनावर, यसबाट समुदायलाई भएका फाइदा, संरक्षण गर्न गर्नुपर्ने कार्य) मध्यवर्ती क्षेत्र, (निकुञ्ज तथा संरक्षित क्षेत्र र समुदायले उपयोग गरेको जमिन बिचको क्षेत्र) को संरक्षण, उपयोगिता | –जलस्रोत व्यवस्थापन सम्बन्धी भिडियो, ब्रोसर<br>–सानासाना परिचय पुस्तिकाहरू | –जलस्रोत व्यवस्थापन सम्बन्धी भिडियो, ब्रोसर<br>–सानासाना परिचय पुस्तिकाहरू<br>–प्रकृति संरक्षणको क्षेत्रमा काम गरेका विज्ञ तथा अनुभवी व्यक्तिहरू<br>–परियोजना कार्यको रूपमा चितवन राष्ट्रिय निकुञ्जको अवलोकन भ्रमण, विद्यार्थीलाई | –परियोजना कार्यको अवलोकन<br>–चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको छोटो परिचय लेख्नुहोस् ।<br>–जैविक मार्गको परिचय दिनुहोस् । | १३ |

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक समग्री | सिकाइ सहजकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | –स्थानीय वनमा पाइने जडीबुटीको महत्त्वपूर्ण भाग र प्रशोधन<br>–सिमसार, रामसार क्षेत्रको व्यवस्थापन (बिस हजारी ताल) | –जैविक मार्ग, जनावर चराचुरुङ्गिको जीवन सञ्चालनको मार्ग ( जनावर पानी पिउन बसाइँ सर्न तथा आहाराको खोजीमा हिँडडुल गर्ने क्षेत्र,  बरन्डाभार)को महत्त्व, संरक्षण,<br>–स्थानीय वनमा पाइने जडीबुटीको महत्त्वपूर्ण भाग सङ्कलन र प्रशोधन प्रक्रिया र सम्भावना<br>–सिमसार र रामसार क्षेत्रको संरक्षणको आवश्यकता, संरक्षण गर्नका लागि गर्न सकिने उपायहरू,  व्यवस्थापन (बिस हजारी ताल) क्षेत्रफल, त्यहाँ पाइने चरा तालको उपयोगिता | –प्रकृत्ति संरक्षणको क्षेत्रमा काम गरेका विज्ञ तथा अनुभवी व्यक्तिहरू<br>–चितवन राष्ट्रिय निकुञ्ज सम्बन्धी परिचय दिइएका पुस्तक, पोस्टर, ब्रोसर, परिचय पुस्तिका, भिडियो, ब्रोसर<br>–निकुञ्जमा पाइने जनावरका पोस्टर<br>–जडीबुटी सम्बन्धी पुस्तिका, भिडियो/ वृत्तचित्र<br>–जलस्रोत व्यवस्थापन सम्बन्धी भिडयो, ब्रोसर<br>–सानासाना परिचय पुस्तिकाहरू<br>–प्रकृत्ति संरक्षणको क्षेत्रमा काम गरेका विज्ञ तथा अनुभवी व्यक्तिहरू | – भ्रमणको क्रममा क्षेत्रफल, पाइने जनावर, समुदायलाई भएका फाइदा टिपोट गरी रिपोर्ट तायारगरी प्रस्तुत गर्न लगाउने । यस सम्बन्धमा युट्युबमा हेरी मुख्य मुख्य कुराको टिपोट गर्न लगाउने, यससम्बन्धी भिडियो, ब्रोसर देखाई छलफल गराउने, मध्यवर्ती क्षेत्र र जैविक मार्गको परिचय, फाइदा तथा महत्त्व सम्बन्धमा परियोजना कार्य दिने र प्रस्तुत गर्न लगाउने<br>– जैविक मार्ग (बरन्डाभार) को परिचय दिने<br>– राष्ट्रिय निकुञ्जको नक्साबाट भरतपुर महानगरपालिकाले निकुञ्जको मध्यवर्ती क्षेत्रलाई छोएका ठाउँहरू पत्ता लगाउन लगाउने र प्रस्तुत गर्न लगाउने, छुटेका कुराको बारेमा बताइदिने<br>– राष्ट्रिय निकुञ्जको अवलोकन भ्रमणको क्रममा त्यसको कार्यालयमा रहेका सम्बन्धित व्यक्तिहरूसँग अन्तरक्रिया गराउने<br>– भरतपुर महानगरपालिकाको सिमाभित्र रहेका महत्त्वपूर्ण बिसहजारी रामसार क्षेत्रको परिचय र स्थानीय स्तरमा हुँदै आएको व्यवस्थापनबारे स्थानीय जानकार व्यक्तिसँग विद्यार्थीहरूको छलफल गराइ निष्कर्ष निकाल्ने<br>– भिडियो/वृत्तचित्र र चार्ट देखाई जडीबुटीको किसिम पहिचान गर्न लगाउने<br>– जडीबुटीका भागहरूको नामकरण गर्न लगाउने<br>–जडिबुटीको प्रशोधनको चार्ट तथा भिडियो/ वृत्तचित्र देखाई प्रशोधन र प्रयोगमा समूह विभाजन गरी कार्य गराउने<br>–सङ्कलन गरिएका जडीबुटीको भण्डारण र संरक्षणसम्बन्धी भिडियो/वृत्तचित्र देखाई जडीबुटीका भण्डारण र संरक्षणका उपायमा छलफल गराउने | –सिमसारको परिचय दिई स्थानीय कुनै एक सिमसारबारे जानकारी पोस्टर तयार पार्ने<br>–परियोजनाको प्रस्तुतिको अवलोकन<br>–निकुञ्ज र मध्यवर्ती क्षेत्रको नक्सा निर्माण<br>–जडीबुटीका किसिमको सूची तयार पार्नुहोस् ।<br>–जडीबुटीको रूपमा प्रयोग हुने महत्त्वपूर्ण भागहरूको पहिचान गरी तालिका देखाउनुहोस् ।<br>–स्थानीयस्तरमा प्राप्त जडीबुटीको भण्डारण उपाय उल्लेख गर्नुहोस् ।<br>–स्थानीय तहमा उपलब्ध जडीबुटीको प्रशोधनका उपायको पहिचान गर्नुहोस् ।<br>–आफ्नो विद्यालय वा टोल नजिक भएका खनिजसँग सम्बन्धित विभिन्न ठाउँ र खनिजको उपयोग र महत्त्व लेखी कक्षामा प्रस्तुत गर्नुहोस् । | |

| कक्षा | क्षेत्र तथा थिम | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक समग्री | सिकाइ सहजकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ८ | –चितवन राष्ट्रिय निकुञ्ज तथा आसपासका क्षेत्रमा पाइने महत्त्वपूर्ण जनावरको परिचय र महत्त्व तथा संरक्षणका प्रयास स्थानीय क्षेत्रमा पाइने प्राकृतिक वस्तु (ढुङ्गा, माटो, बालुवा, गिट्टी) उपयोग र व्यवस्थापनका उपाय | –चितवन राष्ट्रिज निकुञ्ज तथा आसपासका क्षेत्रमा पाइने जनावर (गैँडा, बाघ, हात्ती, चित्तल, जरायो, गौरीगाई, बनेल आदि ) को आनीबानी र महत्त्व<br>–वन्यजन्तु संरक्षणका प्रयास जस्तैः हात्ती प्रजनन केन्द्र, गोही प्रजनन केन्द्र<br>–मानव र निकुञ्जका जनावर बीचमा हुने द्वन्द्व, शत्रुतापूर्ण व्यवहारलाई न्यून गर्ने उपायहरू<br>–स्थानीय क्षेत्रमा पाइने खनिजजन्य वस्तुको उपयोग र व्यवस्थापनका उपाय<br>–विद्यार्थीले जनावरको संरक्षणका लागि खेल्न सक्ने भूमिका<br>–प्राकृतिक वस्तु (ढुङ्गा, माटो, बालुवा, गिट्टी) दुरुपयोग हुन सक्ने तरिका, दुरुपयोग रोक्न त्यस्ता वस्तुको संरक्षणका लागि विद्यार्थीले खेल्न सक्ने भूमिका | –चितवन राष्ट्रिज निकुञ्ज तथा आसपासका क्षेत्रमा पाइने महत्त्वपूर्ण जनावरको फोटो सहितको सूची<br>–हाते पुस्तिकाहरू<br>–स्थानीय क्षेत्रमा पाइने खनिज वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी ब्रोसर<br>–स्थानीय क्षेत्रमा पाइने खनिजको सूची चार्ट<br>–संरक्षण सम्बन्धी डकुमेन्ट्री तथा भिडियो | –जनावर र मानवको द्वन्द्व, शत्रुतापूर्ण व्यवहार न्यून गर्ने र जनावर मानव मित्रवत् व्यवहार निर्माण सम्बन्धमा विद्यार्थीलाई परियोजना कार्य दिने, प्रस्तुतिपछि छलफल गराउने<br>–चितवन राष्ट्रिज निकुञ्ज तथा आसपासका क्षेत्रमा पाइने महत्त्वपूर्ण जनावरको परिचय र महत्त्व तथा संरक्षणका प्रयास जस्तैः हात्ती प्रजनन केन्द्र, गोही प्रजनन केन्द्रबारे छलफल गर्ने अवलोकन भ्रमण गराउने<br>–जडीबुटीका प्रयोगका क्षेत्र सम्बन्धमा Vidual Clip Chart देखाई प्रश्न उत्तर गरी अभ्यास गराउने<br>–जडीबुटीको बिक्री वितरण र हिसाब किताब व्यवस्थापनसम्बन्धी भिडियो/वृतचित्र प्रस्तुत गरी समूहगत रूपमा छलफल गराउने<br>स्थानीय क्षेत्रमा पाइने खनिज वस्तुको उपयोग, व्यवस्थापन र संरक्षणका उपायबारे छलफल अन्तरक्रिया गर्ने | –परियोजना कार्यका प्रस्तुतिको अवलोकन र मूल्याङ्कन<br>–चितवन राष्ट्रिज निकुञ्ज तथा आसपासका क्षेत्रमा पाइने कुनै दुई महत्त्वपूर्ण जनावरको चित्रसहित आनीबानीको प्रस्तुति गर्नुहोस् ।<br>–अध्ययन अवलोकन भ्रमणको परियोजना प्रतिवेदन तयार पारी प्रस्तुत गर्नुहोस् ।<br>–तपाईँको समुदायमा उपलब्ध जडीबुटी र उपयोगिता उल्लेख गर्ने<br>–मानिलिनुस् तपाईँ कुनै जडीबुटी प्रशोधन केन्द्रको प्रबन्धक हुनुहुन्छ, जडीबुटी बिक्री वितरणको आम्दानी, खर्च विवरण तयार पार्नुहोस् ।<br>–स्थानीय क्षेत्रमा पाइने खनिज वस्तुको संरक्षणका उपायबारे विद्यार्थीले गर्न सक्ने कार्यहरबारे बुँदागत रूपमा लेखी कक्षामा प्रस्तुति<br>–राष्ट्रिय निकुञ्जमा पर्यटकलाई आकर्षण गर्ने भिडियो डकुमेन्ट्री निर्माण गर्न लगाउने | १३ |

**क्षेत्र ७ : स्थानीय तहमा विपद् व्यवस्थापन तथा सुरक्षा सतर्कता**

| कक्षा | विशिष्ट उध्देश्य | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | –घर, विद्यालयमा हुन सक्ने दुर्घटनाबाट बच्न र असल बानी बसाल्न | –तिखा, धारिला वस्तु प्रयोग गर्दा, घर र विद्यालयमा खेल्दा, हिँड्दा, कक्षा कोठामा गतिविधि गर्दा हुन चोटपटक लाग्न सक्ने अवस्था, चोटपटक लाग्न नदिन अपनाउनुपर्ने सावधानी, चोटपटक लागि हाले गर्नुपर्ने काम बारेमा जानकार हुने र सोहीअनुरूपको आचरण विकास गर्ने | –घर, विद्यालयमा प्रयोग हुने पेन्सिल, चक्कु, हँसिया, विद्यालयको खेलक्षेत्र, असल बानी र दुर्घटना गराउन सक्ने बानी अल्पपोषक पोस्टर, भिडियो, अभिनयात्मक खेलहरू | –तिखा वस्तुले घोचेर, धारिला वस्तुले काटेर क्षति पुऱ्याउने कुराको सामूहिक छलफल, विद्यालयका कक्षा कोठा, खेलक्षेत्र र बाटोमा कसरी चोटपटक लाग्छ? के गर्नु ठिक र के गर्नु जोखिमपूर्ण हुन्छ क्रियाकलाप गरी देखाउने | –चोटपटक गराउन सक्ने वस्तु समात्ने, साथीलाई दिने र प्रयोग गर्ने तरिका हेर्ने,<br>–बाटोमा हिँड्दा, खेल्दा गर्ने व्यवहार हेर्ने | १८ |
| २ | –आगो र पानीका कारण हुने जिउधनको क्षतिबारे बताउन र सुरक्षाका उपाय अपनाउन | –आगो र पानी जीवनका अभिन्न अङ्ग भए पनि आगाले पोलेर, घर र अन्यवस्तु जलाएर जिउधनको क्षति गराउने र पानी डुबेर मृत्यु हुन सक्ने ज्ञान हुनु र सुरक्षित प्रयोग र बच्ने सामान्य उपाय बताउन | –आगलागी, डढेलो, मानिस पोलिएका चित्र, भिडियो, सलाई, लाईटर चलाउँदा हुनसक्ने दुर्घटना, भान्सामा ग्याँस गनाउँदा हुन सक्ने दुर्घटना, पानी भएका खोला पोखरी आदिमा जाँदा हुने दुर्घटनाका पोस्टर, भिडियो | –आगोले पुऱ्याउने क्षति, पानीमा हुने जोखिमबारे छलफल, सुरक्षित रहने तरिका, घटनाको पूर्वाभास भए वा घटना भइहाले गर्नुपर्ने व्यवहारबारे समूहगत छलफल र सूची तयार गर्ने | –भिडियो, पोस्टरमा देखाउने प्रतिक्रिया, दुर्घटना गराउन सक्ने बानी र सुरक्षित बानीबारेको जानकारीको दृश्य र प्रश्नावलीको प्रयोग गर्ने | १८ |
| ३ | –ट्राफिक सङ्केतहरू चिन्न, सो अनुरूप व्यवहार गर्न, सुरक्षित बाटो काट्न | –रातो, हरियो र पँहेलो बत्ती बल्दा गर्ने व्यवहार प्रदर्शन, बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग, पेटी भएको ठाऊँमा देब्रेबाट र नभएको ठाऊँमा दाहिनेबाट हिंड्ने अभ्यास, | –ट्राफिक सङ्केत बत्तीहरू भएको पोस्टर, ट्राफिक चिह्नहरू भएको बोर्ड, जेब्रा क्रसिङ देखाउने पोस्टर, खेलहरू, प्लकार्ड | –ट्राफिक चिह्नअनुसारको व्यवहार प्रदर्शन गरेर देखाउने, उनीहरूलाई पालैपालो क्रियाकलाप गराई सुरक्षित बानीको विकास गराउने | –चिह्न अनुरूप व्यवहार गरे नगरेको हेरेर, चिह्नहरूको सही पहिचान र अर्थ बताउन लगाएर | १८ |

| कक्षा | विशिष्ट उध्देश्य | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | –जङ्गलभित्र जाँदा वा जङ्गल छेउमा बसोबास गर्दा जङ्गली जनावरले पुऱ्याउन सक्ने क्षतिबारे बताउन, सुरक्षाका उपाय अपनाउन | –भरतपुर महानगर वरिपरिका बरन्डाभार जङ्गल, चारकोसे झाडी, राप्ती र नारायणी नदीमा बाघ, गैँडा, भालु, गोहीलगायतका जङ्गली जनावरको वासस्थान भएको यिनीहरूबाट जीवन असुरक्षित हुन सक्नेबारे जानकारी राख्न, निषेधित क्षेत्रमा प्रवेश नगर्ने र नदीहरूमा पौडी नखेल्ने | –बरन्डाभार जङ्गल र चितवन राष्ट्रिय निकुञ्जमा पाइने जनावरको पोस्टर, जङ्गलमा आगलागी हुँदा, खाना कम हुँदा जनावर गाउँ पस्न सक्ने जानकारीमूलक सूचना, खोला र जङ्गल प्रवेश गर्दा भएका दुर्घटनाका समाचारका कटिङ, जनावरसँगको मित्रवत् व्यवहार झल्काउने सामग्री | –भरतपुर महानगर पहिलेको वनक्षेत्र भएकाले, बस्ती जनावरको पदमार्गमा पर्दा पर्ने जोखिम, वनक्षेत्रको नजिक रातिको समयमा जनावर खानाको खोजिमा गाउँपस्दा हुनसक्ने दुर्घटना, वनक्षेत्र, नदीमा पस्दा हुन सक्ने जोखिमबारे छलफल, प्रश्नोत्तर, सूची निर्माण, दुर्घटनाका समाचारको कटिङ प्रदर्शनी | –जङ्गली जनावर र जलचरबाट हुने जोखिमबारे प्रश्न सोधेर, पोस्टर बनाउन लगाएर | १३ |
| ५ | –बाढी, पहिरो, आगलागी, भूकम्पका हुने धनजनको क्षतिबारे जान्न र सुरक्षित हुन | –बाढी, पहिरो, आगलागीका कारण बताउन, बिपद्बाट हुन सक्ने क्षति र बच्ने उपाय बताउन, बिपद्को बेला आफू र अरूलाई कसरी व्यवस्थापन गर्ने ब्यवहार देखाउन | –बाढी, पहिरो, आगलागी, भूकम्प आदिले k'¥ofPsf धनजनको क्षति देखाउने चल अचल दृश्य, पोस्टर, असल र सुरक्षित व्यवहार देखाउने चार्ट, पोस्टर आदि | –बाढी, पहिरो, आगलागी, भूकम्पका कारण,क्षति र सुरक्षाका उपायबारे छलफल चलाउने, त्यस्ता स्थानको अवलोकन गराउने, छोटा रिपोर्ट तयार गर्न लगाउने, सूची निर्माण गर्ने | –छलफलमा सहभागिता, रिपोर्ट, सूची निर्माणको स्तर, प्रश्नोत्तर | १३ |
| ६ | –विपद्का प्राकृतिक र मानवीय कारण बताउन र न्यूनीकरणका उपाय बताउन सोहीअनुरूप आचरण गर्न | –बाढी, पहिरो, आगलागी, जङ्गली जनावरको आक्रमण, सडक दुर्घटनाका मानवीय र प्राकृतिक कारण बताउन, हाम्रा प्रकृतिमैत्री आचरणहरू प्रदर्शन गर्न | –पानीको बहाव रोक्ने गरी निर्माण गरिएका बाँध, अव्यवस्थित बस्तीका कारण भएका डुबानका तस्बिरहरू, सडक निर्माण र नदीको बहाव क्षेत्रमा भएका निर्माण कारण भएका बाढी र पहिरोका भिडियो, जङ्गलमा हुने आगलागीले हुने क्षतिका प्राकृतिक मानवीय कारण देखाउने सामग्री | –पोस्टर, भिडियो, तस्बिरहरू देखाई क्षतिका मानवीय कारण खोजी गर्न लगाउने र अब के गर्नुपर्ला भनी छलफल चलाउने, प्राकृतिक कारण हुने बिपद्का असर कम गर्ने र सुरक्षित हुने उपायको सूची निर्माण गर्ने, बिपद्को एउटा मूल कारण हाम्रै गतिबिधि हुन् भन्ने निष्कर्षमा पुऱ्याउने | –सहभागिता, पोस्टर निर्माण, प्रश्नोत्तर, सूची निर्माण गर्ने आदि | १३ |

| कक्षा | विशिष्ट उध्देश्य | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ७ | –बाढी, डढेलो, पहिरो, सडक दुर्घटना आदिले पार्ने प्रभावको पूर्वानुमान गर्न र आफू स्वयम्ले गर्ने तयारी बताउन र भरतपुर महानगर बिपद् व्यवस्थापन शाखाले पुऱ्याउन सक्ने सहयोगको जानकारी दिन | –राप्ती, नारायणी र तिनका शाखा नदीहरूमा आउने बाढी, वनजङ्गलमा लाग्ने डढेलो र सीमावर्तीमा क्षेत्रमा पार्ने प्रभाव, भरतपुर महानगर बिपद् व्यवस्थापन शाखाले गर्ने कार्य, सहयोग प्राप्त गर्ने तरिका, आफू स्वयम्लाई तयार पार्ने र आपतकालीन सहयोगका लागि सम्पर्क नम्बरहरू बताउन | –वर्षाको बेला बाढी आएका, सुक्खा समयमा वनजङ्गल र घरहरूमा डढेलो आगलागीका तस्बिर, भरतपुर महानगरका दमकल, विभिन्न अस्पताल र संस्थाका एम्बुलेन्सका नम्बरहरू, बिपद् व्यवस्थापनमा प्रयोग गरिने सामग्री, झटपट झोला, रेस्क्यु टिम | –बिपद्का असरबारे, तस्बिर, पोस्टर, भिडियो देखाएर छलफल गर्ने, बिपद् बेला प्रयोग गरिने सामग्री चिनाउने र प्रयोग गर्ने सिकाउने, अरूलाई सहयोग गर्दा आफूलाई सुरक्षित राख्ने कला, जरूरी सम्पर्क नम्बरहरू टिपाउने, बिपद् व्यवस्थापनको पूर्वाभ्यास, तालिममा सहभागी गराउने | –बिपद् व्यवस्थापनका साथै स्वव्यवस्थापनको कलाको अबलोकन गरेर, छलफलमा सुझाएका उपाय मनन गरेर, प्रश्नावलीको प्रयोग गरेर | १३ |
| ८ | –जलवायु परिवर्तनले हाम्रो क्षेत्रमा पार्न सक्ने प्रभाव बताउन र सोअनुकूलको व्यवहार गर्न | –जलवायु परिवर्तनका कारण अति गर्मी र जाडो, अतिवृष्टि, अनावृष्टि, खेतीपातीको समय परिवर्तन, उत्पादन ह्रास र रोगजन्य प्रकोपकाबारेमा बताउन र सोअनुकूल व्यवहार प्रदर्शन गर्न | –मिचाहा प्रजातिले पुऱ्याएको असर, सिचाईँको समस्या, तापक्रम परिवर्तनका स्थानीय असर, सरूवा रोगहरूको व्यापकता झल्काउने सामग्री, मिचाहा प्रजाति नियन्त्रणका उपाय, सिचाईँका वैकल्पिक स्रोतको प्रयोग, रैथाने बाली र पशुहरूको संरक्षण र विकासका फाइदा देखाउने सामाग्री | –मिचाहा प्रजातिले हाम्रो वन र वरपर पारेको असर, खोलानालामा कहिले बाढी र कहिले सुक्खा हुँदाका समस्या र विकल्पहरू, रैथाने बालीको महत्त्व र संरक्षण गर्दा प्राप्त हुने फाइदाबारे छलफल चलाउने, रिपोर्ट तयार गर्न लगाउने, स्थलगत अवलोकन भ्रमणमा लैजाने, सूचीहरू तयार गर्न लगाउने | –सहभागिता, रिपोर्ट लेखन र प्रस्तुति, लिखित तथा मौखिक प्रश्नोत्तर | १३ |

**क्षेत्र ८ : सहरी विकास, प्रदूषण तथा फोहोर व्यवस्थापन**

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | –घर र विद्यालयमा उत्पादन हुने कुहिने र नकुहिने फोहोर चिन्ने, छुट्याउने र सही ठाउँमा राख्ने व्यवहार | –घर विद्यालयमा उत्पादन हुने फोहोर झारपात, सागसब्जी केलाएर बचेको वस्तु, बाँकी रहेको खाना आदि कुहिने फोहोर हरियो बाल्टिनमा राख्न सिकाउने र प्लास्टिक, कागज, सिसा, धातुका टुक्राहरू रातो बाल्टिनमा राख्न सिकाउने | –कुहिने फोहोर लेखेका हरिया बाल्टी र नकुहिने फोहोर लेखेका राता बाल्टी, पोस्टर, चित्र र नाम कार्डहरू, वास्तविक फोहोर | –वास्तविक वस्तु, चित्र र नाम पत्तिको प्रयोग गरी कुहिने र नकुहिने वस्तुको बारेमा जानकारी दिने चिन्न लगाउने, घरमा उत्पादन हुने फोहोरको नाम सोध्ने र कस्तो फोहोर हो भन्न लगाउने,<br>–कुहिने र नकुहिने फोहोर नाम लेख्न लगाउने | –चित्र र नाम पत्तिको प्रयोग गरी कुहिने नकुहिने छुट्याउन लगाएर, सूची तयार गरेर, वस्तु देखाई सोधेर, सही ठाउँमा राखे नराखेको अवलोकन गरेर | १८ |
| २ | –फोहोरका स्रोत चिन्ने र स्रोतमा नै फोहोरको वर्गीकरण गरेर छुट्याउन सक्ने | –फोहोर उत्पादन हुने ठाउँहरू घर, विद्यालय, पसल, होटल, कलकारखाना, गोठ -उत्पादित कुहिने नकुहिने फोहोर<br>–कुहिने वस्तुलाई एकातिर र अन्य वस्तुलाई अर्कोतिर राख्न, धातुका टुक्राहरू, प्लास्टिक, सिसा पुन: प्रयोग गर्न सकिने जानकारी प्राप्त गर्ने, यी फोहोर कम उत्पादन गर्न के गरे सकिएला भनेर सोच्न | –बिभिन्न फोहोर उत्पादन गर्ने क्षेत्रबाट उत्पादित फोहोरको प्रकृति देखाउने तस्बिर, भिडियो, मल बनाउन सकिने र पुन: प्रयोग गर्न सकिने फोहोरजन्य वस्तुका चित्र नाम कार्ड, पुन: प्रयोगका तस्बिरहरू | –उत्पादित फोहोर, व्यवस्थापन र पुन: प्रयोगका तस्बिरहरू देखाएर छलफल गराउने, फोहोर छुट्याउन सिकाउने, पुन: प्रयोग गर्न लगाउने, प्लास्टिक झोलाको प्रयोग घटाउन के गर्नुपर्ला भनी छलफल गर्ने | –बिभिन्न प्रकृतिका फोहोर चिने नचिनेको, सही तरिकाले छुट्याए नछुट्याएको अवलोकन गरेर, नाम र पुन: प्रयोगका फाइदा लेख्न र भन्न लगाएर | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | –पूर्वाधार र अवसरका आधारमा गाउँ र सहरको फरक छुट्याउने, पुन: उपयोग गर्न सकिने वस्तु छुट्याउने | –पक्की घरहरू, बाटाहरू, बजार, अस्पताल, महाविद्यालय, कलेजहरू, बिजुली, खानेपानी, ढल, सभाहल, धेरै कामहरूका अवसर भएको ठाउँ सहर र कृषिमा आधारित जीवन, कम सुविधायुक्त ठाउँ, रोजगारीका सिमित अवसर, बजारको न्यून पहुँच भएको ठाउँ गाउँ भनेर छुट्याउने, अधिकांश सहरी पहिचान गरी पुन: प्रयोग गर्न सक्ने | –सहरी र ग्रामीण क्षेत्र र जीवन छुट्याउने भिडियो, पोस्टर, गाउँ र सहरी मानिसका पेसा, जीवनस्तर छुट्याउने सामग्री, पुन: प्रयोग गर्न सकिने फोहोरजन्य सामग्री र सामग्रीको सूची | –विद्यार्थीहरूलाई उनीहरूको बसोबास क्षेत्रमा प्राप्त गरिरहेको सुविधा ( बाटो, बिजुली, खानेपानी, अस्पताल आदिका) आधारमा गाउँ होला कि सहर भनी छलफल चलाउने, सहर र गाउँको फरकको सूची तयार गर्न सहयोग गर्ने, कुन जीवन राम्रो होला तुलना गराउने, पुन: प्रयोग गर्न सकिने सामान सङ्कलन गरेर प्रदर्शन गर्न लगाउने | –पूर्वाधार र सुविधाका आधारमा गाउँ सहरको फरक मौखिक र लिखित सोधेर, छलफलको सहभागिताको आधारमा सही प्रदर्शनको अवलोकन गरेर | १८ |
| ४ | –सहरी विकासका लागि पूर्वाधार निर्माणको महत्त्व बताउन, सहरी विकाससँगै आउने फोहोरले निम्त्याउने वातावरण प्रदूषणबारे जानकारी दिन | –विकासका पूर्वाधारहरू, बाटो, बजार, उद्योग कलकारखाना, कलेज, अस्पताल, बिजुली, खानेपानी आदिले अवसर सिर्जना गर्ने र जीवन सहज र सुविधायुक्त बनाउनेबारे जानकारी, पूर्वाधार निर्माण, बजार, कलकारखानाले गराउने प्रदूषणको जानकारी | –पूर्वाधारयुक्त सहरका तस्बिरहरू, भरतपुर महानगरले पूर्वाधारका क्षेत्रमा गरेका प्रगति झल्काउने सूचना, तस्बिर र भिडियो, फराकिला बाटो, निर्माण हुँदै गरेका ढल, सिटीहल, बजार, कृषिजन्य र अन्य उद्योगहरूले सिर्जना गरेका अवसर देखाउने सामग्री, विकास निर्माणसँगै उत्पादित फोहोर, धुलोजन्य प्रदूषण र व्यवस्थापनका प्रयासको सूची | –पूर्वाधार निर्माण क्षेत्रको स्थलगत अवलोकन, अवसर र प्रदूषणको जोखिमको सूची निर्माण, पोस्टर, चित्र, तालिका प्रदर्शनी र छलफल, पूर्वाधारले परिवर्तन गरेको स्वरूप, सिर्जना गरेको अवसरबारे छलफल र सूची निर्माण, वातावरण प्रदूषणको अवस्था र नियन्त्रणका प्रयासबारे छलफल | –पूर्वाधार निर्माणले सहरी विकासमा पारेका सकारात्मक प्रभाव र सिर्जना गरेका चुनौतीहरू सोधेर, लेख्न लगाएर, छलफलमा सहभागिता हेरेर | १३ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५ | –वातावरण मैत्री विकास र RRR को अवधारणा प्रयोग गर्न | –वातावरणीय क्षति कम हुने गरी विकासका गतिविधि गर्ने तरिका बताउन, फोहोर व्यवस्थापनको कटौती (Reduce), पुन: प्रयोग(Reuse ) र पुन: प्रशोधन (recycle) को महत्त्व बताउन र जीवनमा प्रयोग गर्न | –वनजङ्गल, नदीनाला, भूबनोटमा नकारात्मक प्रभाव नपारी गरिएका निर्माणका भिडियो, पोस्टर, चित्र, असल फोहोर व्यवस्थापनका अभ्यासका नमुना, फोहोर समस्या मात्र होइन समाधान पनि हो भन्ने सन्देशमूलक सामग्री | –भरतपुर महानगरभित्र विकास निर्माणका सन्दर्भमा वातावरणीय अध्ययन गरिएका कार्यक्रमहरूबारे छलफल, स्थलगत अवलोकन, सकारात्मक प्रभावबारे जानकारी, सुइरो कार्यक्रमलगायत फोहोरको वैज्ञानिक व्यवस्थापनका प्रयासबारे जानकारी गराउने | –छलफलमा सहभागिता, रिपोर्ट, सूची निर्माणको स्तर, प्रश्नोत्तर | १३ |
| ६ | –महानगरमा वर्षाको पानी, ढल व्यवस्थापनको अवस्थाबारे जानकारी, घर र विद्यालयमा उत्पादन हुने जैविक फोहोरबाट कम्पोस्ट बनाउने तरिका बताउन | –वर्षाको पानीको बहावको प्रतिकूल हुने गरी भएका बाटो र अन्य निर्माण कार्यले भरतपुरका बिभिन्न क्षेत्रमा निम्त्याएका डुबानका समस्या, ढल व्यवस्थापनका प्रयासबारे जानकारी र घर र विद्यालयमा उत्पादन हुने कुहिने फोहोरबाट कम्पोस्ट मल बनाउने विधि | –अव्यवस्थित निर्माणले सिर्जना गरेका डुबानका तस्बिरहरू, बाटो दायाँबायाँ निर्माणाधीन ढलहरूका तस्बिरहरू, समस्या समाधानका लागि भएका कार्यका सूची, कुहिने फोहोरबाट खाल्टोमा जम्मा गरी वा कम्पोस्ट च्याम्वरको प्रयोग गरी कम्पोस्ट मल बनाउने विधिको सचित्र सामग्री | –डुबानका समस्याका कारण, वर्तमान अवस्था महानगरले गरेका प्रयासको स्थलगत अवलोकन, छलफल, समस्याको सूची निर्माण, ढल विकासपछिको अवस्थाको तुलना, ढल सफा राख्न हाम्रा जिम्मेवारीबारे छलफल, विद्यालयमा कम्पोस्ट निर्माणको परियोजना कार्य | –सहभागिता, परियोजना अवलोकन, प्रश्नोत्तर, सूची निर्माण गर्ने आदि | १३ |
| ७ | –महानगरभित्रका गौरवका पूर्वाधारबारे जानकारी, घर विद्यालयमा उत्पादित जैविक फोहोरबाट तयार गरिएको कम्पोस्ट मलको प्रयोग गरी करेसा र कौसी खेती गर्न, फूलबारी बनाउन | –पुल्चोक गोन्द्राङ सडक, सिटी हल, गौतमबुद्ध क्रिकेट रङ्गशाला, महानगरीय नमुना सडक बिस्तार, औधोगिक ग्राम निर्माण, स्मार्ट स्ट्रिट लाइट, रिङरोड, नारायणी नदी सी बिच मोडल, नारायणी नदी तटबन्ध, विद्यालय र घरमा कम्पोस्टमलको प्रयोग गरी फूलबारी बनाउन र स्याहार गर्न | –भरतपुरका गौरवका आयोजनाका कार्यस्थलको फोटाहरू, महानगरले प्रकाशित प्रगति विवरणहरू, करेसाबारी फूलबारीमा लगाउन सकिने फूलका बिरुवा, सामान्य औजार | –भरतपुरका गौरवका आयोजनाका कार्यस्थलको स्थलगत अवलोकन, आयोजना प्रमुखसँग छलफल, प्रगति पुस्तिका अध्ययन, फूलबारी निर्माण र स्याहारमा विद्यार्थीको सहभागिता | –स्थलगत रिपोर्ट, आयोजनाले पुऱ्याउन सक्ने फाइदाबारे सोधेर, फूलबारी तयारी गर्दा विद्यार्थीको सक्रियता, लिखित प्रश्नहरू दिएर | १३ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ८ | –स्वस्थ जीवनशैलीबारे बताउन,<br>–हराभरा सफा सहरको दृष्टिकोण बताउन, हरित घर र विद्यालय निर्माणमा सहयोगी भूमिका निर्वाह गर्न | –स्वस्थ जीवनशैली निर्माणमा स्वस्थ आहार विहार, व्यायामको सूची निर्माण, पार्क, बाटाको दायाबाया र मध्यभागमा हरियाली निर्माणको महत्त्व, विद्यालयमा हरियाली प्रदान गर्ने सुन्दरता र स्वच्छता, हरियाली घरगाउँको महत्त्व | – प्राकृतिक खानपान, अल्पपोषक खाद्य पदार्थको सूची, मानव स्वास्थ्यमा पार्ने सकारात्मक र नकारात्मक प्रभावहरू, स्वस्थ जीवनशैलीका व्यवहारहरू दर्साउने पोस्टर, भिडियो, हरियालीयुक्त सहरका सुन्दर तस्बिरहरू,<br>–हरित विद्यालय स्रोत पुस्तिका | –स्वस्थ र अस्वस्थ जीवनशैलीले मानव जीवनमा पार्ने सकारात्मक र नकारात्मक असरबारे छलफल गराउने, स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने, उजाड सहर र हरियालीयुक्त सहरको तुलना गर्न लगाउने, विद्यालय र घरमा हरियाली निर्माणमा विद्यार्थीलाई सहभागी गराउने | –सहभागिता, अवलोकन, जीवनशैलीमा देखिएको परिवर्तन, रिपोर्ट लेखन र प्रस्तुति, लिखित तथा मौखिक प्रश्नोत्तर | १३ |

**क्षेत्र ९ : दैनिक जीवनमा उपयोगी व्यवहारकुशल सिपहरू (Soft Skills) तथा आधारभूत ज्ञान**

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | –दैनिक क्रियाकलापमा वैयक्तिक र अन्तरवैयक्तिक सिपहरूको प्रयोग गर्न | –अभिवादन (परिवारका सदस्य, साथी र गुरुहरूलाई)<br>–स्वव्यवस्थापन (आफ्नो अनुहार, कपाल, नङको सरसफाइ र व्यवस्थापन नङ कपाल काट्ने अनुहार सफा गर्ने, कपडा मिलाएर लगाउने, आफ्नो झोला कपडा किताब कापीको हेरचाह र जतन आफूले प्रयोग गर्ने भाँडा कुराको जतन (ठिक ठाउँमा ठिक तरिकाले राख्ने))<br>–अरुको विचार सुन्ने (परिवारका सदस्यको, साथीको, शिक्षकको)<br>–साथी, शिक्षक र परिवारका सदस्यसँग हाउभाउसहित मनको कुरा व्यक्त गर्ने<br>–मोबाइलको प्रयोग गरेर घर बाहिर रहनुभएका परिवारका सदस्यसँग कुराकानी गर्ने, नातागोता इष्टमित्रहरूसँग कुराकानी गर्ने, सन्चोबिसन्चो सोध्ने, | –ऐना, काइयो, नङकट, जुत्ता राख्ने र्‍याक साथी, समूह,<br>–मोबाइल<br>–कथाहरू, सान्दर्भिक पोस्टर,अडियो भिजुअल सामग्री | –शिक्षकले अभिवादन गर्दै कक्षामा पस्ने, अभिनय, खेल र भूमिका निर्वाहको माध्यमबाट परिवारका सदस्य, साथी र गुरुहरूलाई अभिवादन गर्ने बानी बसाउने<br>-ऐनामा कपाल अनुहार हेर्न लगाउने, साथीको पनि हेर्न लगाउने, नङ हेर्न लगाउने र आवश्यक परेमा त्यही सफाइ/व्यवस्थापन गर्न लगाउने<br>–कपडा, झोला, भाँडाकुँडाको जतन गर्नेसम्बन्धी खेल खेलाउने | –हरेक दिन अभिवादन गरेनगरेको रेकर्ड राख्ने, (अभिवादन शिक्षकले पहिला गर्दा पनि हुन्छ)<br>–निर्देशनअनुसार जवाफ दिए नदिएको अभिलेख राख्ने,<br>–उनीहरूको कार्य तथा प्रस्तुतिको विश्लेषण गरी मूल्याङ्कन गर्ने, आवश्यकताअनुसार थप सिकाइका लागि सहजीकरण गर्ने | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | –विद्यालय आउन नसक्दा फोन गरेर शिक्षकसँग बिदा माग्ने<br>–साथी बिरामी पर्दा, साथीको कलम-कापी छुट्दा/सकिँदा साथीलाई सहयोग गर्ने र आफूलाई आवश्यक परेको समयमा साथीसँग सहयोग लिने | | –व्यक्तिगत सूचनाहरू सोध्ने र सही प्रतिक्रिया दिए नदीएको ख्याल गर्ने जस्तैः: तपाईँको नाम के हो? कतिबर्ष हुनुभो? घरमा को को हुनुहुन्छ ? बिहान खाना खानु भो? खाजा नि? साथी साथीबिच संवाद गर्न लगाउने (भूमिका निर्वाह गर्न लगाउने)<br>–फोनमा कुराकानी गरेको, फोनमा शिक्षकसँग बिदा मागेको अभिनय गर्न लगाउने,<br>–साथीलाई सहयोग गर्नुपर्ने सन्दर्भका खेलहरू खेलाई व्यवहार अवलोकन गर्ने<br>–पोस्टर,अडियो भिजुअल सामग्रीको प्रयोग गरेर सुनाइ र बोलाइ सिपमा जोड गर्ने<br>–मोबाइलको प्रयोग गरेर घर बाहिर रहनुभएका परिवारका सदस्यसँग कुराकानी, नातागोता इष्टमित्रहरूसँग कुराकानी गर्ने, सन्चोबिसन्चो सोध्ने खालका परियोजना कार्य दिने<br>–सहयोग आदान प्रदान गर्ने खालका खेल खेलाउने | –अभिभावक र साथीको धारणालाई पनि मूल्याङ्कनको आधार बनाउने | |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| २ | वैयक्तिक र अन्तरवैयक्तिक सिप प्रयोग गर्न | –अभिवादन (परिवारका सदस्य, साथी, छिमेकी, आफन्त र गुरुहरूलाई)<br>–समय व्यवस्थापन (ठिक समयमा उठ्ने सुत्ने, विद्यालय जाने आउने, आफ्ना कार्य ठिक समयमा सम्पन्न)<br>–इमानदारी/स्वअनुशासन (भेटाएका सामान पैसाहरू इमानदारीका साथ सम्बन्धित व्यक्तिलाई फिर्ता गर्ने, सधैँ साँचो बोल्ने कक्षाकोठा विद्यालय र विद्यालय बाहिर पनि अनुशासनमा रहने<br>–दिएको जिम्मेवारी पूरा गर्ने जस्तैः गृहकार्य/कक्षा कार्य समयमा नै पूरा गरेर देखाउने, पालो पर्खने आफू बसेको वरपर सफाइ गर्ने, फोहोरलाई डस्विनमा हाल्ने<br>–हठ/ जिद्दीपना त्याग्ने, दिवा खाजा खाएको भाँडा सफा गर्ने, खाजा नफाल्ने, कापीकिताबको पाना जतन गर्ने, फूलको बिरुवा नउखाल्ने नभाच्ने, फूल नटिप्ने<br>–पढाइको क्रममा नबुझेको कुरा, मनमा केही जिज्ञासा भएमा शिक्षकलाई, साथीलाई वा अन्य व्यक्तिलाई सोध्ने,<br>–निर्देशन पालना गर्ने/प्रतिक्रिया जनाउने जस्तैःसोधिएका प्रश्नहरूको सान्दर्भिक जवाफ दिने<br>–समूहमा मिलेर खेल खेल्ने र खेलको नियमहरू आफूले पनि पालना गर्ने अरुलाई पनि पालना गर्न लगाउने, खेलको क्रममा साथीलाई चोटपटक लागेमा समानुभूति प्रदान गर्ने, आवश्यकताअनुसार सहयोग गर्ने | –कार्यतालिका, साथी, समूह, कथाहरू, सान्दर्भिक पोस्टर, अडियो भिजुअल सामग्री | –शिक्षकले आफ्नो कार्यतालिका सुनाउने र विद्यार्थीलाई पनि सुनाउन हौसला दिने, ठिक कार्य ठिक समयमा गर्नुपर्छ भन्ने सन्देश दिनेखालका क्रियाकलाप गराउने/खेल खेलाउने इमानदारी,जिम्मेवारी पालनाको छोटाछोटा बालकथाहरू सुनाएर एक आपसमा प्रश्नोत्तर गराउने<br>–धारा, शौचालयमा पालो कुर्ने, वरपरको सरसफाइ प्रयोगात्मक रूपमा गराउने<br>–सान्दर्भिक पोस्टर,अडियो भिजुअल सामग्री प्रस्तुत गर्ने<br>–सहज निर्देशनात्मक खेलहरू (जस्तैः भित्री-बाहिरी, माझी दाइ, म्युजिकल चेयर, सामान्य गणितीय दौड आदि) खेलाउने र निर्देशन पालना भए नभएको, खेलको नियम पालना भएनभएको अवलोकन गर्ने<br>–समानुभूति, सहयोगपूर्ण व्यवहार विकास गराउने खेल खेलाउने/क्रियाकलाप (जस्तैः रिले) गराउने, | –-विद्यार्थीहरूको हरेक गतिविधि अवलोकन गरेर अभिलेखीकरण गर्ने<br>–उनीहरूको कार्य तथा प्रस्तुतिको विश्लेषण गरी मूल्याङ्कन गर्ने, आवश्यकताअनुसार थप सिकाइका लागि सहजीकरण गर्ने<br>–अभिभावक र साथीको धारणालाई पनि मूल्याङ्कनको आधार बनाउने | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ३ | –विविधताको सम्मान गर्न,<br>–सकारात्मक धारणा विकास गर्न,<br>–स्वावलम्बी हुन, असल बानीव्यवहार अवलम्बन गर्न | –आआफ्नो जातजाति, भाषा, धर्म, संस्कृतिको सम्मान गर्दै अरुको जातजाति, भाषा, धर्म, संस्कृतिको पनि सम्मान वैयक्तिक विभिन्नताको सम्मान<br>– सकारात्मक धारणा विकास<br>– स्वावलम्बी (आफ्नो कपाल आफैँ कोर्ने, जुत्ता कपडा आफैँ लगाउने-खोल्ने, झोला मिलाउने, कोठा सफा गर्ने घरमा ओछ्यान मिलाउने, आफूले प्रयोग गरेको भाडा सफा गर्ने)<br>– असल बानीव्यवहार अबलम्बन (अरुले गरेको राम्रो कामको प्रशंसा धन्यवाद प्रकट गर्ने, आफ्नो गल्ती हुँदा माफी माग्ने, शिष्ट व्यवहार, (Thank you, sorry, good job, well done जस्ता शब्दको सही प्रयोग) विद्यालयको अनुशासन पालना जस्तैः नियमित विद्यालय आउने, गृहकार्य/परियोजना कार्य गर्ने, गुरुहरूको आदर, सबैसाथीलाई समान इज्जत सम्मान र सहयोग) | –विद्यार्थी, साथी समूह<br>–विविधताको अनुभूति दिने श्रव्य,दृश्य /विद्युतीय सामग्री<br>–दैनिक कामको सूची | –विविधताको बारेमा विद्यार्थीहरूलाई नै उदाहरण दिदै छलफल गराउने(जस्तैःकक्षाकोठामा भएका फरक फरक जातजाति, भाषा, धर्म, संस्कृतिको विद्यार्थीहरू)<br>– सकारात्मक धारणा विकास गराउने खालका क्रियाकलाप (जस्तैः१ मिनेट जतिको ध्यान, छोटाछोटा प्रार्थना गराउने, लामो सास फेर्न लगाउने, प्राकृतिक दृश्यावलोकन र चित्र बनाउने, सुन्दर भविष्यको कल्पना आदि) गराउने<br>–विद्यार्थीहरू लाई जुत्ताकपडा लगाउन, झोला मिलाउन लगाउने, समूहमा प्रतिस्पर्धात्मक खेल खेलाउने<br>–उनीहरूले गर्ने दैनिक कामको सूची बनाउन लगाउने र सूचीअनुसार काम गर्ने पूर्वाभ्यास (अभिनय) गराउने<br>–प्रशंसा धन्यवाद प्रकट गर्ने, माफी माग्ने, शिष्ट व्यवहार, (Thank you, sorry, good job, well done जस्ता शब्दको प्रयोग हुने खालका स्थानीय खेलहरू खेलाउने | –के कुरामा विविधता देख्नु भयो ?<br>–तपाईँको एक दिनको कामको सूची बनाउनुहोस्<br>–सकारात्मक धारणा विकास गराउन तपाईले गर्ने कुनै ३ कार्य भन्नुहोस/लेख्नुहोस्/ गर्नुहोस् ।<br>–आफैँले वा अरुको सहयोगबिना गर्न सक्ने कामको सूची बनाउनुहोस् ।<br>–आफूमा उनीहरूको कार्य तथा प्रस्तुतिको विश्लेषण गरी मूल्याङ्कन गर्ने, आवश्यकताअनुसार थप सिकाइका लागि सहजीकरण गर्ने<br>–अभिभावक र साथीको धारणालाई पनि मूल्याङ्कनको आधार बनाउने | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४ | – निजी, पारिवारिक र सार्वजनिक सम्पत्तिको सदुपयोग (प्रयोग) र संरक्षण (जतन) गर्न | –निजी, पारिवारिक र सार्वजनिक सामान/सम्पत्ति (जस्तैः: कापीकिताब, झोला, कपडा, जुत्तामोजा, टाईबेल्ट काइयो, ब्रस घरको भाँडावर्तन, बिजुलीपानी, धारा शौचालय, झ्यालढोकाको छेस्कनी, करेसाबारी, साइकल (सवारी साधन), खाट दराज आदिको प्रयोग र जतन)<br>–विद्यालयको धारापानी, शौचालय, डेक्स बेन्च, झ्याल ढोका, पुस्तकालय, ल्याब, फूलबारी बगैचा आदिको प्रयोग र संरक्षण प्रतीक्षालय, सार्वजनिक भवन, सार्वजनिक शौचालय, बाटाको सरसफाइ | –विद्यार्थीका आफ्ना निजी, पारिवारिक र सार्वजनिक सामान/सम्पत्तिको सूची, तिनको विद्युतीय चित्र | –निजी, पारिवारिक र सार्वजनिक सामान/सम्पत्तिको सूचीकरण गर्ने<br>–विद्यार्थीले प्रयोग गरेका निजी साधनहरूको अवस्था अध्ययन गर्ने, सफा र व्यवस्थित भएमा हौसला दिने, फोहर र अव्यवस्थित भएमा(जतन नभएमा) जतन गर्ने तरिका प्रयोगात्मक रूपमा देखाउने<br>–पारिवारिक सामानको प्रयोग र संरक्षणको अवस्थाका लागि अभिभावक भेला गरेर छलफल गरी अभिभावकलाई जिम्मेबार बनाउने<br>–सार्वजनिक सम्पत्तिको प्रयोग र संरक्षणका लागि प्रयोगात्मक रूपमा नै अभ्यास गराउने<br>–प्रयोग र जतन गर्ने तरिकामा छलफल गर्ने | –निजी/पारिवारिक/सार्वजनिक सामान/सम्पत्तिको सूची बनाउनुहोस् ।<br>–प्रश्नोत्तर, कुराकानी<br>–-उनीहरूको कार्य तथा प्रस्तुतिको विश्लेषण गरी मूल्याङ्कन गर्ने, आवश्यकताअनुसार थप सिकाइका लागि सहजीकरण गर्ने<br>–अभिभावक र साथीको धारणालाई पनि मूल्याङ्कनको आधार बनाउने | १३ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५ | –नागरिक सिपको ज्ञान र व्यवहारमा प्रयोग | –परिवार र समुदायका राम्रा प्रचलन तथा मान्यताहरूमा सकारात्मक रहने, सहभागी हुने, गलत प्रचलनमा उपयुक्त तर्कसहित असहमति जनाउने<br>–असल र खराब छुवाई (Good touch, bad touch)<br>–कुनै वस्तु, घटना, क्रियाकलाप प्रति अरुको धारणा सुन्ने, आफ्नो धारणा व्यक्त गर्ने र सहमतिमा पुग्ने वातावरण सिर्जना गर्ने<br>–कक्षामा मनिटर छान्दा वा हरेक क्रियाकलापमा लोकतान्त्रिक पद्धति अपनाउन सहमत हुने/लोकतान्त्रिक पद्धतिको पक्षमा वकालत गर्ने<br>–विद्यालयमा सञ्चालन हुने कार्यक्रममा आफू सहभागी हुने र अपाङ्गता भएका साथीलाई पनि सहभागी हुन हौसला दिने | –राम्रा र सुधार्नुपर्ने चालचलन झल्काउने पोस्टर, गुनासो पेटिका, बुख्याँचा, सान्दर्भिक गीत, कविता, संवाद भएका विद्युतीय सामग्री | –परिवार र समुदायका राम्रा प्रचलन तथा मान्यताहरू र गलत प्रचलनको सन्दर्भमा प्रश्नोत्तर गर्ने,<br>–बुख्याँचा वा चित्रको माध्यमबाट असल र खराब छुवाइको धारणा दिने<br>–कोही कसैबाट खराब छुवाइ भयो वा दुर्व्यवहारको दुष्प्रयास भयो भने तुरुन्तै प्रतिकार गर्ने, थप सहयोगका लागि गुनासो सुन्ने शिक्षक, अन्य शिक्षक वा अभिभावकलाई भन्ने, गुनासो पेटिकामा गुनासो खसाल्नुपर्छ यस्ता व्यवहार सहनु वा लुकाउनु हुँदैन र आफूले पनि अरुलाई यस्तो गर्नु हुँदैन भन्ने सन्देश दिने खालका क्रियाकलाप गराउने (नाटकीय विधिबाट स्पष्ट पार्ने)<br>–सान्दर्भिक गीत, कविता, संवाद भएका विद्युतीय सामग्री प्रस्तुत र छलफल गर्ने<br>–कक्षामा मनिटर छनोट गर्दा लोकतान्त्रिक पद्धति अपनाउने<br>–हरेक क्रियाकलापमा सबै विद्यार्थीहरूलाई (अपाङ्गता भएका समेतलाई) सहभागी गराउने, सहभागी हुन प्रेरित गर्ने<br>–अहमति त्याग्ने, अवसर पाए सबैले गर्न सक्छन् भन्ने भावना विकसित हुने खालका खेलहरू खेलाउने | –तपाईँलाई तपाईँको परिवार र समुदायाका कुन कुन प्रचलन तथा मान्यताहरू राम्रो लाग्छ? किन?<br>तपाईँले<br>–उनीहरूको कार्य तथा प्रस्तुतिको विश्लेषण गरी मूल्याङ्कन गर्ने, आवश्यकताअनुसार थप सिकाइका लागि सहजीकरण गर्ने<br>–अभिभावक र साथीको धारणालाई पनि मूल्याङ्कनको आधार बनाउने | १३ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६ | –बहुसाक्षरता सिपहरूको ज्ञान र प्रयोग गर्न<br>–दैनिक खर्चमा मितव्ययिता अपनाउन | –आफ्नो र अन्यको धर्मसंस्कृति, मूल्यमान्यता, चालचलन र विश्वासबारे समानता र भिन्नता<br>–दृश्य सामग्रीको प्रयोगबाट सञ्चार र सिकाइ (जस्तैः: कहीँकतै देखिएका चित्र, सङ्केत, लोगोको अर्थ बुझेर सोअनुरूप कार्य गर्न सक्नु)<br>–डिजिटल साक्षरता प्राप्त गर्न र प्रयोग गर्न उत्साहित<br>–दैनिक खर्चमा मितव्ययिता (फारोतिरो गर्ने बानी, बजारिया र महँगो सामानको सट्टा घरायसी स्थानीय उत्पादन र प्रयोगमा जोड) | –तुलना चार्ट, विभिन्न चित्र, सङ्केतहरू, कम्प्युटर ल्याब | –आफ्नो र अन्यको धर्मसंस्कृति, मूल्यमान्यता, चालचलन र विश्वासमा समानता र भिन्नता छुट्याउन लगाउने<br>–विभिन्न सङ्केत, लेगो देखाएर त्यसको अर्थ सोध्दै सोअनुसारका क्रियाकलाप गर्न लगाउने<br>–दृश्य सामग्रीको प्रयोग (चित्र,सङ्केत) बाट सञ्चार र सिकाइको अभ्यास गराउने<br>–ट्राफिक गेम खेलाउने<br>– फारोतिरो गर्ने बानीको अभ्यास गराउने | –आफ्नो र अन्यको सामाजिक मूल्यमान्यताका पाँचओटा समानता र भिन्नता छुट्याउनुहोस्।<br>–यो पाठको अध्ययनपछि तपाईँको बानीमा के परिवर्तन आयो?<br>–ट्राफिक सङ्केतको पालना गरेनगरेको अवलोकन गरेर अभिलेख राख्ने<br>–कुनै दुईओटा चित्र, सङ्केत, लेगो बनाई त्यसको अर्थ लेख्नुहोस् ।<br>–विद्यार्थीहरूको कार्य तथा प्रस्तुतिको विश्लेषण गरी मूल्याङ्कन गर्ने, आवश्यकताअनुसार थप सिकाइका लागि सहजीकरण गर्ने<br>–अभिभावक र साथीको धारणालाई पनि मूल्याङ्कनको आधार बनाउने | १३ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| ७ | –आत्मानुशासनको पालना गर्न<br>–तनाव व्यवस्थापन<br>–स्वतन्त्रताको उपयोग गर्न<br>–समावेशिता | –आत्मानुशासनको परिचय र महत्त्व बोध<br>–आत्मानुशासनमा रहनका लागि गर्नुपर्ने कार्य (जस्तैः: दैनिक कार्यतालिका निर्माण र त्यसको कार्यन्वयन, आफ्नो कार्य तथा बानी व्यवहारको आत्ममूल्याङ्कन र समीक्षा)<br>–तनाव व्यवस्थापन (योग-ध्यान, सकारात्मक चिन्तन, समयको पालना, Thank you, sorry शब्दको प्रयोग)<br>–सकारात्मक संवेग, संयमता<br>–सावधानीपूर्वक आफ्नो स्वतन्त्रताको उपयोग<br>–कुनै वस्तु, घटना वा कार्य प्रति कसैको दबाबमा नपरी स्वतन्त्र अभिव्यक्ति<br>–समावेशिताको अवधारणा<br>–विद्यालयमा सञ्चालन हुने अतिरिक्त/सह  क्रियाकलाप पहुँचमैत्री बनाउने | – दैनिक कार्यतालिकाको नमुना<br>–रुजु सूची<br>–विषयवस्तुसँग सम्बन्धित कथाहरू, भिडियो क्लिपहरू | –आत्मानुशासनको परिचय र महत्त्व बोध गर्न सक्षम गराउने<br>–बालबालिकाहरूलाई आफूबाट भएका असल खराब कार्यको बोध र समीक्षा गराउने<br>–छोटो-छोटो समयको योग-ध्यानको अभ्यास गराउदै सकारात्मक चिन्तन, समयको पालना, Thank you, sorry शब्दको प्रयोग हुने खालका स्थानीय खेलहरू खेलाउने<br>–मनोसामाजिक परामर्श उपलब्ध गराउने<br>–बोरामा दुबै खुट्टा हालेर दौडन, आँखामा पट्टी लगाएर हिँड्न, दुबै हात बाधेर खान प्रतिस्पर्धा गराउने र प्रतिस्पर्धामा हारजित हुने दुबै थरीलाई संयमता अपनाउन    लगाउने, समावेशिताको अवधारणा पनि प्रस्ट पार्ने<br>–आफ्नो स्वतन्त्रताको उपयोग गर्दा कर्तव्य पनि भुल्न नहुनेप्रति सचेत गराउने खालका क्रियाकलाप गराउने<br>–रुजु सूचीको माध्यम बाट आफ्नो कार्यको आत्ममूल्याङ्कन र समीक्षा गर्न सक्षम गराउने | –आत्मानुशासनको परिचय र महत्त्व लेख्नुहोस् ।<br>–तपाईंका पाँच असल बानीको समीक्षा गर्दै अझै असल बानी विकास गर्न के के गर्न सकिन्छ? सूची बनाउनुहोस्  ।<br>–बोरामा दुवै खुट्टा हालेर दौडँदा कस्तो महसुस गर्नु भयो?<br>–आफ्नो स्वतन्त्रताको उपयोगसँगै कर्तव्य पालना गर्दा हुने फाइदा समेटी साथीलाई चिठी लेख्नुहोस् ।<br>–विद्यार्थीहरूको कार्य तथा प्रस्तुतिको विश्लेषण गरी मूल्याङ्कन गर्ने, आवश्यकताअनुसार थप सिकाइका लागि सहजीकरण गर्ने<br>–अभिभावक र साथीको धारणालाई पनि मूल्याङ्कनको आधार बनाउने | १३ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शैक्षणिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
| --- | --- | --- | --- | --- | --- | --- |
| ८ | –प्राविधिक साक्षरताको ज्ञान र व्यवहारमा प्रयोग गर्न<br>–तनाव व्यवस्थापनका विधिहरू | –प्राविधिक साक्षरता (प्रविधिको माध्यमबाट सूचनाहरू सङ्कलन, प्रस्तुति, प्रविधिको सदुपयोग)<br>–तनाव व्यवस्थापनका विधिहरू (साथीसँगको सहकार्यमा फूलबारी निर्माण<br>–कक्षाकोठाको सरसफाइ र सजावट<br>–परिवारका सदस्यसँग घरको काममा सहकार्य<br>–शिक्षक, स्थानीय सरकार (वडा, पालिका), सामाजिक सङ्घ सस्थासँग सहकार्य | –मोबाइल, ल्यापटप<br>–प्रविधिको प्रयोगबाट व्यक्तिगत रूपमा संस्थागत रूपमा मिलेर काम गरेका उदाहरण हुने सङ्कलित सामग्री<br>–विद्युतीय सामग्री | –प्रविधिको माध्यमबाट सूचनाहरू सङ्कलन गर्न, प्रस्तुति गर्न, प्रविधिको सदुपयोग गर्ने अभ्यास गराउने, इन्टरनेटको प्रयोग गरी आवश्यक सामग्री खोजी गर्न अभ्यास गराउने<br>–सहकार्य गर्दै काममा व्यस्त हुँदा पनि तनाव व्यवस्थापन गर्न सकिन्छ भन्ने मान्यताका आधारमा सङ्कलित सामग्रीको प्रयोगबाट विद्यालय, स्थानीय सरकार, सामाजिक सङ्घ संस्थासँग सहकार्य सम्बन्धित संवाद र सहकार्य गर्न अभ्यास गराउने/भूमिका अभिनय गराउने<br>–मनोसामाजिक परामर्श उपलब्ध गराउने, योग-ध्यान चित्रकलाको अभ्यास गराउने | –प्रविधिको प्रयोग गरी तपाईँलाई आवश्यक पर्ने सामग्री खोजी गर्नुहोस् ।<br>–तनाव भएको समयमा काममा व्यस्त हुँदा तनाव भुल्न सहयोग भयो?<br>–तपाईँले अभिभावक, विद्यार्थी साथी, शिक्षक, रेडक्रस, स्काउट, सहकारी जस्ता संस्थासँग कसरी सहकार्य गर्नुहुन्छ?<br>–विद्यार्थीहरूको कार्य तथा प्रस्तुतिको विश्लेषण गरी मूल्याङ्कन गर्ने, आवश्यकताअनुसार थप सिकाइका लागि सहजीकरण गर्ने<br>–अभिभावक र साथीको धारणालाई पनि मूल्याङ्कनको आधार बनाउने | १३ |

**सन्दर्भ सामग्री :-**

- पाठ्यक्रम विकास केन्द्र, आधारभूत तह (कक्षा १-३ ) को पाठ्यक्रम २०७६
- पाठ्यक्रम विकास केन्द्र, आधारभूत तह ( कक्षा ६-८) को पाठ्यक्रम २०७७
- पाठ्यक्रम विकास केन्द्र, आधारभूत तह ( कक्षा ४-५) को पाठ्यक्रम २०७८
- पाठ्यक्रम विकास केन्द्र, पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका २०७६
- पाठ्यक्रम विकास केन्द्र, सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा (कक्षा ६-८) /शिक्षक निर्देशिका २०७८
- पाठ्यक्रम विकास केन्द्र, हाम्रो सेरो फेरो कक्षा ३ /शिक्षक निर्देशिका २०७८
- पाठ्यक्रम विकास केन्द्र, मेरो नेपाली कक्षा ३ /शिक्षक निर्देशिका २०७८
- बुढानीलकण्ठ नगरपालिका, हाम्रो बुढानीलकण्ठ, कक्षा ७ परिमार्जन २०८०
- भरतपुर महानगरपालिका, चितवन, हाम्रो गौरव, हाम्रो भरतपुर, स्थानीय पाठ्यक्रम आधारभूत तह (कक्षा १-८) २०७६
- भरतपुर महानगरपालिका, चितवन भरतपुर महानगर स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्री ( १-३ ) २०७७
- भक्तपुर नगरपालिका, ख्वपको पहिचान, आधारभूत शिक्षा (कक्षा -६) २०७५

## ६. पाठ्यघण्टा र अङ्क विभाजन तालिका

| क्र.सं. | क्षेत्र/एकाई | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | |
|---|---|---|---|---|---|---|---|
| | | पा.घ. | अ.भा. | पा.घ. | अ.भा. | पा.घ. | अ.भा. |
| १ | भरतपुर महानगर र यसको आसपासका क्षेत्रको परिचय | १७ | १० | १७ | १० | १७ | १० |
| २ | स्थानीय भाषा, सँस्कृति, कला, साहित्य र खेलकूद | १८ | १२ | १८ | १२ | १८ | १२ |
| ३ | स्थानीय पर्यटन | १८ | १२ | १८ | १२ | १८ | १२ |
| ४ | स्थानीय कृषि व्यवसाय | १८ | १२ | १८ | १२ | १८ | १२ |
| ५ | स्थानीय व्यवसाय, पेसा र प्रविधि | १८ | १२ | १८ | १२ | १८ | १२ |
| ६ | स्थानीय प्राकृतिक सम्पदाको दिगो उपयोग तथा संरक्षण | १७ | १० | १७ | १० | १७ | १० |
| ७ | स्थानीय तहमा विपद् व्यवस्थापन तथा सुरक्षा सतर्कता | १८ | १० | १८ | १० | १८ | १० |
| ८ | सहरी विकास, प्रदूषण तथा फोहोर व्यवस्थापन | १८ | १२ | १८ | १२ | १८ | १२ |
| ९ | दैनिक जीवनमा उपयोगी व्यवहारकुशल सिपहरु तथा आधारभूत ज्ञान | १८ | १० | १८ | १० | १८ | १० |
| | | १६० | १०० | १६० | १०० | १६० | १०० |

| क्र.सं. | क्षेत्र/एकाई | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|---|
| | | पा.घ. | अ.भा. | पा.घ. | अ.भा. |
| १ | भरतपुर महानगर र यसको आसपासका क्षेत्रको परिचय | १४ | १० | १४ | १० |
| २ | स्थानीय भाषा, सँस्कृति, कला, साहित्य र खेलकूद | १५ | १२ | १५ | १२ |
| ३ | स्थानीय पर्यटन | १६ | १२ | १६ | १२ |
| ४ | स्थानीय कृषि व्यवसाय | १६ | १२ | १६ | १२ |
| ५ | स्थानीय व्यवसाय, पेसा र प्रविधि | १५ | १२ | १५ | १२ |
| ६ | स्थानीय प्राकृतिक सम्पदाको दिगो उपयोग तथा संरक्षण | १३ | १० | १३ | १० |
| ७ | स्थानीय तहमा विपद् व्यवस्थापन तथा सुरक्षा सतर्कता | १३ | १० | १३ | १० |
| ८ | सहरी विकास, प्रदूषण तथा फोहोर व्यवस्थापन | १३ | १२ | १३ | १२ |
| ९ | दैनिक जीवनमा उपयोगी व्यवहारकुशल सिपहरु तथा आधारभूत ज्ञान | १३ | १० | १३ | १० |
| | | १२८ | १०० | १२८ | १०० |

| क्र.सं. | क्षेत्र/एकाई | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | पा.घ. | अ.भा. | पा.घ. | अ.भा. | पा.घ. | अ.भा. |
| १ | भरतपुर महानगर र यसको आसपासका क्षेत्रको परिचय | १६ | १० | १६ | १० | १६ | १० |
| २ | स्थानीय भाषा, सँस्कृति, कला, साहित्य र खेलकूद | १५ | १२ | १५ | १२ | १५ | १२ |
| ३ | स्थानीय पर्यटन | १५ | १२ | १५ | १२ | १५ | १२ |
| ४ | स्थानीय कृषि व्यवसाय | १६ | १२ | १६ | १२ | १६ | १२ |
| ५ | स्थानीय व्यवसाय, पेसा र प्रविधि | १४ | १२ | १४ | १२ | १४ | १२ |
| ६ | स्थानीय प्राकृतिक सम्पदाको दिगो उपयोग तथा संरक्षण | १३ | १० | १३ | १० | १३ | १० |
| ७ | स्थानीय तहमा विपद् व्यवस्थापन तथा सुरक्षा सतर्कता | १३ | १० | १३ | १० | १३ | १० |
| ८ | सहरी विकास, प्रदूषण तथा फोहोर व्यवस्थापन | १३ | १२ | १३ | १२ | १३ | १२ |
| ९ | दैनिक जीवनमा उपयोगी व्यवहारकुशल सिपहरु तथा आधारभूत ज्ञान | १३ | १० | १३ | १० | १३ | १० |
| | | १२८ | १०० | १२८ | १०० | १२८ | १०० |

# शिक्षण सहजीकरण मार्गदर्शन

भरतपुर महानगरपालिकाको स्थानीय पाठ्यक्रम, २०८० को प्रयोग गर्दा प्रयोगकर्ताले देहायका कुरामा विशेष सावधानी अपनाउनु जरुरी हुन्छ :

## १. शिक्षणपूर्वको तयारी

(क) पाठ्यक्रम अध्ययन गर्ने

(ख) पाठ्यपुस्तक अध्ययन गर्ने

(ग) प्रारूप, निर्देशिका, मार्गदर्शनलगायतका सामग्री अध्ययन गर्ने

(घ) शिक्षक, प्रशिक्षकसँग छलफल गर्ने

(ङ) योजना र सामग्री तयारी गर्ने

(च) स्थानीय तहको प्रोफाइल तयारी (जाति, भाषा, धर्म, पेसा, संस्कृति, जनसङ्ख्या, भूगोल)

## २. सिकाइ चरणको सहजीकरण

(क) विषयवस्तु शिक्षण (पूर्वचरण, कार्यचरण र पश्चचरण)

(अ) सुरुवाती कार्यकला (Anticipation)

- सबैभन्दा पहिले मस्तिष्क मन्थन, पूर्व क्षमता आकलन र स्वअनुभव प्रस्तुति गर्न लगाउने

(आ) ज्ञान निर्माण (Building of kowldege)

- पाठअनुसारको शिक्षण गर्ने (विषयवस्तु विस्तारका लागि निर्धारित विधि, कार्यकलाप र सामग्रीको प्रयोग)

(इ) सबलीकरण (Consolidation)

- पाठको सार, विद्यार्थीको विचार र विषयवस्तुको पुष्टि हुने गरी विद्यार्थीको सहभागितासहित निष्कर्षमा पुग्ने

## ३. सिकाइपछिको आँकलन

यो चरण समग्र सिकाइ कार्यकलापको महत्वपूर्ण पक्ष हो । यसमा विद्यार्थीको अपेक्षित सिकाइ उपलब्धि हासिल भए नभएको यकिन गर्नुपर्छ । विषय विस्तृतीकरणमा उल्लेख भएको मूल्याङ्कन कार्यकलापन गर्दा देहायका कुरामा विशेष सचेतता अपनाउनुपर्छ :

(क) मौखिक जाँच (अन्तर्वार्ता, छलफल, प्रश्नोत्तर, संवाद, अवलोकन, प्रस्तुतीकरणलगायत)

(ख) प्रयोगात्मक कार्य (ज्ञानमा आधारित, सिपमा आधारित, अभिवृत्तिमा आधारित र मूल्यमा आधारितलगायत)

(ग) परियोजना कार्य (खोजमा आधारित छोटो परियोजना र लामो परियोजना)

(घ) समस्या समाधान

(ङ) परिकल्पनात्मक कार्य (निर्धारित कार्यमा कुनै समस्या भएमा त्यसको सट्टा के गर्ने भन्ने विकल्पको खोजी गर्न सिकाउने)

(च) सिर्जनात्मक कार्य (सामुदायिक प्रदर्शन) (बोलेर, गरेर, भनेर, सिकाएर, देखाएरलगायतका माध्यमबबाट समाजमा सकारात्मक सन्देश दिने वा सूचना दिने कार्य)

(छ) रूपान्तरित कार्य (एक कुरा सिकेपछि त्यस्तै परिवेशमा अर्को कुरा गर्न सक्ने तुल्याउने सिप)

(ज) सामाजिक कार्य (समाजमा हुने विभिन्न धार्मिक, सांस्कृतिकलगायतका कार्यमा सहभागिता हुने)

(झ) सहपाठी सिकाइ (शिक्षक र विद्यार्थी वा विद्यार्थी विद्यार्थीबिचको कार्य)

(ञ) नेतृत्व विकास

(ट) अभिलेखीकरण (सिकाइ उपलब्धिका लागि भएका सवै कार्यको अभिलेखीकरण गरी राख्ने

# सिकाइ सहजीकरणका विधिहरू

यस स्थानीय पाठ्यक्रम 'हाम्रो गौरव, हाम्रो भरतपुर' का क्षेत्रलाई विभिन्न दश ओटा विषय क्षेत्रमा प्रस्तुत गरिएको छ । यसमा समावेश भएका विषय सामग्रीहरूलाई विषयको प्रकृतिका आधारमा प्रयुक्त सबै सामग्रीलाई प्राथमिकतापूर्वक उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ । भाषाका विषयमा जस्तै यस पाठ्यक्रमले परिकल्पना गरेको विषयमा पनि ज्ञान, सिप र धारणा तिनै पक्षलाई समेट्नु पर्दछ । विषयवस्तुको व्यवहारिक ज्ञान दिन विषय शीषर्कअनुसार अध्ययन, अवलोकन, भ्रमण र निरीक्षणका काममा लगाउनु पर्छ । यस स्थानीय पाठ्यक्रमको अपेक्षा आफ्नो स्थान विशेषलाई समान महत्तव दिएर सिकाउनु रहेको छ । अत : विद्यार्थीमा रहेको रचनात्मक तथा सिर्जनात्मक क्षमता प्रस्फुटन हुने गरी व्यवहारिक ढङ्गले निर्धारित ढाँचाको कार्ययोजना बनाएर सिकाउनु पर्ने हुन्छ । यसका लागि विभिन्न विधि अवलम्बन गरेर सिकाउनु आवश्यक हुन्छ । यस सम्बन्धी केही नमुना विधिहरू यसप्रकार छन्:

१) **प्रश्नोत्तर विधि :-** विषयवस्तुको परिधिमा रहेर शिक्षक विद्यार्थी तथा विद्यार्थी विद्यार्थीबीच प्रश्नोत्तर विधिको उपयोग गरेर सिकाउने/सिकाइन्छ ।

२) **प्रदर्शन विधि :-** विषयवस्तुको केन्द्रमा रहेर विद्यार्थीलाई ज्ञान, सिप र धारणा बसाउन सहयोग गर्ने वा पुग्ने गरी प्रदर्शन विधिको प्रयोगबाट सिकाइ गतिविधि अगाडि बढाउने/बढाइन्छ ।

३) **समस्या समाधान विधि :-** विषयवस्तुको केन्द्रमा रहेर समस्या दिने र उक्त समस्याको समाधान गर्न सिकाउने गतिविधि यसमा अवलम्बन गरिन्छ ।

४) **अवलोकन विधि :-** विषयवस्तुको प्रकृतिका आधारमा अवलोकन गर्न सकिने र मिल्ने भए अवलोकनका माध्यमबाट सिकाउने गरिन्छ ।

५) **छलफल विधि :-** समूहमा वा व्यक्तिका बीच परस्पर छलफल गर्न लगाइ सिकाइ क्रियाकलाप सम्पन्न गर्न प्रेरित गर्ने विधि नै छलफल विधि भएकोले वास्तविक तथ्य सङ्कलन गर्न छलफल विधिको उपयोग गरेर सिकाइन्छ ।

६) **अभिनय विधि :-** चरित्र चित्रण तथा व्यक्तित्वसँग सम्बन्धित सामग्री भए अभिनय विधिबाट सिकाइन्छ ।

७) **खोज विधि :-** सिकाइ क्रियाकलापलाई प्रभावकारी र दिगो बनाउन उपयोग हुने अर्को प्रमुख विधिको रूपमा खोज विधिलाई लिइन्छ । खोज विधिमा सामग्रीको खोजलाई उच्च प्राथमिकता दिइन्छ ।

८) **परियोजना कार्य विधि :-** परियोजना कार्य विधिको प्रयोगले कुनै पनि कार्य समूहमा वा एकल कुनै तरिकाबाट कसरी सहजै सम्पन्न गर्न सकिन्छ भन्ने कुरालाई उच्च प्राथमिकता दिएर गरिन्छ र विद्यार्थीहरूलाई गर्न लगाइन्छ । काम, समय र व्यक्तिको सङ्ख्यालाई परियोजनामा विशेष महत्त्व दिइन्छ । विषयवस्तुको प्रकृति विद्यार्थीको उमेर समूह, सिकाइ स्तर, स्थानीय परिवेशजस्ता पक्षमा यस विधिमा विशेष ख्याल गरिन्छ ।

९) **वाचन/कथाकथन विधि :-** कुनै पनि विषयवस्तुलाई कथात्मक शैलीमा प्रस्तुत गर्न सिकाउने कला वा विधि नै कथाकथन विधि हो । यसलाई वाचन विधि पनि भनिन्छ । घटनाहरूको तारतम्यता वा कलात्मक प्रस्तुति गराउन वा गर्न लगाउन यो विधि अनिवार्य मानिन्छ ।

१०) **घटना अध्ययन विधि :-** घटना अध्ययनमा समाजका सामाजिक विषयसँग सम्बद्ध घटनाहरू पर्दछन् । यसमा विविध विषयवस्तुहरू पर्न सक्छन्। होची अर्घेली वा घटना दुर्घटनाका विषय पनि हुन सक्छन्। जुनसुकै प्रकृतिका विषय भए पनि तिनको अध्ययन गरी चित्त बुझ्दो निष्कर्षमा पुग्ने गरी घटनाहरूको अध्ययन र निचोड गर्न प्रेरित गर्ने र सोही आधारमा घटनाको व्यवस्थापन गर्न सिकाउनु नै घटना अध्ययन विधि हो ।

११) **क्षेत्र भ्रमण :-** क्षेत्र भ्रमण (Field Trip) अन्तर्गत विद्यार्थीहरूले आफ्नो पाठ्यवस्तुसँग सम्बन्धित रहेर कुनै निश्चित क्षेत्रको भ्रमण गरी प्रत्यक्ष रूपमा विषयको अनुसन्धनात्मक अध्ययन गर्दछन् । क्षेत्र भ्रमणले शिक्षक तथा विद्यार्थी दुवैलाई नियमित रूपमा कक्षाकोठामा हुने पठनपाठनबाट बाहिर जाने मौका प्रदान गर्ने हुँदा छुट्टै अनुभव र आनन्द दिन्छ । यसका निम्नानुसारका ३ मुख्य चरणहरू हुन्छन्:

**पहिलो चरण :** यस चरणमा भ्रमणको तयारी हुन्छ जसअन्तर्गत शिक्षकले विद्यार्थीहरूलाई विषयवस्तु तथा

गन्तव्यको परिचय गराई आवश्यक तयारी गर्छन्/गर्न लगाउँछन्।

**दोस्रो चरण :** यस चरणमा शिक्षकको नेतृत्वमा विद्यार्थीहरू निर्दिष्ट गन्तव्य (क्षेत्र) मा पुग्दछन्र अवलोकन तथा अन्तक्रिया गर्दछन् ।

**तेस्रो चरण :** भ्रमण सकिएपछि आउने यस चरणमा सहभागीले भ्रमणबाट प्राप्त तथ्यतथ्याङ्कका विषयमा छलफल गरी निश्कर्ष निकाल्छन् । यसका अतिरिक्त शिक्षकले विद्यार्थीहरूलाई विभिन्न प्रश्न सोधी उत्तर खोज्ने र छलफल गर्ने पनि गर्दछन् ।

अध्ययन विश्लेषणका क्रममा माथि उल्लेख गरिएका विधिहरूभन्दा बाहेक अन्य विधिहरूको पनि चर्चा गरिएको पाइन्छ । यस्ता विधिहरूले पनि सिकाइको गतिमा विस्तार र विकास गर्न योगदान गर्दछन् । केही फरक चिन्तनपरक विधिहरू पनि वर्तमान अवस्थामा व्यवहार र प्रयोगमा आएका छन् । केही त्यस्ता विधिहरू निम्न छन्:

## समालोचनात्मक चिन्तनपरक विधिहरू

गुण-दोषका आधारमा तथ्यहरू केलाउँदै सिकाउन प्रेरित गर्ने विधिलाई नवीनतम् विधिका रूपमा समालोचनात्मक विधि भनिन्छ । यो विधि सिकाइमा पछिल्लो समय प्रयोगमा आएको नौलो विधि हो । यसभित्र पनि विभिन्न विधिहरू पर्दछन्।

**क)** **मस्तिष्क मन्थन (Brain Storming)** विद्यार्थीलाई सबै किसिमले सबै कुरा सोच्न प्रेरित गर्ने विधि मस्तिष्क मन्थन विधि हो । यो कुनै पनि आग्रह पूर्वाग्रह नराखी कार्यसम्पादन गर्ने विधि हो । यसका चरणहरू निम्न छन्:

**प्रथम चरण :** सम्पूर्ण कक्षालाई मस्तिष्क मन्थनका विषयमा जानकारी गराउने ।

**दोस्रो चरण :** समस्या वा पाठ बुझिने गरी बताउने ।

**तेस्रो चरण :** निश्चित समय तोकेर विद्यार्थीलाई समस्या समाधान गर्न लगाउने ।

**चौथो चरण :** समस्या समाधानका उपाय बताउन विद्यार्थीलाई प्रेरित गर्ने, विचारलाई सम्मान गर्न भन्ने, थप कुरा राख्न भन्ने ।

**पाँचौ चरण :** उनीहरूले भनेका कुरा टिप्ने ।

**छैटौं चरण :** अन्तमा विद्यार्थीलाई एक्लाएक्लै वा समूहमा विचार मन्थन गर्न लगाउने

**ख)** **सङ्गठित सिंहावलोकन (Structure Overview)** छोटो समयमा सिकारुमा उत्सुकता जगाउन गरिने वा दिइने व्याख्यान नै सङ्गठित सिंहावलोकन हो । यसका चरणहरू निम्नलिखित छन्:

**पहिलो चरण :** पाठका विषयमा चाख लाग्दा र सिकारुपरक विषयवस्तु बुझेर उनीहरूलाई भन्न लगाउने । पाठको अवधारणा र खास शब्दका विषयमा विवरण तयार गर्ने ।

**दोस्रो चरण :** सिकारुको ध्यान तान्ने खालका नक्सा, चित्र, तालिका आदि कक्षामा लिएर जाने ।

**तेस्रो चरण :** छोटो समय (पाँच मिनेट) मा प्रस्तुत गर्न सकिने मुख्य बुँदा भएको प्रस्तुति तयार गर्ने । चौथो चरण विद्यार्थीलाई व्यस्त र अन्तरक्रियात्मक बनाउनुका साथै प्रश्नोत्तर गर्ने र टिप्पणी गर्दै हौसला दिने ।

**पाँचौ चरण :** केही सान्दर्भिक विषय पछि बताउँला भन्दै प्रस्तुति अन्त्य गर्ने जसले उनीहरूमा उत्सुकता जगाओस्।

## जिग्सा (Jigsaw)

जिग्सा विधिलाई सहयोगात्मक विधि पनि भनिन्छ । एक आपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नवीन चिन्तनका रूपमा स्वीकार गरिएको छ । यसमा विज्ञ समूह र मातृसमूह रहन्छ । विज्ञ समूह मातृ समूह र मातृ समूह विज्ञ समूह भएर आफ्ना सिकाइ अनुभव आदानप्रदान गर्ने हुँदा यो विधि सिकाइका दृष्टिले उत्तम मानिन्छ । यस विधिका प्रक्रियागत चरण यसप्रकार छन्:

**पहिलो चरण -** विज्ञ समूहका लागि शिक्षकले प्रश्न निर्माण गरिन्छ । यो तयारी गर्दा हरेक समूहका लागि प्रश्न सेट तयार गरिन्छ र प्रश्न बनाउँदा तोकिएको पाठ्यांशबाट बनाइन्छ ।

**दोस्रो चरण -** शिक्षकले ४/५ जनाको समूह बनाई विद्यार्थीलाई मातृ समूहमा बस्न लगाउने । - एक आपसमा घुलमिल हुने र सौहार्द्रपूर्ण व्यवहार प्रदर्शन गर्ने परिवेश तयार गर्ने ।

**तेस्रो चरण-** शिक्षकले मातृ समूहका विद्यार्थीलाई विज्ञ समूहमा मिलेर काम गर्न लगाउने । मातृसमूहका कम्तिमा एक एक जनालाई विज्ञ समूहमा नेताको छनोट गर्ने ।

**चौथो चरण-** शिक्षकले प्रत्येक समूहलाई आफ्नो समूहमा परेको प्रश्नको उत्तर खोज्न लगाउने । विज्ञ समूहमा रहेर प्राप्त गरेको सूचना मातृ समूहमा गएर कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्ने । समस्या भए शिक्षकले सहयोग गर्ने ।

**पाँचौँ चरण-** विज्ञ समूहमा रहेर आर्जन गरेको ज्ञान मातृ समूहमा फर्केर प्रयोग गर्ने । निश्चित समयभित्र छलफल गरी टुङ्गोमा पुग्ने र आफ्नो विज्ञता प्रस्तुत गर्ने मौका दिइने । यसमा छलफल र प्रश्नोत्तरले विशेष प्राथमिकता पाउने ।

## सोच जोडीमा छलफल आदान प्रदान (Think, Pair, Share / TPS)

समान सोच भएका जोडीहरू बनाउन र तिनका माध्यमबाट सिकाइमा लगाव बढाइ पाठप्रति उत्सुकता जगाउन यो विधि उपयोगी मानिन्छ । सिर्जनशील छलफल गर्न र चिन्तन विकास गर्न यो विधि अवलम्बन गरिन्छ । यसका चरणहरू निम्नलिखित छन्ः

**पहिलो चरण-** शिक्षकले दिएका प्रश्नका विषयमा तोकिएको समयभित्र सोच विचार गर्ने ।

**दोस्रो चरण-** आफ्नो जोडीसँग छलफल गरेर साझा विचार बनाउने ।

**तेस्रो चरण-** सबै जोडीले आफ्ना विचार सबैसँग प्रस्तुत गर्ने । प्रस्तुत भएका विचार टिपोट गर्ने

## सङ्क्षिप्त/द्रुत लेखन (Quick Write)

छलफल गरिएका र गरिने क्रममा आएका स्वतस्फूर्त रचनात्मक र सिर्जनात्मक असल विचारलाई तत्कालै टिपोट गर्न र त्यसलाई लिपिबद्ध गर्न यो विधि उपयोगी मानिन्छ । अनौपचारिक पक्ष भित्रका महत्तवपूर्ण कुरालाई समेट्न यो विधि सर्वोपयोगी मानिन्छ । ५-१० मिनेटभित्र सम्पन्न गरिसक्नुपर्ने क्रियाकलापका लागि यस विधिलाई उपयोग गरिन्छ । यसका चरणहरू निम्नलिखित छन्ः

**पहिलो चरण-** आफूले दिन लागेको विषयमा विद्यार्थीहरूलाई छोटो विचार लेख भनेर बताउने र निर्दिष्ट समय सीमाभित्र निरन्तर लेख्न भन्ने ।

**दोस्रो चरण-** विद्यार्थीलाई लेख्नका लागि निर्दिष्ट विषय दिने ।

**तेस्रो चरण-** समय यकिन गरिदिने । यसले लेखनमा द्रुतता दिलाउन सहयोग गर्ने र समयमा काम फत्ते हुने हुन्छ ।

**चौथो चरण-** विद्यार्थीले तयार गरेको लेख प्रस्तुत गर्न लगाउने । यसरी प्रस्तुत भएका लेखमा आवश्यकता अनुसार परिमार्जन गरेर प्रकाशन योग्य बनाउन सकिने ।

## मान्यता (Value line)

मान्यतालाई सहयोगात्मक सिकाइ क्रियाकलापका रूपमा अर्थ्याइन्छ । अरुका फरक वा भिन्न विचार आउन सक्ने विषयमा विद्यार्थीलाई आफना विचार राख्न लगाउन उपयोग गरिन्छ । विचार वा भनाइमा हुने सहमति वा असहमतिका बीचको विभेद कारणसहित प्रस्तुत गर्नु वा अरुका तथ्यपरक विचारको सम्मान गर्नु यसको प्रमुख पक्ष हो । यस किसिमको रचनात्मक र सिर्जनात्मक गुण विद्यार्थीमा हुनुपर्दछ । यस किसिमको अभ्यासले कुनै विषयमा

ध्यान दिने, त्यसमा आफ्नो राय दिने, अरुका धारणा सुन्ने, तथ्य र तर्क पर्गेल्ने कारणसहित स्वीकार वा अस्वीकार गर्ने जस्ता पक्ष यसमा प्रमुख रहन्छन् । यसका चरणहरू निम्नलिखति छन्:

**पहिलो चरण-** शिक्षकले कक्षालाई विपक्ष वा पक्षमा खडा हुने खालका प्रश्न सोध्ने । उत्तरका रूपमा प्राप्त तथ्य समर्थन वा विरोधका रूपमा प्रस्तुत हुने/हुनुपर्ने

**दोस्रो चरण-** हरेक विद्यार्थीले आफ्नो तथ्य र तर्क स्वतन्त्र भएर टिपोट गर्ने वा लेख्ने ।

**तेस्रो चरण-** शिक्षक र विद्यार्थी विपरित दिशामा रहने र छलफल गर्न लागिएको विषय पनि विल्कुल उल्टो धारणा आउने प्रकृतिको रहेको/रहने/हुनुपर्ने ।

**चौथो चरण-** विद्यार्थीलाई आफ्नो राय वा मत मिल्ने समूहतिर लाग्न निर्देश गर्ने । यसले स्पष्ट रूपमा समूह बनाउने ।

**पाँचौ चरण-** आफ्नो समूहका विद्यार्थीलाई छलफल गर्न लगाउने । यदि मत फरक भए अर्को समूहमा पठाउने।

**छैटौं चरण-** दुवै समूहका विद्यार्थीले तर्क र तथ्यका आधारमा छलफल जारी राख्ने ।

**सातौं चरण-** प्रत्येक समूहका प्रतिनिधि एक/एक जनालाई आफ्ना विचार प्रस्तुत गर्न लगाउने । तथ्य र तर्कमा आधारित रहेर गरिएको विचारलाई मान्यता दिने ।

विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिएर सिकाइ अगाडि बढाउनुपर्छ । माथि उल्लेख गरिएका केही नयाँ विधिहरू हुन् वा पुराना विधि नै किन नहुन्, सबैमा विद्यार्थीको सक्रिय भूमिकाले महत्त्व पाउनुपर्छ । माथि उल्लेख गरिएका विधिहरू नमुनामात्र हुन्। यस्ता अन्य विधिहरू पनि उपयोगमा ल्याउन सकिन्छ ।

## मूल्याङ्कन प्रक्रिया र यसको रूपरेखा

पाठ्यक्रमले परिकल्पना गरेका सक्षमता एवम् सिकाइ उपलब्धि पूरा गराउन योजनाबद्ध किसिमले शिक्षण गर्नुपर्दछ । शिक्षण, सिकाइमा परिणत भए मात्र शिक्षण सिकाइ कार्यकलाप प्रभावकारी भएको मानिन्छ । सिकाउन खोजिएको कुनै कुरा विद्यार्थीले सिकेन भने शिक्षकले सिकाउन नसकेको ठहर्छ । प्रभावकारी शिक्षण सिकाइ भए नभएको थाहा पाउने माध्यम नै मूल्याङ्कन हो । त्यसैले शिक्षण सिकाइ कार्यकलापको अभिन्न अङ्गको रूपमा मूल्याङ्कन रहेको हुन्छ ।

कार्यक्रमको प्रभावकारिता हेर्न मूल्याङ्कन गर्ने प्रचलन छ । शिक्षण सिकाइ कार्यकलाप शैक्षिक कार्यक्रम हो । यसमा पाठ्यक्रमले तोकेका सिकाइ सक्षमता एवम् सिकाइ उपलब्धि पूरा गराउने उद्देश्यका साथ कार्यकलाप सञ्चालन गरिन्छ । उद्देश्यअनुरूप शिक्षण गतिविधि नभएमा विद्यार्थीमा राम्ररी सिकाइ हुँदैन । फलस्वरूप सिकारु, अभिभावक र राज्यकै लगानी खेर जान सक्छ । विद्यार्थीले सिक्न नसक्नुका विभन्न कारणहरू हुन सक्छन्। विद्यार्थीको उमेर र स्तरअनुसारको सिकाइ सक्षमता वा सिकाइ उपलब्धि नहुनु, विद्यार्थीको सिक्ने शैली र शिक्षकको सिकाउने शैलीका बीचमा तादात्म्य नहुनु, विद्यार्थीमा पूर्व ज्ञानको विकासबिनै सिकाउने प्रयत्न गर्नु तथा सिक्नका लागि विद्यार्थी तयार नहुँदै सिकाउनुलगायतका कारणहरूले सिकाइमा प्रभाव पारिरहेको हुन सक्छ । वर्षभरिको प्रयत्नको प्रभावकारिता लेखाजोखा गरी विद्यार्थीलाई कक्षा चढाउने वा नचढाउने, कुन श्रेणी वा ग्रेडको प्रमाणपत्र दिनेजस्ता पक्षहरूको निर्णय गर्न निर्णायात्मक मूल्याङ्कनको खाँचो पर्दछ भने शैक्षिक सत्रको सुरुदेखि शिक्षण गतिविधिसँगसँगै शिक्षण कार्यकलापमा रहेका सबल पक्षका साथै सिकाइमा रहेका समस्या पहिचान गरेर समयमै सुधार गरी समय, परिश्रम र धनको नोक्सानी हुन नदिन निर्माणात्मक मूल्याङ्कन गर्नुपर्दछ । निरन्तर विद्यार्थी मूल्याङ्कन निर्माणात्मक स्वरूपको मूल्याङ्कन हो ।

विद्यार्थीको सिकाइका लागि गरिने कक्षा कार्यकलापसँगसँगै गरिने लेखाजोखा नै निरन्तर मूल्याङ्कन हो । सिकाइका

लागि मूल्याङ्कनको मान्यतालाई कार्यान्वयनमा ल्याउन निरन्तर मूल्याङ्कन प्रणाली अपनाइन्छ । विद्यार्थीका विद्यमान सिकाइ उपलब्धिको स्तर पत्ता लगाई तत्काल उपचारात्मक उपायहरू अपनाउन निर्देश गर्ने भएकाले यसलाई उपचारात्मक शिक्षणको आधारका रूपमा पनि लिन सकिन्छ । यस अर्थमा विद्यार्थीको सिकाइ उपलब्धिस्तरमा निरन्तर सुधारको उद्देश्यले नियमित रूपमा गरिने निर्माणात्मक मूल्याङ्कनलाई नै निरन्तर मूल्याङ्कन भनिएको छ ।

निरन्तर मूल्याङ्कन प्रणाली वैध एवम् वास्तविक मूल्याङ्कन पनि हो । यसमा कक्षाकार्य, गृहकार्य, थिमान्त परीक्षा, परियोजना कार्य, विद्यार्थी व्यवहार आदि पक्षहरूको अवलोकनका आधारमा विद्यार्थीको सिकाइको वास्तविक अवस्था पहिचान गरिन्छ । त्यसपछि सुधारका लागि उपयुक्त उपायहरूका अवलम्बन गरिन्छ । निरन्तर मूल्याङ्कन बहुआयामिक रूपमा गरिने मूल्याङ्कन हो । विद्यार्थीको व्यवहार परिवर्तनको अवलोकन, सिकाइ उपलब्धि परीक्षण, अभिभावकसँग सोधपुछ, सहपाठीबाट मूल्याङ्कन आदि तरिकाबाट गरिने भएकाले यसले सर्वाङ्गीण विकासको वास्तविक अवस्था पहिल्याई सुधारका उपयुक्त रणनीति अवलम्बन गर्न सघाउँछ ।

पाठ्यक्रममा आधारित भएर सिकाइगत उपलब्धि तथा विषयवस्तुका आधारमा मूल्याङ्कन गर्दा निम्न आधार अवलम्बन गरिनु पर्दछ :

१) सिकाइ उपलब्धि अनुरूप विद्यार्थीले विषयवस्तुको ज्ञान हासिल गर्न सके नसकेको निरन्तर मूल्याङ्कन गर्ने
२) एकाइगत रूपमा अपेक्षित मर्म पुरा गर्न सके नसकेको मूल्याङ्कन गर्ने
३) खण्डगत मूल्याङ्कन गर्दा जहाँ जुन प्रकृतिको कमी छ सो पत्ता लगाई सुधार गर्ने प्रकृतिको मूल्याङ्कन गर्ने
४) शिक्षक, अभिभावक विद्यार्थी र विद्यालयबीच समन्वय गरी विद्यार्थीले सिकेका ज्ञान, सिप र व्यावहारका कुरा अन्तर्क्रिया र छलफल गरी अझ मजबुत बनाएर त्यसमा सुधार ल्याउने मूल्याङ्कन गर्ने
५) सैद्धान्तिक तथा प्रयोगात्मक पाठ्यभार यकिन भएका विषयहरूमा विषयको प्रकृतिका आधारमा दुवै खालका विषय समेटिने गरी वस्तुनिष्ठ मूल्याङ्कन गर्ने
६) मूल्याङ्कन गर्दा विषयगत र सिपगत दुवै पक्षको वास्तविक मूल्याङ्कन हुने रणनीतिक योजना बनाई त्यसकै आधारमा मूल्याङ्कन गर्ने
७) निर्माणात्मक र निर्णयात्मक दुवै प्रकृतिको मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्ने

तहगत मूल्याङ्कन ढाँचा स्थानीय पाठ्यक्रमअनुसार यसको मूल्याङ्कन गर्दा सैद्धान्तिक र प्रयोगात्मक दुवैलाई समान अङ्कभार छुट्याइएको छ । निर्माणात्मक मूल्याङ्कन गर्दा कक्षा कार्य, गृहकार्य, एकाइ कार्य, मासिक कार्य, त्रैमासिक कार्य तथा अर्ध वार्षिक कार्यलाई जोड दिएर कार्य गरिनेछ । अवलोकन, निरीक्षण, अनुगमनजस्ता कार्य पनि मूल्याङ्कनका आधार हुने छन्। कक्षा १–३ मा सबै निरन्तर मूल्याङ्कनबाट मूल्याङ्कन गरिनेछ । कक्षा ४–५ मा ५०/५० प्रतिशतको निरन्तर मूल्याङ्कन र निर्णयात्मक हुनेछ भने कक्षा ६–८ मा ४० प्रतिशत निरन्तर मूल्याङ्कन र ६० प्रतिशत निर्णयात्मक मूल्याङ्कन हुनेछ । कक्षा ४–८ मा निर्णयात्मक मूल्याङ्कनको ५० प्रतिशत भाग प्रयोगात्मक खण्डले ओगट्ने छ ।

## विद्यार्थी मूल्याङ्कन प्रक्रिया

**कक्षा १, २ र ३ को लागि**

१०० पूर्णाङ्कको निरन्तर मूल्याङ्कन गर्नुपर्नेछ । यी कक्षाहरुमा छुट्टै त्रैमासिक परीक्षाहरु लिनु आवश्यक छैन ।

**कक्षा ४, ५, ६, ७ र ८ को लागि**

कक्षा ४ देखि ८ सम्मको लागि निर्माणात्मक मूल्याङ्कन वा आन्तरिक मूल्याङ्कन ५०% र आवधिक मूल्याङ्कन ५० % को हुनेछ ।

**निर्माणात्मक मूल्याङ्कनः-** निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अब्गका रूपमा कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रकिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनका क्रममा प्रामाणिक मूल्याङ्कन र विषयगत रेकर्डलाई उपयोग गर्नुपर्ने छ ।

**आन्तरिक मूल्याङ्कन ढाँचा**

| क्र.सं. | मूल्याङ्कनका पक्षहरु | भार |
|---|---|---|
| १. | सहभागिताः कक्षामा उपस्थिति र सिकाई सहभागिता | ४ |
| २. | मुख्य सिकाई उपलब्धीः विद्यार्थीको सिकाई स्तर | २० |
| ३. | प्रयोगात्मक तथा परियोजना कार्य | १६ |
| ४. | त्रैमासिक परीक्षाहरु | १० |
| | **जम्मा** | **५०** |

**आवधिक परीक्षाः-** निर्णयात्मक मूल्याङ्कनमा आवधिक परीक्षाको भार ५०% हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाई भएका सबै पाठहरुबाट समेटिएको हुनुपर्नेछ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरुप विद्यार्थीले ज्ञान, सीप, अभिवृत्ति प्राप्त गरे/नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा सिकाई स्तरको प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र शैक्षिक प्रशासन महाशाखा, भरतपुर महानगरपालिकाले तयार गरेको विशिष्टीकरण तालिका र नमूना प्रश्नपत्रलाई आधार मानी निर्माण गरिनुपर्छ ।

**पहिलो संस्करणको पाठ्यक्रम निर्माण कार्यदलः**

श्री लेखनाथ खनाल (संयोजक)
श्री त्रिलोचन सापकोटा (सदस्य)
श्री श्रीकान्त बराल (सदस्य)
श्री दुर्गाप्रसाद सापकोटा (सदस्य)
श्री खगराज कंडेल (सदस्य)
श्री रामेश्वर न्यौपाने (सदस्य)
श्री श्रीलाल अधिकारी (सदस्य)
श्री रुद्र शर्मा (सदस्य सचिव)

**पहिलो संस्करणको लेखन सहयोगीहरुः**

क. श्री खिमानन्द सापकोटा
ख. श्री ठाकुर लामिछाने
ग. श्री विनिता श्रेष्ठ
घ. श्री पुष्पराज प्रसाईं
ङ. श्री मोहन लामा